# लाटोकोसेरो की बाठोकोसेरो ?



राजु आचार्य / यादव घिमिरे



# लाटोकोसेरो की बाठोकोसेरो ?

**लाटोकोसेरो की बाठोकोसेरो ?**

**शोध, संकलन र लेखन: राजु आचार्य / यादव घिमिरे**

**सम्पादन: भीमप्रसाद घिमिरे**

**डिजाइन: विशाल गौतम**

**चित्रहरू (Illustrations):** Roshan Bhandari (53-55, 64-70), Karun Dewan (15), Hishila Maharjan (25 left), Alan Harris (3, 6,82 below, 83-85, 86 above)

**नक्सा (Map):** Manish Kokh (39)

**तस्वीरहरू (Photographs):** Bishal Gautam (cover page, 7,11 above, 36 above, 37 below right, 38 above left, 45, 61 below right), Sagar Thapa (back cover page), Alan Van Norman (86 below, 13 right, 23), Jeevan Rai (71), FON Nepal (24, 32, 36 below, 37, 38,61), Raju Acharya ( 9 right, 14, 25 right, 26, 27 above, 40 right, 47, 48, 49 above 52 above left, 52 middle,78, 82 above right, 89), Neil Bowman (9 left, 17, 91), Yadav Ghimirey (27 below, 40 left), Pixabay (15 above, 88), Karla Bloem (16 above), Roar Solheim (8, 16 below, 61 below left), Binod Ghimire (27 middle, 34 below), Sagar Dahal (28 below), Roshan Shrestha (28 above), Sagar Giri (31), Bikahs Tripathi (34 above), Suraj Baral (34 middle), Chiran Khanal (35, 52 below), Hein Bloem (41 right), Manoj Paudel (44), Rishi Baral (46 above, 90 below right), Rishikesh Dhakal (46 below), Krishna Gurung (49 below), Manoj Gautam (57, 74, 75), Krishna Mani Baral (72), Sandesh Lamichhane (52 above right), Leonardo Mantovani (59, 82 above middle), Narayan Prasad Koju (82 above left), Bhim Ghimire (73), Tonelli Palo (62 ), Suman Ghimire (20),Prasant Pansari (13 left, 19), Mansanta Ghimire (11 below, 90 below left), Pam Dimeler (41 left), Raj Prasai (90 above)

**अर्थिक सहयोग:** प्रकृतिका साथीहरू, काठमाडौं नेपाल तथा रूफर्ड स्मल ग्राण्ट, बेलायत

**पुस्तकको मूल्य:** रू. ३५०
(यो पुस्तक बिक्रीबाट प्राप्त रकम नेपाल लाटोकोसेरो तथा हुचील उत्सवका लागि प्रयोग गरिने छ ।)

**सर्वाधिकार सुरक्षित:** प्रकाशकको अनुमति बिना लाटोकोसेरो तथा हुचील संरक्षणका लागि प्रकाशित गरिएको यो पुस्तकको पुनः प्रकाशन, अंशको प्रकाशन तथा तस्वीरहरूको प्रयोग गर्न पाइने छैन । सर्वाधिकार लेखकहरूमा सुरक्षित ।

ISBN: 9789937029285

**साभारका लागि:**
आचार्य, राजु तथा घिमिरे, यादव (२०७३) लाटोकोसेरो की बाठोकोसेरो ?
प्रकृतिका साथीहरू, काठमाडौं नेपाल तथा रूफर्ड स्मल ग्राण्ट, बेलायत ।



कम देखिने, कम सुनिने लाटोकोसेरो चरा पछिल्लो समय धेरैको चासोको विषय बनेको छ । यसको आवाज सुनेर कतिपय तर्सन्छन् र, यसलाई भुतप्रेतसँग जोडेर समेत हेरिन्छ । यसलाई कतै छानामा बस्न दिइँदैन, कतै भने पूजा पनि गर्ने चलन छ । संसारका विभिन्न भूभागमा प्रचलित किंवदन्ती र कथाहरूमा लाटोकोसेरोको राम्रो-नराम्रो चित्रण गरिएका छन् । यसले मान्छेका लागि बिगार गर्दैन, बरू मुसा र सर्प खाएर सघाउँछ । तर, नबुझ्नेकाहरूले यो पंछीलाई दुःख दिइरहेका घटनाहरू देख्न-सुन्न पाइन्छ । विभिन्न प्रयोजनमा उपयोगी मानेर पछिल्लो समयमा लाटोकोसेरोको व्यापार गर्नेको संख्या समेत बढ्दो छ । संसारभर हालसम्म करिब २२५ प्रजातिका लाटोकोसेरो तथा हुचील पाइएको रेकर्ड छ । यिनमा नेपालमा २३ प्रजाति अभिलेख गरिएका छन् जसमध्ये एक प्रजाति लोप भइसकेको अनुमान गरिएको छ भने अर्को एक प्रजातिको अभिलेख नेपालमा कहिलेकाहींमात्र गरिएको छ । प्रकृतिको पर्यावरणीय चक्रमा जन्मदेखि मृत्युसम्म सबै प्राणीका आआफ्नै प्रकारका आनीबानी छन् । हामीले जानकारी पाएको खण्डमा संरक्षण चेतना बृद्धि हुँदै जान्छ । अन्यथा अनभिज्ञ रहँदै यसलाई हाम्रा कारणले पुग्ने हानिमा जोगाउन गम्भिरता आउँदैन । नजान्दा-नबुझ्दाको अवस्थाभन्दा जानकारी मिलेको अवस्था संरक्षणका लागि हितकर रहन्छ भन्ने जमर्कोका कारण यो पुस्तक लेखिएको हो । समुद्र सतहका तल्ला तटीय क्षेत्रदेखि हिमाली भूभागसम्म विभिन्न प्रजातिमा पाइने लाटोकोसेरोका विभिन्न प्रकारका आनीबानी आफैँमा नौला छन् । शोधकर्ता, विज्ञ, नीतिनिर्माता र सर्वसाधारणबीच यही चराको विषयलाई लिएर संवादको चलन हामीकहाँ सुरू भइसकेको छैन । यसका बारेमा थाहा पाएपछि किन जोगाउने भन्ने प्रश्नको उत्तर सजिलै पाइन्छ । यो चराको धार्मिक, सांस्कृतिक तथा वातावरणीय महत्व सबैमा जानकारी गराउने उदेश्यले यो पुस्तक तयार पारिएको हो । पुस्तकमा यो चराका सबै पक्षका बारेमा नेपालमा पाइएका जानकारी एकीकृत गर्न प्रयास गरिएको छ ।

# पुस्तकबारे

**डा. हेमसागर बराल (वरिष्ठ चराविद्)**

सन् १९९० को दसकमा चराका कुरा त्यसमा पनि अलि नसुनेका र साना चरा प्रजातिहरूको कुरा गर्दा धेरैजसो संरक्षणकर्मीहरूलाई नै अपाच्य हुन्थ्यो । ठूला केही प्रजाति त्यसमा पनि ऐनद्वारा संरक्षित भए अलि चासोको विषय तर, बाँकी भने विषय बाहिरको मानिन्थ्यो । अहिले समयले कोल्टे फेरेको छ । चराको महत्व धेरै संरक्षणकर्मीले बुझेको जस्तो भान हुन्छ । सचेत वर्ग आफ्ना अन्य प्राथमिकताका बावजूद यिनको महत्व बुझ्ने प्रयासमा छन् र आफूले बुझेका कुरा अरूलाई बुझाउन आफ्नो ठाउँबाट मद्दत पनि गरिरहेका छन् ।

हुचील र यिनका निशाचर साना तथा ठूला जिउका मित्रहरूलाई हाम्रो आधुनिक समाजले हेला गरेको छ । सत्ययुगदेखि हुचील धनकी देवी लक्ष्मीसँग जोडिएपनि पछिल्ला वर्षहरूमा आएर कलियुगका बाठा भनाउँदा अबुझहरूले यिनलाई लाटो र अशुभको नमिल्दो संज्ञा दिए । राजु आचार्य, यादव घिमिरे र यिनबाटै स्थापना गरिएको 'प्रकृतिका साथीहरू' नामको संस्था यी प्रजातिहरूप्रति समाजमा रहेको गलत बुझाइलाई चिर्न अनवरत संघर्षशील छन् । यी अपहेलित प्रजातिको सम्मान पुनः फर्कोस् र सामाजिक प्रतिष्ठाको अलंकार बन्न पाउन भन्ने हेतुले न्वारानदेखि गर्नुपर्ने भएपनि गरौं भनेर लागेका छन् । र, मलाई लाग्छ यो प्रयास निकै हदसम्म सफल छ ।

यो पुस्तक सरसर्ती पढ्दा सरल, ज्ञानवर्धक र रोचक भएको पाएको छु । लेखकले निकै मिहिनेत गरेर किताबलाई सर्वसाधारणदेखि सिंहदरबारको राजकाजी वर्ग तथा अनुसन्धानमा संलग्न विद्यार्थी एवं शिक्षकवर्गलाई पनि उत्तिकै कामलाग्ने बनाउनु भएको छ । तस्वीर र चित्रहरूको यथेष्ट प्रयोगले यो अझ लाभदायी भएको छ । यो पुस्तक नेपालका पंछी संरक्षणका लागि एक महत्वपूर्ण सन्दर्भ सामाग्री हुनेछ र, हुचील तथा यिनको अन्य परिवार प्रजाति संरक्षणका लागि थप टेवा दिनेछ भन्ने विश्वास लिएको छु ।

**सुनील थापा (अध्यक्ष, प्रकृतिका साथीहरू)**

नेपालमा ठुला स्तनधारीमा जति चासो र संरक्षणका प्रयासहरू भएका छन्, त्यति नै साना प्रजातिहरूप्रति सबैको चासो कम भेटिएको छ । झन लाटोकोसेरो त हेपिएका र संरक्षणका हिसाबले पछि परेका भन्दा दुइ मत नहोला । संसारका धेरै क्षेत्रमा पाइने लाटोकोसेरो हामीसँग कुनै न कुनै हिसाबले जोडिएका छन् । प्रकृतिका साथीहरूले यिनको अध्ययन र संरक्षणमा पाइला चालेका १० वर्ष पुग्न लाग्यो । यो अवधिका जानकारी र अनुसन्धानका नतिजाहरूलाई समावेश गरिएको यो पुस्तक पढ्दा आनन्द लाग्ने मात्रै नभई पढिसकेपछि मान्छेको सोचमा नै परिवर्तन हुने विश्वास गरेको छु । पुस्तकले नेपालमा पाइने लाटोकोसेरो मात्र नभै विश्वभरका रमाइला प्रसंगहरू उल्लेख गरेर रोचक बनाएको छ । पर्याप्त आर्थिक स्रोत नभएपनि यति धेरै जानकारी समेट्न सक्नु नै लेखकहरूको सबैभन्दा सबल पक्ष मानेको छु । यस्ता प्रजातिको पछि लागेर जीवन बिताउने लेखकहरू धन्यवाद्का पात्र छन् । लाटोकोसेरो पर्यावरणका लागि अधिक महत्वको चरा हो भनेर यो पुस्तकले दरिलो तथ्यहरूसमेत प्रस्तुत गरेको छ । यसको संरक्षणमा समेत यो पुस्तकको महत्वपूर्ण भूमिका रहने छ ।

# हाम्रो भन्नु

गाँउघरमा हामी जब लाटोकोसेरोको कुरा गर्न जान्थ्यौं, मान्छे हाँस्थे । झन लाटोकोसेरो र हुचील उत्सवको प्रसंग निकाल्दा खिल्ली नै उडाउँथे । अर्को शब्दमा भन्ने हो भने नेपालका लाटोकोसेरोहरूले हामीलाई उल्लु बनाइरहे । तर, जहाँ गए पनि जोसँग पनि यसका विभिन्न आयामहरूका बारेमा कुरा गरिसकेपछि 'ए यस्तो पो रहेछ है' भन्थे । हामीलाई लाग्यो मान्छेले थाहा नपाएर नै खिल्ली उडाएका रहेछन् । थाहा पाएपछि चाख र संरक्षणमा चासो बढ्ने रहेछ । हुन पनि हो, पछिल्लो समयमा हामीसामु 'घाइते भेटियो के गरौं ? सानो बच्चा रहेछ,बचाउन के गर्न सकिन्छ ? फलानो ठाउँमा घरमा पालिएको छ, वनमा छाड्न सकिँदैन ? लाटोकोसेरो संरक्षण किन गर्नुपर्छ ? प्रहरी वा वनका मानिसले समाते भने के कति जरिवाना हुन्छ ? यसको धार्मिक महत्व के छ ? हैन यसले खान्छ के ?' भन्ने जिज्ञासाहरू आइरहे । यो निशाचरका बारे जिज्ञासाहरू मेट्न तथा दसकौंदेखिको अनुभव समेट्न पुस्तक नै उपयुक्त माध्यम देखियो, फलस्वरूप यो तयार भयो । यस पुस्तकमा माथि आएका जिज्ञासाहरूसँगै अन्य सम्बद्ध विषयहरू पनि समेटिएका छन् । पुस्तक विद्यार्थी, संरक्षणकर्मी, नीतिनिर्माता, अनुसन्धाता, सञ्चारकर्मी, अवलोकनकर्ता र चासो राख्ने जोकसैका लागि उपयोगी हुने विश्वास गरेका छौं । साथै यो पुस्तक नियमनकारी निकायहरूलाई समेत सहयोगी हुने विश्वास लिइएको छ । पहिलो संस्करण भएपनि कमि–कमजोरी र त्रुटीरहित बनाएर सरलरूपमा जानकारी पस्कने प्रयास गरिएको छ । तैपनि कुनै कमीकमजोरी रहन गए आगामी संस्करणहरूमा सुधार गर्दै जाने योजना भएकाले यो कृति पढ्ने सबैबाट आवश्यक सुझाव र सल्लाहको आशा गरेका छौं ।

'बर्ड वाचिङ' भनिने चरा हेरेर रमाउने संस्कार बिस्तारै नेपालमा पनि मन पराइन थालेको छ । संसारका विभिन्न देशमा साताको विदाका एक दिन क्यामेरा र बाइनाकुलर लिएर चरा हेर्न जाने र तिनका क्रियाकलाप हेरेर रमाउने चलन सुरू भएको छ । हामीकहाँ पनि सानो जमातबाट यस्तो प्रयास सुरू भएका छन् । पंछीहरूमा एउटा भन्दा अर्को प्रजातिका आनीबानी, रूपरंग फरक पाउन सकिन्छ । समुद्र सतहबाट उचाइका भौगोलिक विविधता र अवस्थितिअनुसार पंछी र वन्यजन्तु पाइन्छन् । फरक भौगोलिक अवस्थितिमा पुगेर हामीलाई त्यहाँ पाइने चराचुरूंगीबारे जानकारी लिनुपर्दा सन्दर्भ सामाग्री, तिनीहरूको पहिचान खुल्ने पुस्तक र शोधपत्र आवश्यक पर्छन । तर, हामीलाई विभिन्न प्रजातिका चराबारे जानकारी दिने सन्दर्भ सामाग्री नेपाली भाषामै खोज्नुपर्दा निकै थोरै छन् । नेपालका चराहरूबारे पुस्तक आउन थालेपनि कुनै खास प्रजातिमाथि मात्रै केन्द्र बनाएर लेखिएका कृति नगन्य छन्, अथवा छैनन् भन्दा पनि हुने अवस्था छ । चराका थुप्रै प्रजातिमध्ये पनि एउटा कुनै प्रजातिका बारेमा विस्तृत जानकारी संग्रह गर्ने जमर्को सजिलो काम होइन । हामीले यो कृतिमा साँझ, विहान र बेलुकी सक्रिय हुने निशाचर मध्येको लाटोकोसेरोलाई विषयवस्तु बनाएका छौं । एउटा कृति भएपनि यसले जनमानसमा लाटोकोसेरोबारे उठ्ने जिज्ञासाको प्रारम्भिक समाधान दिन्छ भन्ने अपेक्षा गरेका हौं ।



# धन्यवाद

लाटोकोसेरोको अध्ययन र संरक्षणमा प्रत्यक्षरूपमा संलग्न सोम जिसी, मनोज घिमिरे, बालमुकुन्द पोखरेल, सुरज बराल, विधान अधिकारी, ऋषि बराल, सोम शर्मा, विकल्प गौतम, सुरेश थापा, कविता कार्की, एन्ड्रोमेडा डी जियोइया, लियोनार्दो मान्टोभानी, राम लामा, सुमन आचार्य, विनोद घिमिरे, जीवन राई, मदन झवाली, रोशन भण्डारी, मनोज शाक्य पन्जु, शोभा मानन्धर, रविकान्त आचार्य, राजेश आचार्य, सविता गुरूङ, कौशल यादव, नरेश कुसी, डेविड जोनसन, कार्ला ब्लोएम, हाइन ब्लोएम, टोनी वारबर्टन, जेराल्डीन वेरहान, राजमान महर्जन, प्रा. करनबहादुर शाह, राज प्रसाइँ, सिताराम गोसाइँ, चिरञ्जीवी खनाल, विशाल गौतम, क्यारोल इनस्किप, टिम इनस्किप, डा. हेमसागर बराल, राजेन्द्र नरसिंह सुवाल र मधु नेपाललाई विशेष धन्यवाद । नेपाल लाटोकोसेरो तथा हुचील उत्सव आयोजना गर्न स्थानीय तहमा सहयोग गर्नुहुने तुलबहादुर गुरूङ, दीपक अधिकारी, प्रेमशंकर मर्दनिया थारू, जीतबहादुर घले, सुरजकुमार गुरूङ र अब्दुल रसिद खाँलाई पनि धन्यवाद । अन्तर्राष्ट्रिय लाटाकोसरो कोष बेलायत, अन्तर्राष्ट्रिय लाटोकोसेरो परियोजना अमेरिका, अन्तर्राष्ट्रिय लाटोकोसेरो केन्द्र अमेरिका, एकोर्डियोस फाउन्डेसन स्वीटजरल्याण्ड, वन विज्ञान अध्ययन संस्थान पोखराका विद्यार्थीहरू, पोखरास्थित संस्था अल्टर्नेटिभ्स, आइडिया वाईल्ड तथा होटल क्राउन हिमालयलाई पनि विशेष धन्यवाद । पुस्तक प्रकाशनको लागि आर्थिक रूपले सहयोग गर्ने रूफर्ड ग्राण्ट र प्रकृतिका साथीहरूलाई पनि धन्यवाद । सहयोगी हात र साथहरू सबैप्रति आभारी छौं ।

**शोध र संरक्षणको काममा हामी घर छाडेर महिनौ भौतारिदा पनि सहयोगी हाम्रा परिवारप्रति पुस्तक समर्पित छ ।**



## भित्र के के छन् ?


| | |
|---|---|
| परिचय | ८ |
| वर्गीकरण | ९ |
| शारीरिक बनोट | ९ |
| क्रमिक विकास | १० |
| उमेर | १० |
| वासस्थान | ११ |
| खाना | १२ |
| अनौठा बानीबेहोरा | १३ |
| संसारको आँखामा लाटोकोसेरो | १८ |
| नेपाली समाजमा लाटोकोसेरो | १९ |
| धार्मिक ग्रन्थहरूमा लाटोकोसेरो | २१ |
| लाटोकोसेरो संरक्षण किन ? | २३ |
| संरक्षणका चुनौतिहरू | २६ |
| नेपालमा भएका संरक्षणका प्रयासहरू | ३२ |
| नेपाल बाहिर भएका संरक्षणका प्रयासहरू | ४० |
| सञ्चारमा लाटोकोसेरो | ४२ |
| चोरी शिकारी र अवैध व्यापार | ४४ |
| अबका संरक्षणका बाटोहरू | ५८ |
| कथाहरू | ६३ |
| घाइतेको उद्धार कसरी गर्ने ? | ७२ |
| उद्धार गर्दाका अनुभव संरक्षणकर्मीको आँखाबाट | ७४ |
| नेपालमा लाटोकोसेरो सम्बन्धि कानूनी व्यवस्था | ७८ |
| लाटोकोसेरो सम्बन्धि रमाइला जानकारीहरू | ७९ |
| जानकारीका लागि उपयुक्त स्रोतहरू | ८१ |
| नेपालमा पाइने लाटोकोसेरोका चित्रहरू | ८२ |
| मेरो दैनिकी | ८७ |
| लाटोकोसेरोको निवेदन | ९२ |
| लेखक परिचय | ९३ |
| सन्दर्भ सामाग्री | ९४ |

# परिचय

**लाटोकोसेराहरूको आँखा हेर्दा जो कोही पनि डराउँछन् तर, यिनको उपयोगिताको बारेमा कमलाई मात्र थाहा भएको पाइएको छ ।**



चरा मन नपराउने मानिस शायदै भेटिएलान् । तर, चरा के हो ? भनेर कसैले सोध्यो भने हामीहरू अकमक्क पर्छौं । कहिलेकाहिं यस्तै हुन्छ, देखिरहेको कुराको पनि परिभाषा दिन गाह्रो पर्छ । चराहरू भन्नेबित्तिकै प्वाँख भएका, दुई खुट्टे उड्न सक्ने जीवलाई बुझिन्छ ।

संसारभर पाइने करिब १० हजार ५० प्रजातिका चराहरूमध्ये हालसम्म नेपालमा ८ सय ८६ प्रजातिका भेटिएको रेकर्ड छ । लाटोकोसेरो पनि चरा हो । अन्टार्कटिका महादेशबाहेक सबै क्षेत्रमा अभिलेख गरिएका करिब २२५ प्रजातिका लाटोकोसेरोहरूमध्ये नेपालमा हालसम्म २३ प्रजाति पाइएको रेकर्ड भएको छ । सन् २००८ मा हिमाल पारिका जिल्ला मनाङ र मुस्ताङमा गरिएको अध्ययनका क्रममा तीन प्रतिशत स्थानीयले त यसलाई चरा नै होइन भनेका थिए ।

लाटोकोसेरो तराइदेखि हिमालसम्म पाइन्छन् । वन, पहरा, घाँसे मैदान, कृषि क्षेत्र, बस्ती र सबै खालको बासस्थानमा भेटिने गर्दछन् । यिनीहरू शिकारी वर्गका मांसाहारी चरा हुन् । आँखा र कान असाध्यै शक्तिशाली हुन्छन् । साना प्रजातिहरूलाई लाटोकोसेरो भनिन्छ भने ठुला हुचील, भुन्द्रुङ र हाप्सिलो आदि नामले चिनिन्छन् । तर, हामीले एकरूपताका लागि धेरै ठाउँमा लाटोकोसेरो शब्दको प्रयोग गरेका छौं । यिनीहरूको आँखा मान्छेका जस्तै अगाडि फर्किएको हुन्छ । यिनीहरूको उपस्थितिले प्रकृतिको अवस्था, पर्यटन वृद्धि, अध्ययन र वातावरण सन्तुलन आदिमा अहम् भूमिका खेल्छन् ।

**नेपालमा विभिन्न भाषामा/ठाउँमा लाटोकोसेरोलाई के भनिन्छ ?**

**हिमाली भेग**: हुक्पा, हुक्प
**राई**: फुईफा, बुवाले (वान्तवा राई), कुरूरू, हुहुमा (बायुङ राई), पुपु (दुमी राइ)
**लिम्बु**: फाक्तिम्बा
**गुरूङ**: हुकु, फैकुल्दु, हुक्पा, पुलाखु लुबुरकाना, खुन्दुलु, पीकुक्, लुंहरू, लोबर काना, पहामा
**नेवारी**: भुलुखा, ख्यार ख्यार्चा, भुन्द्रु भख्वये
**मगर**: भुन्द्रग, खुन्यु, कुस्भा
**थारू**: उरूवा, उल्लु, कुइटा
**चौधरी**: गुजरिया
**चेपाङ**: लुकुवा
**संस्कृत**: उलुक, कौशिक, खरगला
**तामाङ**: छ्याक छ्याक, कुलुलु, मार कुभुलु
**अवधि**: कचकुचवा
**डोटी**: मुरेलो, लाटोकोसेडो, हुगु
**थकाली**: हुकु नेमे, उहु, हंगुलु
**लामा**: हुक्पा, उक्पा

धेरैले यसलाई अलौकिक शक्ति भएको प्राणी मान्छन् । तर, यो चरा नै हो । चराका अध्ययनकर्ताहरूका अनुसार लाटोकोसेरो Strigiformes वर्गमा पर्छ । यी वर्गमा पर्ने चराहरूको शरीरको तुलनामा टाउको ठूलो हुन्छ । प्रायगरि बेलुकी र बिहान सक्रिय हुने यिनीहरूलाई Tytonidae or Barn owls र Strigidae or Typical owls गरि दुई परिवारमा विभाजन गरिएको छ ।

विकसित मुलुकमा विज्ञसहित सर्वसाधारणले पनि यसका प्रजातिहरूको पहिचान गर्न सहजै सक्छन् । अमेरिकाको होस्टनमा आयोजना हुने अन्तर्राष्ट्रिय लाटोकोसेरो महोत्सवका बेला विद्यार्थीहरूबीच त्यहाँ वरपर पाइने लाटोकोसेरोको आवाज निकाल्ने प्रतियोगिता नै गरिन्छ । तर, विकासोन्मुख देशमा विज्ञहरूबाहेक सर्वसाधारणले लाटोकोसेरोको प्रजातिहरूको पहिचान गर्न सजिलो छैन । नेपालको मनाङ, नवलपरासी र मुस्ताङ जिल्लामा तीन र भक्तपुरमा पाँचवटासम्म प्रजातिका बारेमा मात्रै स्थानीय समुदाय जानकार रहेको पाइएको छ ।



Tytonidae or Barn owls



Strigidae or Typical owls

टाइटोनीडे वर्गका लाटोकोसेरोको अनुहार वरिपरि मुटु आकारको घेरा हुन्छ, जुन स्ट्रीगीडे वर्गका लाटोकोसेरोहरुमा प्रष्ट देखिन्न

## शारीरिक बनोट

शिकार गर्नुपर्ने भएकाले यसका पञ्जा र चुच्चो असाध्यै बलिया हुन्छन् । ठुला आकारका प्रजातिहरूमा स्पष्ट कानजुरा हुन्छन्, जसले गर्दा यिनको टाउकामा सिङ भएको जस्तो देखिन्छ । तर, त्यो प्वाँखहरूको सम्मिश्रण मात्र हो । यसका दुवै आँखाहरू मान्छेका जस्तै अगाडि फर्किएको हुन्छ, जबकी अरू चराहरूको दायाँ र बायाँ दुइतिर फर्किएको हुन्छ । अनुहार वरिपरि छाता जस्तो आकार (facial disc) प्रष्टरूपमा देखिन्छ । यिनीहरूको कान आँखा नजिकै हुन्छ तर, भुत्लाको कारणले बाहिरबाट सहजै देखिँदैन । यिनीहरूले टाउको एकै दिशामा मात्रै २७० डिग्रीसम्म घुमाउन सक्छन् जबकि मानिसले मात्र ९० डिग्रीसम्म मात्र घुमाउन सक्छ । लाटोकोसेरोले टाउको घुमाउदा रक्तसञ्चारमा प्रतिकुल असर नपुगोस् भनेर पहिला नै रगत बढि पठाउने वा थप नसाहरूको प्रयोग समेत गर्दछन् ।

## क्रमिक विकास

विज्ञान अनुसार पृथ्वीको उत्पति करिब ४५४ करोड वर्षअघि भएको विश्वास गरिन्छ । उत्पतिको लामो समयपछि मात्र चराको विकास (करिब १५ करोड वर्ष अघि) भएको मानिन्छ । जीवविज्ञानका शोधकर्ताहरू चराहरूमध्ये लाटोकोसेरोको समुह ६ करोड वर्ष अगाडि देखा परेको हुनुपर्ने मान्छन् । आधुनिक मानव करिब २८ लाख वर्ष अगाडि इथियोपीयामा रहेको प्रमाण भेटिएको छ । तिनै मानव करिब ६० हजार वर्ष अगाडिदेखि नै इथियोपिया आसपासबाट फैलन सुरू गर्दै संसारका विभिन्न भूभागमा पुगेका हुन् । मान्छेलाई लाटोकोसेरो सम्बन्धि ज्ञान करिब ३० हजार वर्ष अगाडिबाट थियो भन्ने कुराको प्रमाण फ्रान्सका गुफाहरूमा गरिएका अध्ययनबाट थाहा भएको हो ।


नेपालमा भने लाटोकोसेरो तथा अन्य चराहरूको बारेमा ब्रायन हडसनले (सन् १८२४-१८४४) अध्ययन सुरू गरेका थिए । उनले नेपालमा पाइने लाटोकोसेरोको १८ प्रजाति अभिलेख गरेका थिए । तर, यसको अर्थ त्यसअघि नेपालमा लाटोकोसेरोको जानकारी नै थिएन भन्ने चाहि होइन । भारतीय उपमहाद्वीपमा करिब चार हजार वर्षअघि सुरू भएको हिन्दु धर्मको वेद र पुराणमा समेत यिनको बारेमा उल्लेख गरिएको छ । देवी लक्ष्मी तथा देवी चामुण्डाको (देवी दुर्गाको एक रूप) वाहन समेत मानिएकाले मानिसलाई यिनको उपस्थितिका बारेमा निकै अघिदेखि थाहा भएको मान्न सकिन्छ ।

## उमेर

लाटोकोसेरो प्राकृतिक वासस्थानमा कति उमेरसम्म बाँच्छ भनेर अनुमान लगाउन गाह्रो छ । कहिलेकाँहि भर्खरै निस्केका बच्चाहरूलाई पालेर पनि यिनको आयुको अनुमान गर्न सकिन्छ । तर, प्राकृतिक वासस्थानमा हुर्किएकाको तुलनामा शोधका लागि पालिएका ठाउँमा बढि बाँच्ने देखिएको हुनाले यसका आधारमा आयु अनुमान गर्न सजिलो छैन । आयु पत्ता लगाउनका लागि शोधकर्ताले नियन्त्रणमा लिएका लाटोकोसेरोलाई खुट्टामा रिङ लगाएर वा अन्य कुनै चिन्ह लगाएर समेत छाड्छन् । यसरी छाडिएकालाई पटक-पटक सुपरिवेक्षण गरिन्छ ।

अमेरिकाको The North America Bird Banding Office मा यही तरिका अपनाएर लाटोकोसेरोको आयु पत्ता लगाइन्छ । नेपालमा यस सम्बन्धि कुनै पनि काम भएको छैन । प्रायः लाटोकोसेरो आकारमा जति ठूलो छ त्यति नै बढि आयु हुने शोधकर्ताहरूको बुझाइ छ । तर, सबैमा यो सिद्धान्त लागू नहुन सक्छ । अमेरिकामा गरिएको अध्ययनअनुसार केही लाटोकोसेरो आयु ४ वर्षदेखि २७ वर्षसम्म भएको देखिएको छ । जसमध्ये तलका प्रजातिहरू नेपालमा समेत अभिलेख गरिएका छन् ।

| प्रजाति | नेपाली नाम | उमेर |
|---|---|---|
| Long-eared owl | लामकाने लाटोकोसेरो | २७ वर्ष ९ महिना |
| Eurasian eagle owl | हिमाली हाप्सिलो | २४ वर्ष ९ महिना |
| Barn owl | गोठे लाटोकोसेरो | १७ वर्ष १० महिना |
| Short-eared owl | लघुकर्ण लाटोकोसेरो | १२ वर्ष ९ महिना |
| Collared scops owl | चित्री उलूक | ४ वर्ष ४ महिना |



लाटोकोसेरोहरू अन्टार्कटिका महादेश बाहेक संसारका सबै ठाउँमा भेटिएका छन् । नेपालमा तराइदेखि हिमाली क्षेत्रसम्म नै पाइन्छन् । गोठे लाटोकोसेरो तराइ तथा पहाडका मान्छेका बस्तीहरू नजिकै पाइन्छन् भने हिमाली कोचलगाँडे ३००० देखि ५००० मिटर उचाइ आसपासका हिमाली भेगहरूमा पाइन्छन् ।

नेपाल लाटोकोसेरोको वासस्थानको हिसाबले धनी मानिन्छ । यहाँ ३५ थरिका वन, ११८ थरिको पारस्थीतीकिय प्रणाली, ४ प्रकारका संरक्षित क्षेत्रहरू छन् । यसैगरि १० वटा रामसार क्षेत्र, २ वटा प्राकृतिक रूपमा विश्व सम्पदा सूचिमा सूचिकृत छन । लाटोकोसेरोहरू वन, कृषि क्षेत्र र बस्ती क्षेत्रमा बस्ने गर्दछन् । रूखको टोड्को, पहरा, घरको कापमा वा छानामुनीको भागमा समेत बस्दछन् । कुनै कुनै प्रजातिहरू त भूईँमा समेत बस्छन् । नेपालमा रेकर्ड भएमध्येका धेरैजसो प्रजाति वन क्षेत्रमा बस्ने गरेको पाइएका छन् । घाँसे लाटोकोसेरो भूईँमा गुँड बनाएर बस्दछ । कुनै कुनै प्रजाति हिउँ भएको ठाँउतिर मात्र पाइन्छन् ।

मनाङ र मुस्ताङमा गरिएको एक अध्ययनले ८० प्रतिशत स्थानीय बासिन्दाले लाटोकोसेरोको मुख्यगरि वनक्षेत्रमा बस्ने गरेको बताएका छन् । सर्वेक्षणमा सहभागीमध्ये ८३ प्रतिशत गाउँलेले रूखको टोड्को मा बस्ने गरेको बताए । ३ प्रतिशत सहभागीले कस्तो ठाँउमा बस्छ भन्ने विषयमा अनभिज्ञ रहेको बताएका थिए ।





मानव बस्ती नजिक होस या घना वन, लाटोकोसेरो जस्ता वासस्थानमा पनि पाइन्छन् ।

# खाना



यिनीहरू शिकारी चरा हुन्, त्यसैले अरूलाई मारेर खान्छन् । यिनीहरूले सर्प, भ्यागुता, मुसा, छुचुन्द्रो, गंगटा, गँड्यौला, किराफट्यांग्रा, माछा, माउसुली, छेपारो, साना चराहरू (जंगली तथा घरपालुवा), चमेरा, माकुरा, शंखेकिरा, लोखर्के, फ्याउरो, मलसाँप्रो र खरायो आदिलाई आहारा बनाउँछन् । ठुला लाटोकोसेराहरूले साना लाटाकोसेरालाई मारेर खाएको समेत अभिलेख गरिएको छ ।

यिनीहरूले बिरालो र न्याउरीमुसा तथा तिनका बच्चालगायत अन्य साना स्तनधारी जीव पनि शिकार गर्छन् । एक अध्ययनका अनुसार गोठे लाटोकोसेरोको एउटा परिवारले अण्डा पारेर, कोरल्दै चल्लालाई उड्ने बनाउने बेलासम्मको एक सिजन (करिब ४ महिना) मा २,००० देखि ३,००० वटासम्म मुसा खाने गरेको भेटिएको छ ।

उदाहरणका लागि लेकाली उलूकले किरा-फट्यांग्रा खान्छन् भने गोठे लाटोकोसेरोले मुसा र छुचुन्द्रो खाने गर्छन् । हाप्सिलो तथा हुचील प्रजातिहरूले खरायो, फ्याउरो वा स्यालका बच्चा र हाँसहरूलाई समेत आहारा बनाउँछन् । कैलाली जिल्लाको माघी क्षेत्रमा हुचीलले घरमा पालिएका बंगुरका पाठाहरूसमेत खाएको अभिलेख गरिएको छ ।



ग्रीसमा सन् २००३ देखि २००५ सम्म ३१ वटा स्थानबाट गोठे लाटोकोसेरोको १०,०६५ वटा पेलेट (आहाराका अपाच्य भागहरू मुखबाट डल्लो बनाई मुखबाट बाहिर फाल्ने) संकलन गरेर खानपिनको बारेमा अध्ययन गरिएको थियो । अध्ययनमा उनीहरूको आहारामध्ये ९७.८८ प्रतिशत मुसा थिए ।

### अँध्यारोमा सक्रियः

आँखामा रड र कोन नामक दुई प्रकारका कोषीकाहरू हुन्छन् । रडले थोरै प्रकाशमा पनि सजिलै देख्न सकिने क्षमता दिन्छ भने कोन कोषीकाले रंगहरू छुट्याउने काम गर्दछ । लाटोकोसेरोका आँखामा रड कोषीकाको संख्या कोन कोषीकाको तुलनामा १० देखि १३ गुणासम्म बढि हुन्छ । त्यसैले यिनीहरूले कम प्रकाशमा पनि राम्रोसँग देख्न सक्छन् तर, देखेका वस्तुको रंगहरू छुट्टयाउन गाह्रो पर्दछ । साथै यिनीहरूको आँखाको नानीको आकार पनि यिनको शरीरको तुलनामा ठूलो हुन्छ । शरीरलाई सय प्रतिशत मान्ने हो भने आँखाको भाग ५ प्रतिशतसम्म हुन्छ । दिउँसो त्यसैपनि उज्यालो, झन आँखा ठूलो भएपछि बढि प्रकाश छिर्ने नै भयो । यस कारणले दिउँसो यिनले हामीले सूर्यलाई हेरेर भुइँमा हेरेजस्तो देख्छन् अर्थात कालो–नीलो तथा झिलीकमिलीक । यसैले गर्दा यिनीहरू बिहान र बेलुकी मात्र सक्रिय हुन्छन् । औंसीको जस्तो रातमा त यिनले पनि देख्दैनन् । कुनै कुनै लाटोकोसेरोहरू जस्तैः कोचलगाँडे लाटोकोसेरो दिउँसो पनि सक्रिय हुन्छन् ।

### आँखाः

लाटोकोसेरोका तीनवटा परेला हुन्छन् । केही अनावश्यक फोहरहरू नपरोस् भनेर माथिको परेलालाई झिम्क्याइ रहन्छन् । सुत्ने वा आराम गर्ने बेलामा तलको परेलालाई माथितिर लैजान्छ । नाकको छेउतिर अर्थात दुवै आँखाको छेउभागतिर छालाका झिल्ली जस्तो हुन्छ । जसले आँखालाई सफा गर्ने तथा आवश्यक पर्ने पानीको मात्रालाई सबैतिर पुऱ्याउने काम गर्दछ । उक्त परेलाले आँखाको सतहलाई सफा बनाइराख्छ । यो परेलाले (Nictitating membrane) आँखामा हुन सक्ने संक्रमण समेत नियन्त्रण गर्दछ ।






### टाउको घुमाउनेः

मानिसले आफ्नो टाउकोलाई एकातिर मात्रै ९० डिग्री वा असाध्यै बल गऱ्यो भने केही बढिसम्म घुमाउन सक्ला । यो भन्दा बढि गर्नुभनेको मर्नु वा आत्महत्या गर्नु बराबर हुन्छ । तर, लाटोकोसेरोले एकापट्टिमात्रै २७० डिग्रीसम्म घुमाउन सक्छ । यसैकारणले गाउँघरमा मान्छेहरू यो निशाचरले टाउको पुरै घुमाउछ भनेर भन्ने गर्छन् । कतिपय ठाउँमा त यसले टाउको फिरफिरे जसरी घुमाउन सक्ने भएकोले अद्भुत शक्तिवाला जीवसमेत मानिन्छ । यसरी टाउको घुमाउदा दिमागसम्म रक्तसञ्चार कसरी हुन्छ भनेर वैज्ञानिकहरू समेत छक्क पर्छन् । टाउको घुमाउदा पनि सहायक रक्तनलीहरूको माध्यमबाट यिनीहरूको मस्तिष्कसम्म रक्तसञ्चार भइरहेको हुन्छ । साथसाथै मस्तिष्कमा आवश्यक पर्ने रगत पहिला नै पुऱ्याइसकेको हुन्छ ।

यिनीहरूको आँखा ठूलो हुने भएकाले यो बस्ने खोपिल्टो (Socket) मा मांसपेसीको कमी हुन्छ, जसले गर्दा आँखामा लचकता हुँदैन । फलस्वरूप यिनीहरूले स्वतन्त्ररूपले आँखा मात्र नघुमाई पुरै टाउको नै घुमाउनु पर्दछ । लाटोकोसेरोको घाँटीमा सानो सानो तर, लचकदार १४ वटा हड्डीहरू (Vertebrae) हुन्छन् । जुन मानिसहरूको तुलनामा दोब्बर हो ।

यसलाई घाँटी र टाउका बीच एउटै पाइभोट बल (Pivot ball) ले जोडेको हुन्छ । यो पाइभोट बल मानिसमा भने दुइवटा हुन्छ, जसले गर्दा मानिसले लाटोकोसेरो जसरी घाँटी घुमाउन सक्दैन ।

## सुन्ने क्षमताः



सामान्यत यिनका कानको प्वाल ठुला र गोला हुन्छन् । तर, यो प्रजातिअनुसार फरक-फरक पनि हुने गर्दछ । यिनीहरू राती बढि सक्रिय हुने भएकाले सुन्ने क्षमता पनि सोहीअनुरूप विकास भएको हुन्छ, जुन मानिसहरू भन्दा १० गुणासम्म बढि हो । यिनीहरूको कान आँखाको छेवैमा तथा टाउकाको दुवैपट्टि रहेको हुन्छ । तर, भुत्लाले छोपिएको हुँदा बाहिरबाट सजिलै देखिँदैन । हुचीलहरूको टाउकोको दुवैपट्टि सिङ वा कान जस्तो देखिन्छ । जुन सिङ वा कान नभएर प्वाँखहरूको सम्मिश्रण मात्र हो । यसलाई कानजुरो (Tuft) भनिन्छ । यी कानजुराहरू किन हुन्छन् भन्ने बारेमा अझै पनि निर्क्योल भइसकेको छैन । तैपनि यिनको काम भनेको स्वरूप सुन्दर बनाउने, शत्रुलाई तर्साउने र भाँचिएको हाँगा जस्तै देखिएर अरूको अगाडि हराएजस्तो गराउने आदि हुन् की भनेर अनुमान गरिएको छ ।

हामीले कुन कानले छिटो वा ढिलो सुनियो भनेर अन्दाज पनि गर्न सक्दैनौ । दुवै कानले बराबर सुनिएको हुन्छ । तर, लाटोकोसेरोले बराबर त सुन्न सक्छ नै, साथसाथै दुवै कानमा आएको आवाज कुनमा छिटो वा ढिलो आयो भनेर अनुमान गर्न पनि सक्छन् । यही अनुमानका लागि टाउको हल्लाइरहन्छन् । यसले गर्दा आवाज कुन दिशाबाट आइरहेको छ भन्ने निर्क्योल गर्न लाटोकोसेरोलाई मद्दत पुर्‍याउँछ ।

स-साना आवाजहरू सुन्नका लागि अनुहार वरिपरि रहेको छाताकार भागले (facial disc) सहयोग गर्दछ । यो भागले आवाजहरूलाई जम्मा गरेर कानतर्फ पठाएर महत्वपूर्ण भूमिका निभाएको हुन्छ । यिनीहरूको सुन्ने क्षमता कतिसम्म हुन्छ भने पात वा हिँउ वा झारपात मुनि हिडिरहेका आफ्ना आहाराको दूरि र दिशासमेत सजिलै पत्ता लगाउँछन् । यसरी पत्ता लगाइसकेपछि आक्रमण गर्दछन् । आक्रमणका क्रममा सिकार हिँड्यो भने पनि पुनः हिसाब गरेर समातेर छाड्छन् ।

## शिकार गर्ने तरिकाः

यिनीहरूले विशेषगरि बिहान र बेलुकी शिकार गर्दछन् । आक्रमणको बेलासमेत नरम प्वाँखको कारणले लाटोकोसेरोका चालको आवाजको सुइको शिकारले पाउँदैनन् । गोठे लाटोकोसेरोले त आवाजको भरमै पनि निष्पट्ट अँध्यारोमा शिकार गर्ने गरेको अध्ययनले देखाएको छ । शिकार गरिसकेपछि आहारा साना-साना छन् भने एकैपटकमा निल्छन् । तर, ठुला छन् भने पञ्जा र चुच्चोले टुक्रयाउँछन्, अनि बल्ल खान्छन् । यिनको पञ्जाहरूले आहारालाई समाउने मात्र नभई सँगसँगै भित्री तथा मुख्य अंगहरूमा प्वालपारि नष्ट समेत गरिदिन्छन् । जुन आहाराको मृत्युको कारण पनि बन्दछ । धेरैजसो शिकारी चराहरूले आहारा समाउँदा तीनवटा नंग्राहरू अगाडि र एक पछाडि रहने गर्दछ । तर, यिनको भने दुइ अगाडि र दुइ पछाडि गर्न सक्छन् । जसले गर्दा आहाराको फुत्कने सम्भावना कम हुन्छ । आक्रमण गरिसकेपछि अरूले आफ्नो आहारा नदेखोस भनेर प्वाँखले छोप्ने समेत गर्दछन् ।



गोठे लाटोकोसेरोको प्रमुख आहारा मुसा हो ।

**पाचन प्रणाली:**

कुनै पनि आहारालाई सग्लै वा टुक्रा पारेर खाइसकेपछि पेटमा पुग्छ । पाचन प्रक्रियामा उत्पादित अम्लिय जुसहरूले (औसत पीएच २.३५) यिनलाई साना-साना टुक्रा पार्छन् । यसमा भएको आवश्यक तत्वहरू पाचन प्रक्रियामार्फत शरीरमा जाने र नपच्ने खालका रौं, हड्डी र दाँतहरूलाई डल्लो बनाई मुखबाट बाहिर फ्याँक्ने गर्दछन् । यसमा हुने अम्लको मात्राले आन्द्रालाई असर पार्ने भएकाले शरीरभित्र मीउकस नामक रसायन (आन्द्रामा हुने चिल्लो पदार्थ) निस्किएर उक्त डल्लोलाई बाहिर निस्कन सुरक्षित र सहज बनाउँछन् । यसरी फालिएको डल्लोलाई पेलेट (Pellet) भनिन्छ । यस्ता पेलेटको माध्यमबाट लाटोकोसेरोले के के खाँदोरहेछ वा उक्त क्षेत्रमा कस्ता-कस्ता जीवजन्तुहरू पाइने रहेछ भनेर अध्ययन गर्न सहयोग मिल्दछ ।



आहारालाई निलिसकेपछि पचाउन नसकेका रौं, हड्डी तथा छालाहरुलाई लाटोकोसेरोले पेलेटको रूपमा मुखबाट बाहिर फाल्दछ ।

### उड्ने तरिकाः



यसका नरम भुवा वा प्वाँखहरू हुन्छन् । प्वाँखको बाहिरपट्टिको छेउमा काँइयो जस्तो साना-साना प्वाँखहरू नै निस्किएका हुन्छन् । पखेटालाई तल-माथि गरेर उड्दा हावाको चापमा परिवर्तन भई आवाज आउने गर्दछ । तर, लाटोकोसेरोको सन्दर्भमा भने ती काँडाजस्ता प्वाँखहरूले हावाको ठूलो बहावलाई (air turbulence) सानो बनाइदिन्छ (micro turbulence), जसको कारणले उड्दा आवाज असाध्यै कम आउँछ । त्यसैले यिनलाई आवाज ननिकाल्ने चराहरू पनि भनिन्छ ।

### प्रजनन्ः

हिउँद सकिन नपाउँदै यिनको प्रजनन् सुरू हुन्छ । भालेले पोथीलाई फकाउनका लागि खाना खोजीदिने, कराउने र विशेष किसिमको उडान प्रदर्शन (Display) गर्ने आदि गर्दछन् । प्रजननका लागि तयार भएको कुरा पखेटा फिँजाएर पनि सहमति जनाउँछन् । धेरैजसो लाटोकोसेरोहरू जीवनभरिका लागि वा कम्तिमा एक सिजनका लागि जोडी बनाउने गर्दछन् । प्रायःगरि बसाइँसराइ गर्ने लाटोकोसेराहरूले एक सिजनका लागि जोडी बाँध्ने गरेको भेटिएको छ । हिमाली भेगतिर पाइने कैलो पहाडी उलूक (Himalayan wood owl) ले जीवनभर एकैसँग सम्बन्ध गाँस्ने गरेको पाइएको छ ।

यिनीहरूले गुँड बनाउने नभई अरूको गुँड, रूख र चट्टानका टोड्का र प्वाललाई प्रयोग गर्दछन् । हाप्सिलो प्रजातिका लाटोकोसेरोहरूले एउटै गुँडलाई पटकपटक प्रयोग गर्छन् । यिनीहरू आफ्नो गुँड बनाउने तथा बच्चा जोगाउने समयमा साह्रै आक्रामक हुने गर्दछन् । गोठे लाटोकोसेरोले उक्त समयमा मान्छेलाई घाइते बनाएका घटनासमेत अभिलेख भएका छन् । मान्छेमाथिको आक्रमणका घटनामा उनीहरूले आफूलाई असुरक्षा भएको अवस्थामा प्रतिरक्षाका लागि जाइ लागेका हुन्छन् । चल्ला सानो हुँदा माउहरू भरसक गुँड छाड्दैनन् । यो बेला भालेले दिनमा १० पटकसम्म खानाको जोहो गर्दछन् । प्रायजसो भालेले खानाको जोहो गर्ने र पोथीले कोरल्ने र चल्ला हुर्काउने गर्दछन् । कोरलिएकामध्ये सबै चल्लाहरूको बाँच्ने सम्भावना भने कमै हुन्छ । कहिलेकाही त आफ्नै दाजुभाई वा दिदीबहिनीले पनि गुँडबाट कमजोरलाई मारेर खाइदिन्छन् । फुलबाट निस्केको चल्लाले गुँड छाडेर स्वतन्त्र विचरण गर्ने हुन केही हप्तादेखि केही महिनासम्म लाग्छ । करिब एक वर्षको भएपछि प्रजननको लागि तयार हुन्छन् । कतिपय प्रजातिले एकै सिजनमा पनि पटकपटक चल्लाहरू हुर्काएको पनि अध्ययनका क्रममा भेटिएको छ ।





लामकाने लाटोकोसेरोको फुल र बचरा (बायाँ), ओथारो बसेको युरेसियाली सानो लाटोकोसेरोको पोथी (दायाँ)

यिनीहरूले एकैपटक अण्डा पार्दैनन् । पारेको अण्डामा करिब एक महिना जति ओथारो बसिसकेपछि चल्लाहरू निस्कन थाल्छन् । निस्कँदा, सुरूमा पारेका अण्डाबाट पहिला र सोही अनुसार दुइ/तीन दिनको अन्तरालमा अरू चल्लाहरू निस्कँदै जान्छन् ।

### प्वाँख फेर्ने (Molting):

लाटोकोसेरोका चल्लाहरू हुर्किएर स्वतन्त्र जीवनयापन गर्न थालेपछि प्वाँखहरू फेर्न थाल्दछन् । शत्रुसँग लडाइ पर्दा, प्वाँखहरू कतै ठोक्किँदा, आहारा प्रजातिका जीवहरूसँग घम्साघम्सी हुँदा प्वाँखहरू झर्छन् । साथै दिनदिनैको उडानमा पनि प्वाँखहरू कमजोर भएका हुन्छन् । यस्तो अवस्थामा उड्न समेत गाह्रो हुन्छ । यसका लागि पुराना प्वाँखहरू झरेर नयाँ पलाउनुपर्ने हुन्छ । एकैपटक सबै प्वाँखहरू फाल्दा दैनिकीमा समेत समस्या हुने भएकाले इच्छानुसार उनीहरूले पटक-पटक गरि झार्छन् र सोहीअनुसार नयाँ पनि पलाउँदै जान्छन् । प्वाँख बन्नको लागि बढि शक्तिको आवश्यकता पर्दछ । त्यसैले फुल कोरल्ने वा बच्चा हुर्काउने बेलामा प्वाँखहरू थोरै मात्रामा फेर्ने गर्दछन् । यो सम्पूर्ण प्रक्रियाका लागि करिब तीन महिनाको अवधि लाग्दछ ।



### अन्तर्प्रजातीय प्रजनन (Hybridization):

एउटै प्रजातिका बीचमा प्रजनन् हुने कुरा सामान्य नै भए । विभिन्न प्रजातिका चराहरू बीच पनि प्रजनन् हुन्छ तर, सबैले फुल पार्छन भन्ने छैन । विभिन्न प्रजातिहरूको बीच प्रजनन् प्राकृतिक अवस्थामा वा पालिरहेको ठाउँमा हुने गर्दछ । लाटोकोसेरोका विभिन्न प्रजातिका बीच प्रजनन् हुने सम्भावना असाध्यै कम हुन्छ । तर, पानी हाँसहरूमा यो सम्भावना ४० प्रतिशतसम्म रहन्छ । लाटोकोसेरोको सवालमा १० प्रजातिहरूका बीच प्रजनन भएको अभिलेख गरिएको छ । उदाहरणका लागि अमेरिकामा पाइने वेस्टर्न स्कृच लाटोकोसेरो (Western screech owl) र इस्टर्न स्कृच लाटोकोसेरो (Easternscreech owl) बीच प्रजनन् भएको अध्ययनले देखाएको छ । नेपालमा हालसम्म यो विषयमा अध्ययन गरिएको छैन । यसरी प्रजनन गर्ने यी प्रजातिको आफ्नै बाहेक बढिमा एक वा दुइवटा अन्य प्रजातिसँग मात्र प्रजनन् हुने गर्दछ । यसरी प्रजनन् गर्दा अनुवांशिक विशेषताहरू (Genetic characteristics) केही हदसम्म मिल्नु भने पर्दछ ।

# संसारको आँखामा लाटोकोसेरो

| | |
|---|---|
| फ्रान्स | ब्रिटानी भन्ने स्थानमा खेती थन्क्याउने बेलामा लाटोकोसेरो देखियो भने अन्न उत्पादन बढ्छ भनेर मानिन्छ । |
| इन्डोनेसीया | मनाडोमा मानिसहरू यात्रा गर्नुअघि लाटोकोसेरोले जा भन्छ वा भन्दैन सोही अनुसार निर्क्योल गर्दछन् । |
| क्यामरुन | चराहरूमध्ये सबैभन्दा तर्साउने चराको रूपमा हेरिन्छ । यो पंछीलाई स्थानीय नाम पनि दिइएको छैन । |
| रोमानिया | ट्रान्सिल्भनेनियामा खेतीपाती गरेको ठाउँमा नांगै जाँदा त्यस क्षेत्रबाट लाटोकोसेरो भाग्छन् भन्ने विश्वास गर्दछन् । |
| अफगानिस्तान | मानिसलाई सबैभन्दा पहिला आगो र फलाम लाटाकोसेरोले उपलब्ध गराएको र सट्टामा मानिसले उसलाई प्वाँख उपलब्ध गराएको विश्वास गरिन्छ । |
| पश्चिम अफ्रिका | भूतप्रेतको खबर बोक्ने चराका रूपमा लिइन्छ । |
| अल्जेरिया | हुचील को दाहिने आँखा सुतिरहेकी महिलाको हातमा राख्यो भने सबै कुरा सत्य बोल्छिन् भन्ने विश्वास गरिन्छ । |
| बर्मा | चराहरूको झगडा हुँदा लाटोकोसेरो भुइँमा थेचारिएकाले अनुहार चाक्लो भएको मान्छन् । |
| आयरल्याण्ड | घरभित्र छिरेको लाटोकोसेरोलाई मार्नुपर्ने अन्यथा घरको सह जाने विश्वास गरिन्छ । |
| पेरू | लाटोकोसेरोको सुपलाई सबैभन्दा राम्रो औषधि मानिन्छ । |
| स्कटल्याण्ड | दिउँसो लाटाकोसेरो देखिनु राम्रो मानिदैन । |
| जिम्बावे | गोठे लाटोकोसेरो सेतो भएकाले यसलाई भूतप्रेतले मन पराउने भन्दै भुत चरा पनि भनिन्छ । |
| रोम | रोम सभ्यतामा बोक्सीहरूले आफूलाई लाटोकोसेरोमा परिवर्तन गर्थे र साना-साना नानीहरू सुतेको ठाउँमा आएर रगत चुस्थे भन्ने विश्वास गरिन्थ्यो । यसै कारणले यिनलाई लामो समयसम्म रक्त पिपासुको संज्ञा दिइन्थ्यो । |
| चीन | करिब १८०० वर्ष अगाडि Taoist Religion मा लाटोकोसेरोको दिन (Summer solstice: 20-22 June) मा यदि कुनै बच्चा जन्मिएको खण्डमा उक्त बच्चा आक्रामक हुने र आफ्नै आमालाई समेत मार्न सक्ने विश्वास गरिन्थ्यो । |
| भारत | १५ औं शताब्दितिर यसको काँचो अण्डा खायो भने आँखाको हेर्ने क्षमता बढ्ने र मदिरा खाएर असर गरेका मानिसहरूलाई स्वस्थ बनाउने विश्वास गरिन्थ्यो । |
| जापान | कुनै घरमा अनिकाल वा हैजा लाग्यो भने लाटाकोसेरो अंकित सामग्रीहरू घरको चारै कुनामा राख्ने चलन छ । |
| स्कटल्याण्ड | विवाह गर्दा दुलहा र दुलहिलाई लाटोकोसेरो मार्फत औँठी दियो भने उक्त जोडी भाग्यमानी हुने विश्वास गरिन्छ । |
| अमेरिका | नेउक जातका आदिवासीहरुले मानिसहरू मरेपछि साहसी र धर्मात्माहरू हुचील हुने र धुर्तहरू गोठेलाटोकोसेरो हुने विश्वास गर्थे । |
| बेलायत | वेल्समा अझैपनि घरनजिकै लाटोकोसेरो करायो भने त्यो घरकी महिलाले कुमारित्व गुमाएको मानिन्छ । |
| पोल्याण्ड | विवाहित महिलाहरू मरेको खण्डमा अर्को जुनी लाटोकोसेरो हुने विश्वास गरिन्छ । |
| फ्रान्स | गर्भाधारण गरेकी महिलाले यदि लाटाकोसेरो कराएको सुनिन भने तिनले छोरी जन्माउँछिन् । |
| जमैका | लाटोकोसेरो घरको छेउछाउमा आउँदा नराम्रो सन्देश लिएर आउने भएकोले ठूलो स्वरले 'Salt and paper for your Mammy' कराउँछन् । यसरी कराउँदा सो दोष मेटिने र राम्रो हुने बताउँछन् । |
| लकजेम्बर्ग | लाटोकोसेरोहरूले खजाना भएको ठाउँको जासुसी गर्ने र थुपार्ने गर्दछन् भन्ने विश्वास गरिन्छ । |
| रूस | शिकारीहरू वनतिर जाँदा लाटाकोसेरोको नंग्रा राख्छन् । केहीगरि मारिए भने ती नंग्रा समातेर स्वर्ग जान सहज हुने विश्वास गर्दछन् । |
| सामोवा | लाटोकोसेरोलाई मानिसको पुर्खा मानिन्छ । |
| स्पेन | पहिला असाध्यै राम्रो गाउने गर्थ्यो तर जब जिसस मारिए, तबदेखि क्रस क्रस भन्दै बेसुरा गाउन थालेको हो । |
| श्रीलंका | लाटोकोसेरो र चमेरोलाई पति पत्नी मानिन्छ । |

# नेपाली समाजमा लाटोकोसेरो



ठुला आँखा, डरलाग्दो आवाज र रात्री विचरण गर्ने स्वभाव आदिले संसारभर लाटोकोसेरोका बारेमा अनेक कथा, धारणा र किंवदन्तीहरू छन् । बैज्ञानिक तथ्यसँग मेल खाने/नखाने विषय अध्ययन योग्य भएपनि प्रचलित सामाजिक मान्यता र अन्धविश्वास कतै यो पंछीको जीवन संकटमा पार्ने खालका छन् भने कतै संरक्षणमा सहयोगी पनि मानिएका छन् ।

जापान तथा यूरोपेली मुलुकमा यो चरालाई राम्रो मानिए पनि दक्षिण एशियाका भारत, बंगलादेश र नेपाल लगायतमा अल्छी, काम नलाग्ने तथा सुस्त मानिसहरूलाई लाटोकोसेरोसँग दाँज्ने गरिन्छ । मानिसहरू एक अर्कालाई गाली गर्दा '**उल्लु**' भनिनुले पनि यसको पुष्टि गर्छ ।

दिउँसो सबै सक्रिय भएको बेलामा समेत चुप लागेर बस्ने, एकोहोरो हेरिराख्ने र उड्न नसक्ने भएकाले यसलाई उल्लु तथा एकोहोरो चराको संज्ञा दिइन्छ । समाजमा प्रचलित धारणा, विश्वास र किंवंदन्तीका सत्यता समयक्रममा परिवर्तन भइरहेका छन् । कतिपय स्थानमा पुराना मान्यता कथाका रूपमा छन् भने कतिपयले अझै मान्दै आएका पनि छन् । समग्रमा यो खोजीको विषय हो । पुराना मान्यता, धारणा र अन्धविश्वास आँखा चिम्लेर मान्नुभन्दा प्रश्न उठाउने गरेबाट चलन फेरिँदै आएका पनि छन् । तैपनि हामीकहाँ चलिआएका र मानिआएका धारणा, कथन, मान्यता र जनविश्वासका केही बुँदाहरू यहाँ संकलित छ ।

नेपाली समाजमा लाटोकोसेरो गाउँ वा घरमाथि आएर करायो भने त्यो गाउँ वा घरमा मानिस मर्ने वा ठूलो बिरामी हुन्छ भन्ने विश्वास रहिआएको पाइएको छ ।

पश्चिम तराईको बर्दिया जिल्ला नजिकको भारतीयसीमा क्षेत्रका बसोबासी साना लाटोकोसरोलाई राम्रो मान्छन् तर, ठुला आकारकालाई मान्दैनन् । किनकी यिनीहरूले घरको छानामा आएर नामै काडेर बोलाइरहँदा मानिस डराएर मर्छ भन्ने जनविश्वास छ ।

मुस्ताङ जिल्लामा मानिसहरू हिउँदमा धेरै चिसो हुने भएकाले तलतिर बसाइँसराइ गर्दछन् । उक्त अवधिमा काग र लाटोकोसेरोको प्वाँखलाई घरको ढोकामा सँगै झुण्ड्याइन्छ । यसोगर्दा राती लाटोकोसेरो र दिउँसो कागले घरको रक्षा गर्छ भन्ने जनविश्वास छ । घरको रक्षा गर्नको लागि सोही जिल्लाको ठिनी लगायतका गाउँमा मरेका लाटोकोसेरोहरू समेत झुन्ड्याउने गरिन्छ । उच्च लेकाली भूभागमा प्रचलित यस्तो विश्वास पश्चिम नेपालको हुम्ला जिल्लामा समेत पाइएको छ ।

लाटोकोसेरोको हड्डीको माला लगाएर राती हिँड्दा आँट आउने र कसैले तर्साउन नसक्ने समेत गाउँले बताउँछन् । हड्डीको लेप लगाँउदा महिलामा लाग्ने थुनेलो रोग सञ्चो हुन्छ भन्ने अन्धविश्वाससमेत रहिआएको छ ।



गुरूङ संस्कृतिमा नौ घाम र नौ जुन भएर पृथ्वीको अवस्था बिग्रेपछि लाटोकोसेरोले एक घाम र एक जुन कायम गरेको विश्वास गरिन्छ । तर, थारू संस्कृतिमा भने लाटोकोसेरो घर नजिक आएर करायो भने अशुभ हुने भन्दै देखे ढुंगाले हानेर लखेटिन्छ ।

कास्कीको हेम्जामा यदि लाटोकोसेरोले गाईवस्तुलाई छोयो भने बिरामी भएर मर्छ भन्ठान्छन् । त्यसैगरि लाटोकोसेरोले पाकेको खाना छोयो भने मानिसले त्यो खाना बार्ने चलन रहिआएको छ । तर, लाटोकोसेरोले मान्छेका खाना कसरी छोलान् भन्ने तर्कका आधार भने पुष्टि हुने प्रकारका छैनन् ।

ओखलढुंगा जिल्लामा रातीको समयमा बालक रूने र लाटोकोसेरो कराउने एकैपटक भयो भने बालकलाई प्रेत वा भूतले छोएको भनिन्छ । पश्चिम पहाडी जिल्लाहरूमा लाटोकोसेरोको छाँयामा बिरालो समेत निष्क्रिय हुने बताउँछन् ।

लाटोकोसेरोको वरिपरि मानिसको आत्मा घुमिरहने भएकोले यसलाई पाल्न हुँदैन भन्ने पनि गरिन्छ । पहिले नै बिरामी भएको मानिसको घरमा आएर करायो भने थप पीडा दिन्छ भन्ने विश्वास पनि छ ।

लाटोकोसेरोले धेरै पहिला नौवटा चराहरूको आँखा खाएको हुनाले धेरै उज्यालो भई दिउँसो देख्न नसकेको पनि गाउँघरमा बुढापुरानाले बताउने गरेका छन् ।

ध्यान गर्नेहरूका लागि यो पंछी  उपयुक्त उदाहरण मानिन्छ । लाटोकोसेराहरूले एक्लै र शान्त वातावरण भएको बेलामात्र आफ्नो टाउको घुमाउँछन् । यिनीहरू पुर्णिमाको बेला बढि सक्रिय हुन्छन् ।

भक्तपुरमा यसलाई मानिसहरूको सुराकी गर्ने चराका रूपमा लिइन्छ । कथा भन्नेहरू किचकन्ने (चुँडेल) यिनको शरिरमा प्रवेश गरी घर छेउ आउँछन् भन्छन् ।

लाटोकोसेरोको आँखालाई ढुंगामा घोटेर त्यसको लेप चोरहरूले लगाए भने वा आँखै मानिसको आँखामा हाल्यो भने राती चोर्न जाँदा राम्ररी देख्ने पनि भन्ने गरिन्छ ।

बच्चा जन्मदाको नाल (Placenta) र बिरालोका नाल वा सालको लेसिलो पदार्थ र लाटोकोसेरोको आँखा मिसाएर भर्खर जन्मिएको बच्चाको आँखामा हाल्यो भने बच्चाको आँखा तेजिलो हुन्छ भन्ने सोच पनि रहि आएको छ ।

जाजरकोटमा तिहारका बेला लाटोकोसेरोको सम्झनामा पूजासमेत गरिन्छ ।

यिनले बिहान र बेलुकीको समयको बारेमा समेत जानकारी दिन्छन् भन्ने पनि भनाइहरू छन् ।

लाटोकोसेरोहरूलाई विषालु मानिन्छ । यदि यसले टोक्यो भने मानिसहरू मर्छन् भनेर पनि भन्ने गरिन्छ । कतिसम्म भने लाटोकोसेरो माथिबाट उड्यो भने पनि मानिसहरू बिरामी पर्छन् भन्ने पनि पुरानो भनाइहरू छन् ।

डडेलधुरा, डोटी र अछाममा गाउँले ऐनाको अगाडि लाटोकोसेरोलाई राख्दा ऐनामा नदेखिने बताउँछन् । उनीहरूको शक्तिले कुनै पनि वस्तुको रंगसमेत बदल्न सक्छ ।

डोटी जिल्लाको काडमाडौं र गैरागाउँमा तथा ओखलढुंगामा खेतबारीमा लठ्ठी वा बाँस गाड्यो भने लाटोकोसेरो लाई मुसा खान सहज हुन्छ भन्ने सोच रहिआएको छ । लमजुङ र मनाङ जिल्लामा लाटोकोसेरोलाई मारेर खेत वा बारीमा झुन्ड्याइदियो भने खेतबारीमा नोक्सान गर्ने चराको संख्यामा कमि आउने स्थानीय बताउँछन् । सँगसँगै मनाङ र मुस्ताङ जिल्लामा यिनको उपस्थितिले सो क्षेत्र राम्रो हुने विश्वास गरिन्छ । यो पंछीलाई सृष्टिकर्ता समेत मानिँदै आएको छ ।

## धार्मिक ग्रन्थहरूमा लाटोकोसेरो

### वेदः

वेदमा यसलाई 'उलूक' भनेर उल्लेख गरिएको छ । वेद अनुसार भविष्यमा हुन सक्ने दुःखद खबरलाई यो चराले कराएर जानकारी गराउँछ भनेर उल्लेख गरिएको छ ।

### महाभारतः

महाभारतमा पनि द्रोणाचार्यका छोरा अश्वत्थामाले पाण्डव विरूद्धको युद्धमा लाटोकोसेरोबाट ज्ञान लिएको उल्लेख गरिएको छ । उनले रातको समयमा चतुर कागलाई लाटोकोसेरोहरूले मारेको देखेका थिए । उनले राती आक्रमण गर्न पाइयो भने पाँच पाण्डवलाई मार्न सकिन्छ भन्नेमा थिए ।

### रामायणः

भगवान विष्णुले नारदमुनीलाई मानसरोवर गएर गणबन्धु नामक लाटोकोसेरोसँग गीत सिक्न सुझाएका थिए । जसमा भनिएको थियो लाटोकोसेरोले एकपटक वा पटक-पटक निकाल्ने आवाजमा संगीत छ । यस तथ्यबाट के प्रमाणित हुन्छ भने सांस्कृतिक हिसाबमा मानिसहरूले यिनका बारेमा जति नकारात्मक टिप्पणी गरेपनि यस मामिलामा भने प्रशंसा गरेको छ ।

**बाइबलः**

यसमा १६ पटकसम्म लाटोकोसेरोको प्रसंग उल्लेख गरिएको छ । लाटोकोसेरो फोहोरी हुन्छन् यिनलाई खान हुँदैन भन्दै ६ प्रजातिको उल्लेख गरिएको छ । यसको मतलब अन्य प्रजाती खान हुन्छ भन्ने होइन् ।

साथै Isaiah ३४:१३ अनुसार 'दरबारमा काँडा तथा सिस्नुहरू उम्रेका हुन्छन् र सो क्षेत्र ड्रयागनको लागि वासस्थान हुन्छ भने लाटोकोसेरोको लागि दरबार हुन्छ' भनेर उल्लेख गरिएको छ ।

इसाई धर्मालम्वीहरूले यो चरालाई प्रभु यशुको ज्ञानको प्रतीक समेत मान्दछन् । जीवनका अन्धकार हटाउने चराका रूपमा लिइन्छ ।

**कुरानः**

लाटोकोसेरोले नराम्रा कुराहरू लिएर आउंछन् । यिनीहरू अपवित्र हुन् । केहीले भने यिनीहरू दिनभरि पवित्र र एकान्त ठाउँमा बस्छन् (त्यसैले देख्न सकिन्न) भने राती ७ औं शताब्दिका धार्मिक नेताको (इमाम अल हुसेन) मृत्युको शोक मनाइरहन्छन् भनेर उल्लेख गरेका छन् । अनलाइनमा भेटिएका यी जानकारीहरू आफैंमा विरोधाभाषपूर्ण पनि छन् ।

**महा बज्रयान (बौद्ध धर्म)ः**

बौद्धमार्गीहरूले लाटोकोसेरो हाँस्दा नराम्रो हुने विश्वास गर्दछन् । बौद्ध धर्मको चारवटा हाँगाहरूमध्ये महाबज्रयान अनुयायीहरूले वार्षिकरूपमा गर्ने महाकाल पूजामा लाटोकोसेरोको प्वाँख अनिवार्य मानिन्छ । उक्त पूजामा शत्रु मानिएको लाटोकोसेरो तथा कागका प्वाँखहरूलाई जुधाइन्छ । मन्त्रोच्चारण गर्दै जुधाउँदा मानिसहरूको दिमागमा रहेका नकारात्मक सोच हराउँछ भनेर मान्दछन् ।



## हिन्दु धर्ममा

**लाटोकोसेरोलाई देवी लक्ष्मीको तथा देवी चामुण्डाको वाहन मानेर, देवी सरह पूजा गर्ने चलन छ ।**

**तर कतिपयले यो चरालाई लक्ष्मीको बहिनी, जसको नाम अलक्ष्मी थियो, उनको रूप मान्दछन् ।**

**अलक्ष्मीलाई अलच्छिनको प्रतीक पनि मानिन्छ । हिन्दु धर्मावलम्बीहरुले लाटोकोसेरो रुँदा नराम्रो हुने विश्वास समेत गर्दछन् ।**

# लाटोकोसेरो संरक्षण किन ?

**किसानको साथीः**

लाटोकोसेरोको एक प्रजाति मध्येको मलाहा हुचीलले माछा मन पराउँछ भने गोठे लाटोकोसेरोले मुसा । लाटोकोसेरोले सबैभन्दा मन पराउने आहारा भनेको नै मुसा हो । जहाँ मान्छेका बस्ती हुन्छन्, त्यहाँ अन्न उत्पादन हुन्छ र सुखी क्षेत्र मानिन्छ । साथै त्यहाँ अन्न खाने मुसा सक्रिय हुन्छन् र मुसालाई आहारा बनाउने पंछी र अन्य जीव पनि पाइन्छन् । मुसा धेरै हुनु भनेको अन्नमा मान्छेको भाग खोसिनु हो । भाग खोस्ने मुसालाई तह लगाउने जीवहरू मान्छेका सहयोगी हुन् । एक जोडी लाटोकोसेरोले एक सिजनमा करिब २,००० देखि ३,००० सम्म मुसा खाएको भेटिएको छ । यसरी मुसाहरूको संख्या नियन्त्रण गरेर यसले हामीले लगाएको धान, गहुँ, मकै र कोदो आदि अन्न जोगाउन मदत गर्दछ । यसका साथै खेतबारीमा रहेका किराफट्यांग्राहरू पनि खाइदिन्छ । यसैले लाटोकोसेरो लाई किसानको साथी पनि भनिन्छ । यद्यपि लाटोकोसेरोले सिकारलाई गुँडमा लैजान्छन् । दुर्गन्ध पनि हुन्छ । त्यसैले घरहरूका अग्ला चोटा र खापामा कतै गुँड छन् भने त्यहाँबाट दुर्गन्ध आउनु स्वभाविक छ । यसको आवाज पनि अनौठो हुने भएकाले साना बालबालिका डराउँछन् भनेर मान्छेहरू यसलाई आफ्ना नजिक गुँड पनि लगाउन दिँदैनन् । लगाएको पाइए त्यसको आउजाउ गर्ने प्वाल टालिदिने, चल्ला झिकेर फाल्ने र माउ धपाउने गरेका घटना पनि अभिलेख भएका छन् ।

दक्षिण अफ्रिकामा लाटोकोसेरोको कृत्रिम गुँडहरूको कारणले किसानले मुसा मार्न विषादिमा खर्च गर्ने रकम उल्लेख्य रूपमा घटेको एक अध्ययनले देखाएको छ । ५०० रोपनी जग्गा भएको ठाउँमा एक कृत्रिम गुँड आवश्यक हुने अध्ययनले देखाएको छ ।



नवलपरासी जिल्लाका केही गाउँहरूमा किसानले खेतबारीमा बाँस वा लट्ठी राखेर मुसा नियन्त्रण गर्ने प्रयास गरेका छन् । बाँस वा लट्ठी राख्दा लाटोकोसेरोलाई बस्न सहज हुन्छ भन्ने विश्वास गरेका छन् तर, यसबारे अध्ययन हुन भने बाँकी नै छ ।

तर, तथ्य के हो भने सिकारका लागि अडिन र निगरानी गर्न रूख नभएका ठाउँमा बाँस वा कुनै घोचा गाडिन्छ भने त्यो लाटोकोसेरोका लागि सहयोग नै हो । सिकार गर्नका लागि लाटोकोसेरोहरू कुनै खास स्थानमा बसेर निगरानी गर्छन् र मुसा निस्केको देखेपछि त्यसलाई समात्छन् ।

मलेसियाको सेलाङ्गोर राज्यमा किसानहरूले तेल निकाल्ने पाल्म बिरूवा रोप्ने गर्दछन् । उक्त बिरूवालाई मुसाले नोक्सान गर्ने भएकोले ८२ प्रतिशत किसानले गोठे लाटोकोसेरोको लागि कृत्रिम गुँड बनाएका छन् । अध्ययन अनुसार यस्तो विधि अख्तियार गर्दा मुसा नियन्त्रणको लागि लाग्ने खर्चमा चार गुणासम्म कमी आएको छ ।

### वातावरण सन्तुलनः

हाम्रा वरिपरि पाइने सर्प, किरा-फट्यांग्रा र भ्यागुतालाई लाटोकोसेरोले खान्छन् । यिनीहरू मरे पछि माटोमा मिसिन्छन् । सोही माटोमा बिरूवाहरू निस्कन्छन् । बिरूवाहरूको आसपास फेरि सर्प, किरा-फट्यांग्रा लगायतका जीवहरू बस्न थाल्छन् । पर्यावरणीय चक्रममा यिनका बीच नियमित रूपमा अन्तर्क्रिया भइरहन्छ । प्रकृतिमा चलिरहने यो अन्तर्क्रियाको चक्रले वातावरण सन्तुलनको काम गर्दछ, जसलाई पारस्थितीकीय प्रणाली भनिन्छ ।

### पर्यापर्यटनः

नेपालमा आउने पर्यटकहरूमध्ये ५ देखि ८ प्रतिशत चरा हेर्नका लागि आउँछन् भन्ने विश्वास गरिन्छ । चरा हेर्न आउने पर्यटकको आगमन दर बढ्न थालेको छ । तिनै 'बर्ड वाचर' पर्यटकले लाटोकोसेरो पनि हेर्छन् । चरा हेर्ने र देखाउने दुवैको माध्यमबाट पर्यापर्यटन विकास हुन्छ । यसले स्थानीय जिविकोपार्जनमा सहयोग गर्दछ भने देशको अर्थतन्त्रलाई पनि बलियो बनाउँछ ।



नेपालमा चरा हेर्ने पर्यटकको संख्या पछिल्लो समय बढ्दो छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र, चितवन राष्ट्रिय निकुञ्ज र कोसी टप्पु वन्यजन्तु आरक्ष लगायतका संरक्षित क्षेत्रहरू चरा अवलोकनका लागि उपयुक्त गन्तव्य मानिन्छन् । हिमाली भेगहरू उपल्लो हुम्ला, सोलुखुम्बु र रसुवा आदि पनि राम्रा क्षेत्रहरूमा गनिन्छन् । नेपालमा हाल ३७ वटा क्षेत्रहरूलाई 'महत्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र' घोषणा गरिएको छ । दसक अघिसम्म नेपालमा चराका वासस्थान र प्रजाति देखाउने/चिनाउने जनशक्ति सीमित थिए । तर, अब रूचि राख्ने पर्यटकको आगमनसँगै त्यस्ता जनशक्ति पनि बढेका छन् । कुन कुन क्षेत्रमा कस्ता चरा र वन्यजन्तुका प्रजाति सजिलै वा पर्खेर हेर्न सकिन्छ भन्ने जानकारी दिएर 'नेचर गाइड' ले पर्यटकलाई लैजाने गरेका छन् । समुद्र सतहको ५०/६० मिटरदेखि ५ हजार मिटरसम्मका विभिन्न भूभागमा नेपालमा चरा हेर्न सकिन्छ । चरा हेर्ने, देखाउने र अध्ययन गर्ने चलन क्रमशः बढेपनि उनीहरूका बासस्थान संरक्षणका लागि पशुपंछीमैत्री बानी भने जनमानसमा तुलनात्मकरूपमा बढ्न नसकेको अवस्था छ ।

### धार्मिक महत्वः


लाटोकोसेरोलाई देवी लक्ष्मीको वाहन मानिन्छ । हिन्दु धर्ममा देवी लक्ष्मीसँगै लाटोकोसेरोलाई पनि भगवानका रूपमा पुजिन्छ । गुरूङ संस्कृतिमा घाम र जुनको बीचमा तालमेल मिलाएर पृथ्वीलाई बस्न योग्य बनाउने पंक्षीका रूपमा पुजिन्छ । अरबमा इस्लाम धर्मावलम्वीको केही समुहहरूले मानिस मरेपछि लाटोकोसेरोको जुनीमा प्रवेश गर्ने विश्वास गर्दछन् ।

### पंक्षी अधिकारः

पृथ्वी सबैको साझा घर हो । हामी बिस्तारै जीवहरूको बासस्थान मास्दै आफ्नो घर बनाउँदै छौं । नेपालमा शहरी क्षेत्रको जनसंख्या वर्षेनी ३.२१ प्रतिशतका दरले बढदै गएको छ । साथै वार्षिक वनविनासको दर १.७ प्रतिशत छ । हाम्रो अधिकारका बारेमा मानवअधिकार आयोग बनेका छन् । तर, के भुल्न हुँदैन भने यो घर चराको पनि हो, यो घर लाटोकोसेरोको पनि हो । बाँच्न पाउने अधिकारका हिसाबले पनि यिनको संरक्षण आवश्यक छ । पशुपंछीको संरक्षणले मानवीय बसोबास र जीवनमा नोक्सान गर्दैन । प्रकृतिको चक्रमा एकले अर्काको भुमिका संतुलित पारिरहेको हुन्छ । मान्छेको बलमिच्याइँले वन्यजन्तु र पंछीका कुनै प्रजाति घरपालुवामा परिणत भएका छन् भने धेरै प्रजाति लोपोन्मुख पनि भएका छन् ।

### वातावरणको सूचकः

कुनै क्षेत्रमा लाटोकोसेरो हुनु भनेको तिनीहरू बस्ने बासस्थान लगायत आहाराहरू जस्तैः सर्प, भ्यागुता, माछा र मुसा आदि पाइन्छन् भन्ने अर्थ लाग्छ । यिनको उपस्थितिले उक्त क्षेत्रमा सबै वातावरणीय तत्वहरू छन् र राम्रो सँग अन्तर्क्रिया भइरहेको भन्ने संकेत गर्दछ । वातावरणीय स्वास्थ्यको सूचकका रूपमा यिनले काम गर्दछन् । लाटोकोसेरोले आहारा बनाउने जीवहरू अन्य पशुपंछीको पनि आहारा हुन् । प्रकृतिको चक्रमा एकअर्कालाई शिकार गरेर बाँच्ने पशुपंछीका कारण कसैको वंश भने संकटमा पर्दैन । जस्तै : लाटोकोसेरोले मुसालाई आहारा बनाउने भएपनि मुसाको समुल वंश भने नास हुँदैन । धेरै बच्चा पार्ने भएकाले मुसाले आफ्नो जीवन चक्र चलाइरहेकै हुन्छ । आफूलाई सिकार गर्ने शत्रु जीवबाट सकभर आफू जोगिने र जोगिएर बंशबृद्धि गरिरहेकै हुन्छ ।



लाटोकोसेरोहरू वातावरणका अभिन्न अंग हुन् तर, यिनीहरू अबुझ मान्छेका कारण संकटमा छन् ।




जानीनजानी यसरी समात्दा लाटोकोसेरोको आफ्नै बासस्थानमा बस्न पाउने अधिकारको वेवास्था भएका छन्।

# संरक्षणका चुनौतीहरु

### वासस्थान विनासः

हालसालैको अध्ययनले वन क्षेत्र बढेको देखाएपनि पहिले देखि वन क्षेत्र घट्दै गइरहेको थियो । लाटोकोसेरोको बस्ने ठाउँ सुकेका रूखहरू, वन कार्यालय वा सामुदायिक वन जो सुकैले होस, जोगाएर राख्दैनन् । यसका साथै पहिरोले पहराहरूमा बस्ने हुचील प्रजातिलाई असर गर्दछ भने वन डढेलोले (तराइ र मध्य पहाडी क्षेत्र) सबैखालको वासस्थानलाई असर गरिरहेको छ । यो वासस्थान लाटोकोसेरोको धेरै प्रजाति पाइने क्षेत्र पनि हो । नेपालमा गैंडा र बाघ जसरी घट्दै छ वा बढ्दै छ भन्ने जानकारी संगै वासस्थानको विनास र ह्रासको कारणले यिनको संख्यालाई नकारात्मक असर पारेको कुरामा दुई मत भने छैन । पंक्षीका हकमा पनि यस्तै छ ।





### चोरी शिकारः

मानिसले लाटाकोसेरो र गिद्ध मारेर मासु खान्छन् भन्दा धेरैले सहजै विश्वास गर्दैनन् । तर, युवा तथा किसोरहरूले यिनलाई मारेर खाने गरेका घटना शोधका क्रममा पाइएका छन् । स्कुलेहरूमध्ये २५ प्रतिशतले उमेरको कुनै न कुनै समय गुलेली प्रयोग गर्ने गर्दछन् । मासु औषधी हुन्छ भन्ने अन्धविश्वासको कारणले निशाचरसमेत मारिन्छन् ।

नेपालमा गुलेली, बन्दुक र पासो (जाल) आदि प्रयोग गरेर यिनलाई समात्ने र मार्ने गरिन्छ । गुँडबाट बच्चाहरू निकालेर घरमा पाल्ने क्रम पनि बढ्दै गइरहेको छ । दिनहुँजसो लाटोकोसेरो घाइते भएका, मारिएका वा समातिएका घटनाहरू गाउँघर र सञ्चार माध्यममा आइरहन्छन् ।

## अवैध व्यापारः



नेपालमा बाघ, गैंडा, भालु र हिउँचितुवाको अवैध व्यापारको चर्चा चलिरहन्छ । पछिल्लो समयमा लाटोकोसेरो र हुचीलको व्यापारको पनि चर्चा कम छैन । अन्य वन्यजन्तुलाई मारेर यिनका अंगहरूको व्यापार हुन्छ भने लाटोकोसेरोको जिउँदै ओसारपसार हुन्छ । लाखौं हात पर्ने विश्वासले मानिसहरूले घरमा सानै देखि पालेका थुप्रै घटनाहरू पनि छन् । ओसार पसार गर्दा प्रहरीले बरामद गरि जिल्ला वन कार्यालयलाई बुझाएको घटना सञ्चार माध्यमहरूमा आइरहन्छन् । तर, त्यसरी बरामद तथा उद्धार गरिएका लाटोकोसेरो मध्ये धेरैलाई सानैदेखि मान्छेले नियन्त्रित अवस्थामा पालेको हुनाले वनमा लगेर छाड्दा छिटै मरेका घटना पनि छन् । पूर्वी नेपालको तेह्रथुम र धनकुटामा यस्ता घटना भएका छन् । वार्षिकरूपमा कम्तिमा पनि २,००० वटा लाटोकोसेरोको मारिने वा अवैध व्यापार हुने अनुमान गरिएको छ ।



## अन्धविश्वासः

लाटोकोसेरोको हड्डीको लेप लगाउँदा महिलामा लाग्ने थुनिलो रोग सञ्चो गर्छ भन्ने विश्वास छ । हड्डीको माला लगाउँदा राती मसानघाटमा पनि तर्साउँदैन समेत भन्छन् । मरेका लाटोकोसेरो घरमा झुन्ड्याउँदा भूतप्रेत घरभित्र छिर्दैनन् भन्ने विश्वास गरिन्छ । भारतमा त तिहारमा हजारौं लाटोकोसेरोको बलि समेत दिइन्छ । घरको सुरक्षाको लागि हिमाली भेगतिर काग र यसको प्वाँखलाई घरको ढोकामा राख्ने चलन यथावतै छ । यस्ता परम्परागत धारणा र अन्धविश्वासमा बैज्ञानिक तथ्य रहेको पुष्टि भएका छैनन् ।

अन्धविश्वासले गर्दा मारिएको एक हाप्सिलो ।



अत्यधिक दाउराको खपतले पनि लाटोकोसेरोको वासस्थानमा नकारात्मक असर गर्दछ ।




शहरतिर लाटोकोसेरोहरूलाई रमाइलोका लागि पनि पालिने गरेको पाइएको छ ।



चमेरा तथा चरा अध्ययनका लागि लगाइने जालीमा लाटोकोसेरोहरू पनि पर्ने गरेका छन् ।

# नेपालमा लाटोकोसेरोको अंगहरूको प्रयोग बारेका अन्धविश्वासहरू



## नीतिनियमः

नेपालमा हालसम्म नौ प्रजातिका चराहरूलाई संरक्षित चराको सूचिमा राखिएको छ जसमा लाटोकोसेरोका कुनै पनि प्रजाति पर्दैनन् । संरक्षितको सूचिमा परेका चराहरूमा कालो गरूड, घुँघीफोर गरूड, सारस, चीर, डाँफे, मुनाल, खर मयुर, सानो खर मयुर र ठूलो धनेश छन् । पंछीका कतिपय प्रजाति संरक्षितको सूचिमा नपरेपनि संकटापन्न अवस्थामा छन् । यससम्बन्धी कामकारवाहीका लागि हामीकहाँ प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ पाँचौंपटक २०७३ चैत १७ मा संशोधन भइसकेको छ । संघीयता कार्यान्वयनसँगै सरकारले सातवटै प्रदेशका एक/एक ठाउँ पुनर्स्थापना तथा उपचारको सेवासहितको चिडियाखाना खोल्ने घोषणा गरिसकेको छ । तर, त्यसको कार्यान्वयन भइसकेको छैन ।

हालसम्म देशको २३.३९ प्रतिशत भूभागलाई संरक्षित क्षेत्र घोषणा गरिएको छ । तर, लाटोकोसेरोलगायत अन्य चराहरू हेर्नका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा एकजना पनि कर्मचारीको व्यवस्था गरिएको छैन । घाइते, अनधिकृत ओसारपसारका क्रममा बरामद र विचल्ली परेका पशुपंछी नजिक भए संरक्षित क्षेत्र वा जिल्ला वन कार्यालयको जिम्मा लगाउने चलन छ । तर, जिल्ला वन कार्यालयमा पशुपंछीको उचित रेखेदेखका लागि न जानकार जनशक्ति छन्, न त पुर्वाधार । त्यसैले उद्धार गरिएका पशुपंछी वन कार्यालयले जिल्ला पशुसेवा कार्यालयको सहयोगमा उपचार गराउने र सकेसम्म वनमै लगेर छाड्ने गरेको छ । तर, यसरी छाडिनेमध्ये जीवित रहेका घटना निकै कम छन् । जिल्ला पशुसेवा कार्यालयमा पनि वन्यजन्तु र पंछीको उपचारमा दक्ष जनशक्ति र पुर्वाधार छैनन् । जिल्ला पशु कार्यालय किसानले आयआर्जनका लागि पाल्ने घरपालुवा पशुपंछीको उपचारमा केन्द्रीत रहिआएको छ । वैज्ञानिक अध्ययन तथा संरक्षणको हिसाबले हेर्ने हो भने चराहरू सबैभन्दा पीडित समूहमा पर्दछन् । नेपालमा चराको लागि बेग्लै संरक्षण क्षेत्रको व्यवस्था गरिएको छैन, न त यिनकालागि पुनर्स्थापना केन्द्रनै स्थापना गरिएको छ । आर्थिक स्रोत जुट्नेमा बाहेक अन्य वन्यजन्तुको लागि सरकार र गैरसरकारी संस्थाहरूले त्यतिधेरै वास्ता गर्दैनन् । व्यक्तिगत रूचि र अध्ययनका कारण संरक्षण र शोधको काम गरिरहेकाहरूले पनि गैससको आर्थिक सहयोग नलिइ यो क्षेत्रमा काम गरेका छैनन् । जीवजन्तु संरक्षणका लागि सरकारले बनाएका नीति नियमहरूको कार्यान्वयनको पाटो पनि कमजोर छ ।

## विषादिको प्रयोगः

विश्वभर विषादिको प्रयोग सामान्य मानिन्छ । यस्ता विषादिहरू कृषकले किरा–फट्यांग्रा, मुसा र छुचुन्द्रो आदिको संख्या नियन्त्रण गरि खाद्यान्न उत्पादन बढाउनका लागि प्रयोग गर्छन् । त्यस्ता विषादि खाएका मुसाहरू लाटोकोसेरोले खाँदा कलेजोले काम गर्न छोड्छ र मर्छन् पनि । मुसा मात्रै नभइ विषादि खाएका वा कुनै कारणले शरीरमा विषादि भएका भ्यागुता, किरा–फट्यांग्रा खाँदा पनि लाटोकोसेरो बिरामी पर्ने वा मर्ने गर्दछन् । क्यानाडामा गरिएको एक अध्ययनले विषादि खाएका मुसाहरू तुरुन्तै नमरेपनि तिनको व्यवहारमा परिवर्तन भएको देखाएको छ । सामान्य अवस्थामा छिटो छिटो आफ्ना प्वालमा आउजाउ गरिरहने, लुक्ने र चनाखो रहने व्यवहार विषको असर परेका मुसामा फरक हुन्छ । उनीहरू लाटिन्छन् । प्वालबाट बढि समय बाहिर बिताउँछन्, गुँडमा फर्कन जान्दैनन् र यहीबेला लाटोकोसेरो लगायतका अन्य जीवहरूको लागि सजिलै आहारा बन्छन् । नेपालमा पनि विषादिको प्रयोगलाई सामान्यरूपमा लिइए पनि १६ प्रकारका विषादि आयात र प्रयोगमा प्रतिबन्धित छन् । तर, खुला सीमाना र फितलो अनुगमनका कारण घातक प्रकारका विषादिको प्रयोग भए/नभएको पत्ता लगाउन गाह्रो छ ।

संसारभर प्रयोग हुने विषादिको तथ्यांकमा युरोपमा मात्रै ४५ प्रतिशत, २४ प्रतिशत अमेरिका र ३१ प्रतिशत बाँकी देशहरूमा प्रयोग हुने उल्लेख रहेको पाइएको छ । नेपालमा हालसम्मको अध्ययनले प्रति हेक्टर ०.१४२ किलो

विषादिको प्रयोग गरिएको भेटिएको छ । नेपालमा खेतीबालीमा उपयोग गरिने विषादिमध्ये ९५ प्रतिशत भारतबाटै ल्याइन्छ । खुला सीमाना, पारिको बजारमा सुलभ किनमेलका कारण किसानले के-कस्ता विषादि कति मात्रामा उपयोग गरिरहेका छन् भन्ने तथ्यको अध्ययन वर्षेनी आवश्यक छ । किसानलाई बालीमा लाग्ने शत्रु जीव र मित्र जीवको पहिचान, तिनको नियन्त्रणका लागि 'साइड इफेक्ट' नहुने जैविक विषादि प्रयोगमा जानकार गराउनुपर्ने आवश्यकता छ । बाली जोगाउन भनेर उपयोग गरिने घातक विषादिले किरा-फट्यांग्रालगायत जीव तत्काल नियन्त्रण गरेपनि असर लामो समयसम्म रहने भएकाले मानव स्वास्थ्यमा पनि प्रतिकूल असर पार्छ ।



विषादीयुक्त आहारा खाएर मरेको कोचलगाँडे लाटोकोसेरो ।

**अन्य:**

चमेरोको वा चराको अध्ययन गर्दा पासोमा पर्ने, गाडीमा ठोक्किने, घरमा लाटाकोसेरो बस्ने प्वालहरू थुन्ने, माछा थाप्न राखेको पासोमा पर्ने, उड्ने बेलामा भूइँमा खसेर मानिसहरूले मार्ने आदि घटना पनि यिनका लागि दिन प्रतिदिन चुनौती बन्दै गइरहेको छ । धेरैपटक टुँडाल सफाइ, पुराना घर-भवन भत्काइँदा लाटोकोसेरोका गुँड धरापमा पर्ने गरेको छ ।

खेती गर्ने घट्दो चलन, बढ्दो मानवीय बस्ती, काठ र फुसका घरको तुलनामा पक्की संरचना लाटोकोसेरोजस्ता पंछीका लागि मात्र नभइ मान्छेको बसोबासमा गुँड लगाउने चमेरा, भँगेरा, डांग्रे/रूप्पी, जुरेली आदिका लागि पनि असहज बन्दै आएको छ । घना बस्ती, नगर, नगरोन्मुख बजार आदिका बसोबासीको परिवर्तित घरका संरचना मात्र होइन, स-सानो क्षेत्र, करेसाबारीमा बाली लगाउने, तिनमा विषादिको उपयोग गरिहाल्ने बानी मान्छेका नजिक बस्ने पंछीका सबै प्रजातिका लागि घातक छ । लाटोकोसेरोमात्र नभइ मानवबस्ती आसपास बस्न रूचाउने जीवजन्तुका थुप्रै प्रजाति छन् । गुँड लगाउन अप्ठ्यारो, लगाइहाले निकालेर मिल्काइदिने, आउजाउमा बाधा पार्ने र किटनासक चलाएर मरेका किरा-फट्यांग्रालाई आहारा बनाउने पंछी सधैं संकटमा छन् ।

### आधारभूत अध्ययनः

सन् २००८ र २००९ मा मनाङ र मुस्ताङ जिल्लाका १४ वटा स्थानमा लाटोकोसेरोको अध्ययनको लागि स्थायी अनुगमन क्षेत्रको पहिचान गरिएको थियो। ती ठाउँहरू समुद्र सतहबाट १७२० मिटरदेखि ४५०० मिटरसम्मका भूभाग थिए। पहिलोपटक गरिएको यस्तो अध्ययनमा विभिन्न लाटोकोसेरोको आवाजहरू बजाइएको थियो। यसरी आवाज बजाउँदा उक्त क्षेत्रमा सो प्रजाति छ भने आवाज फर्काउने गर्दछ। जुन प्रजातिको आवाज बजाइन्छ, उक्त प्रजातिका लाटोकोसेरोले सुनेका छन् भने जवाफमा उनीहरू पनि कराउने गर्छन्। यसैको आधारमा कुन प्रजाति छ र, कति संख्यामा छन् भन्ने अनुमान गर्न सकिन्छ। यसका लागि करिब एक महिनाको अवधिमा दुइ समूहले दुईवटा जिल्लामा काम गरेको थियो। अध्ययनको क्रममा ७ प्रजातिका लाटोकोसेरो भेटिएका थिए। उक्त क्षेत्रमा भएको लाटोकोसेरोको अध्ययनबाहेक मुलुकमा अन्त कतै कसैले गरेको अध्ययन प्रकाशमा आएको छैन।



लाटोकोसेरोको आवाज बजाएर पहिलोपटक मनाङमा गरिएको अध्ययन। यसरी आवाज बजाउँदा सोही प्रजाति छन् भने कराउने गर्दछन्।



नेपालको पहिलो लाटोकोसेरो अध्ययन तथा संरक्षण टोलीका सदस्यहरू।

संगठितरूपमा लाटोकोसेरोको प्रजाति, वासस्थान, बानी र अवस्थाबारे ठूलो क्षेत्र समेट्ने अध्ययन हुन सकेको छैन। यस्ता अध्ययन तराइदेखि हिमालसम्म गर्दा सबै प्रकारका प्रजातिको अवस्था थाहा हुने भएकाले संरक्षण गतिविधि सञ्चालन गर्न सहज हुने गर्दछ। मनाङ–मुस्ताङमा आवाज बजाएर कुन कुन प्रजाति, कस्ता बास्थानमा पाइए भन्ने अध्ययनका क्रममा उक्त क्षेत्रमा २९१ जना गाउँलेसँग मान्छे र लाटोकोसेरोको अन्तर्सम्बन्धका बारेमा समेत अध्ययन गरिएको थियो। यस्तो अध्ययन भक्तपुर र कास्की जिल्लामा समेत गरिएको छ। मानिसहरू कुनै न कुनै रूपमा लाटोकोसेरोसँग परिचित छन् भन्ने अध्ययनहरूले देखाएका छन्।

### संरक्षण चेतना शिविरः

नेपालमा चरा अध्ययनको इतिहास लामो भएपनि लाटोकोसेरो संरक्षणका कार्यक्रमहरू भएका थिएनन्। सन् २००८ मा पहिलोपटक काठमाडौंमा विद्यार्थीहरूका लागि लाटोकोसेरो संरक्षण चेतना शिविर सञ्चालन गरिएको थियो। त्यसपछिका दिनमा देशभर करिब ५ सय २३ लाटोकोसेरो संरक्षण चेतना शिविर सञ्चालन गरिसकिएको छ।

हालसम्म १४ हजार ९ सय १८ विद्यार्थीहरू तथा २१ हजार ७ सय ८२ स्थानीयमार्फत लाटोकोसेरो संरक्षणको सन्देश फैलाउने कार्य सम्पन्न भइसकेको छ । चञ्चले उमेरका विद्यार्थीहरूले रमाइलोका लागि गुलेली प्रयोग गर्ने, फुल निकाल्ने, गुँड भत्काउने, वन क्षेत्रमा आगो लगाउने आदि गर्ने हुनाले यो कार्यक्रमको सुरूवात गरिएको थियो । कार्यक्रममार्फत लाटोकोसेरोको जानकारी, महत्व र तिनलाई जोगाउन विद्यार्थी र सर्वसाधारणले के गर्न सक्छन् भन्ने विषयमा जानकारी गराइन्छ ।

| क्र.सं. | जिल्ला | शिविर संख्या | सहभागी विद्यालय | स्थानीयको सहभागिता | सहभागी विद्यार्थी |
|---|---|---|---|---|---|
| १ | संखुवासभा | ४ | २ | २० | ९० |
| २ | भक्तपुर | १८ | १८ | १८२ | ६२४ |
| ३ | काठमाडौं | १ | १ | १ | १४ |
| ४ | धादिङ | ३२ | ६ | २०७ | १८४५ |
| ५ | तनहुँ | ४१ | ९ | १३ | १२७१ |
| ६ | कास्की | ५४ | १५ | ३५०० | १५२९ |
| ७ | मनाङ | २४ | ९ | ८९ | २३५ |
| ८ | मुस्ताङ | २३ | ९ | ७० | ३८५ |
| ९ | चितवन | ५० | १२ | १८०० | ३०० |
| १० | नवलपरासी | ७ | ७ | ३००० | ५०० |
| ११ | गोरखा | ८ | २ | ३००० | ५०० |
| १२ | मकवानपुर | १४ | ८ | | ३०५ |
| १३ | बारा | १० | ६ | | ८९१ |
| १४ | पर्सा | ४ | १ | | २१० |
| १५ | रौतहट | ४ | १ | | ५७ |
| १६ | महोत्तरी | २० | ४ | | ६२४ |
| १७ | सिरहा | १५ | २ | | २९६ |
| १८ | रूपन्देही | ७ | १० | ८ | ३१४ |
| १९ | कपिलवस्तु | २१ | ६ | ९५१० | ९१० |
| २० | दाङ | ८ | ६ | | २७८ |
| २१ | बाँके | ७ | ५ | १८ | २०१ |
| २२ | बर्दिया | ४ | ४ | | ११७ |
| २३ | कैलाली | २ | १ | | ७० |
| २४ | सल्यान, सुर्खेत, जाजरकोट, रूकुम, डडेलधुरा, डोटी, अछाम | ७५ | २० | ३०९ | १६४४ |
| २५ | ओखलढुंगा, भोजपुर, खोटाङ | ७० | २२ | ५५ | १७०८ |
| | **जम्मा** | **५२३** | **१८६** | **२१७८२** | **१४९१८** |

नेपालको पहिलो लाटोकोसेरो संरक्षण शिविर ।





लाटोकोसेरो संरक्षण शिविरमा विद्यार्थीहरुलाई लाटोकोसेरोको सबै आयामहरूको बारेमा जानकारी गराइन्छ ।

मुस्ताङ जिल्लामा गरिएको एउटा लाटोकोसेरो संरक्षण शिविर ।



## रेडियो कार्यक्रमः

लाटोकोसेरो संरक्षणसम्बन्धी रेडियो कार्यक्रमहरू नियमितरूपमा सञ्चालित छन् । 'लाटोकोसेरोको आवाज' नामक रेडियो कार्यक्रम पश्चिम नेपाल, मध्यनेपाल तथा पूर्वी नेपालका पहाडी तथा तराइ भुभाग समेट्ने गरि १३ वटा एफएमबाट सञ्चालन भइसकेका छन् । नियमित कार्यक्रमबाहेक बीबीसी नेपाली सेवा, कान्तिपुर एफएम, उज्यालो नेटवर्क र सीआइएन जस्ता रेडियोका देशव्यापी प्रसारण सञ्जाल भएका सञ्चारमाध्यमले पनि यिनको महत्वको बारेमा कार्यक्रम बजाइरहन्छन् । यसैगरि लाटाकोसेरोको विभिन्न आयामहरूलाई समेटेर २० भन्दा बढि अन्तर्वार्ताहरू समेत प्रसारण भएका छन् । सरोकारवालाहरूलाई लाटोकोसेरोको महत्व जानकारी गराउने र तिनको अवैध व्यापारमा हुने संलग्नतालाई घटाउने उदेश्यका साथ चलाइएका यी कार्यक्रमहरूको प्रभावको मूल्यांकन हुन बाँकी नै छ । तैपनि पहिले-पहिलेजस्तो खुलारूपमा व्यापारकालागि लाटोकोसेरो लिएर हिँड्ने घटना आजभोलि केही हदसम्म कम भएको छ । घाइते भेटिए फोन गरेर जानकार/संरक्षणकर्मीलाई सोध्नेहरू पनि बढेका छन् । बीबीसी नेपाली सेवा रेडियोका स्रोता संख्यालाई मान्ने हो भने पनि कम्तिमा ६० लाखले यिनका बारेमा जानकारी पाइसकेका छन् ।



रेडियो कार्यक्रम मार्फत एकैपटक धेरैजनामा जानकारी पुऱ्याउन सकिन्छ ।

## नेपाल लाटोकोसेरो तथा हुचील उत्सवः

लाटोकोसेरोको अवैध चोरी शिकार तथा व्यापार सबै जिल्लामा बढेको देखेर सन् २०१२ देखि 'नेपाल लाटोकोसेरो तथा हुचील उत्सव' गर्न थालिएको छ । यो उत्सवमा स्थानीय संस्कृति, खेलहरू तथा लाटोकोसेरो संरक्षणका विविध कार्यक्रमहरू गरिन्छ । लाटोकोसेरोको अस्थायी म्युजियम, चरा अवलोकन, संरक्षण चेतना शिविर, अनुहारमा लाटोकोसेरो बनाउने र लाटोकोसेरोको आवाज सुन्ने आदि उत्सवका प्रमुख आकर्षण रहँदै आएका छन् । वर्षेनी फरक-फरक गाउँठाउँ छनोट गर्दै आयोजना गरिने उत्सवका अवसरमा नेपाल तथा विदेशमा रहेर लाटोकोसेरो वा प्रकृति संरक्षणका कार्यमा क्रियाशीललाई राष्ट्रिय प्रकृति संरक्षण पुरस्कारबाट समेत सम्मान गरिन्छ । १ सय ८० जनाको उपस्थितिमा धादिङबाट उत्सव थालनी गरिएको थियो । हालसम्म उत्सव चितवन, नवलपरासी, गोरखा, कास्की हुँदै कपिलवस्तु जिल्लाका विभिन्न स्थानमा भइसकेका छन् । यी उत्सवहरूमा हालसम्म करीब २० हजार जनाले सहभागिता जनाइसकेका छन् ।

चरा र त्यसमा पनि लाटोकोसेरो किन जोगाउने, यसको वातावरणीय चक्रमा महत्व के छ भन्ने बारे जानकारी दिइने, अन्तर्क्रिया गरिने र गाउँलेसँगै स्कुले बालबालिकालाई यसको संरक्षणमा प्रेरित गरिने गतिविधि उत्सवका क्रममा गरिन्छ । कुनै पनि पशुपंछीका विविध आयाम र महत्वबारे जानकारी स्थानीयस्तरमा पुग्दा संरक्षणको काम सजिलो हुन्छ । यही उत्सवको उदेश्य हो । यस्तो उत्सव अमेरिका र इटालीमा पनि आयोजना हुँदै आएका छन् ।

संरक्षणकर्मी, शोधकर्ता, जिज्ञासू र स्थानीय समुदायबीच अन्तर्क्रियात्मक कार्यक्रम लाटोकोसेरो जोगाउन सकारात्मक भइआएको छ । यस्ता उत्सव र भेलाको माध्यमबाट प्रत्यक्ष हजारौं तथा अप्रत्यक्षरूपमा लाखौं मानिसलाई लाटोकोसेरो संरक्षणबारे जानकारी गराइन्छ । यो पंछीको महत्व र यसलाई जोगाएर वातावरणीय चक्रमा संतुलन कायम गराउन भुमिका खेल्न प्रेरित गरिन्छ ।

संरक्षणमा लाग्न प्रेरणा दिन कुनै पनि जीवजन्तुको बारेमा विस्तृत जानकारी पाउनु उचित हुन्छ । पृथ्वी मान्छेको मात्रै बासस्थान होइन । प्रकृतिप्रदत्त जीवजन्तु सबैले बाँच्न पाउनुपर्छ । सबै जीवजन्तुको जीवन एकअर्कासँग कुनै न कुनै रूपमा सम्बन्ध राख्दछ । उत्सवले लाटोकोसेरोले खेल्ने भुमिकाबारे जानकारी लिएर यसलाई जोगाउन गर्नुपर्ने र गर्न सकिने व्यवहारका बारेमा जानकारी दिन्छ । जिज्ञासू र जानकार बीच संवाद गराउने गरेको छ ।

## नेपाल लाटोकोसेरो तथा हुचील उत्सवका केही झलकहरू











adidas


















NEPAL OWL
FESTIVAL




## नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो:

नेपाल सरकारले अन्य अपराध सरह वन्यजन्तु अपराधलाई पनि मानेको छ। यसैको लागि भनेर नेपाल प्रहरी पिलर ४ मार्फत वन्यजन्तुको अवैध शिकार र व्यापार नियन्त्रणको लागि परिचालित छ। यसका लागि काठमाडौं बाहेक विभिन्न क्षेत्रमा कार्यालय स्थापना गरेर काम गर्दै आएको छ। हालसम्म यसले लाटोकोसेरोको अवैध व्यापारमा संलग्न थुप्रैलाई समातेर कार्वाही प्रक्रियाको लागि वन कार्यालयलाई हस्तान्तरण गरिसकेको छ।

वन्यजन्तु विशेषगरि लाटोकोसेरोको अवैध व्यापार र शिकारलाई निरूत्साहित गर्ने कार्यमा जिल्ला वन कार्यालयहरू, वन्यजन्तु संरक्षण नेपाल, नेपाल पंक्षी संरक्षण संघ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको पनि अहम् भूमिका रहिआएको छ। व्यक्तिगतरूपमा धेरै संरक्षणकर्मीहरूले सहयोग समेत गरेका छन्।

## संरक्षण क्षेत्रको स्थापना:

लाटोकोसेरो अध्ययन र संरक्षणका लागि विशेष कार्यक्रम नभएपनि नेपाल सरकारले हाल सम्म २३.३९ प्रतिशत क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरेर एकमुष्ठ रूपमा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। संरक्षित क्षेत्र सबै प्रकारका पशुपंछीका लागि भएकाले विभिन्न स्तनधारी वन्यजन्तुसँगै लाटोकोसेरोको पनि संरक्षण हुँदै आएको मान्नु पर्छ। नेपालमा हालसम्म १२ वटा राष्ट्रिय निकुञ्ज, १ वटा वन्यजन्तु आरक्ष, ६ वटा संरक्षण क्षेत्र, १३ वटा मध्यवर्ती क्षेत्र (निकुञ्ज र आरक्ष वरिपरिको क्षेत्र) र एउटा शिकार आरक्ष छन्।




(संक्षे : संरक्षण क्षेत्र, रानि : राष्ट्रिय निकुञ्ज, शिआ : शिकार आरक्ष, बआ : वन्यजन्तु आरक्ष)

### चोरी शिकारको अध्ययनः

नेपालमा लाटोकोसेरो नमारिएको वा नबेचिएको शायदै कुनै जिल्ला होला । चाहे हुम्लाको सदरमुकाम सिमिकोट होस् वा कपिलवस्तुको पतरिया गाविस, सबै ठाउँमा यिनको शिकार सामान्य छ । मासुको लागि मार्ने र बेच्ने गरेका घटना बेलाबेला प्रकाशमा आउँछन् । कतै रमाइलोका लागि त कतै औषधीका लागि भन्दै यिनीहरूलाई मारिन्छ । पछिल्लो समय इन्टरनेटको सेवा बिस्तार, प्रयोगकर्ताको बढ्दो संख्या र सामाजिक सञ्जाल प्रयोगकर्ताका कारण अन्य घटना जसरी नै चोरीशिकार र लाटोकोसेरोलगायत पंछीलाई हानी पुऱ्याउने/पुऱ्याएका तथा उद्धार गरिएका घटना क्रियाकलाप प्रकाशमा आउन थालेका छन् ।



इलामको दानाबारीमा पालेर राखिएको मलाहा हुचील ।



काठमाडौंमा भेटेर पुनः जंगलमा छाड्न लागिएको चश्मे उलूक ।

## नेपाल बाहिर भएका संरक्षणका प्रयासहरू

### अध्ययन/अनुसन्धानः

यसको लागि नै भनेर बेलायतमा विश्व लाटोकोसेरो कोषको स्थापना भएको छ भने अमेरिकाको मोनटानामा लाटोकोसेरो अनुसन्धान केन्द्रको स्थापना गरिएको छ । मलेसियामा लाटोकोसेरोको संग्रहालय नै स्थापना गरिएको छ । लाटोकोसेरो र यसको आहाराको बारेमा बेलायतमा तथा यसको अवैध व्यापारको बारेमा भारतमा अध्ययनहरू भएका छन् ।

विश्व लाटोकोसेरो परियोजनाले संसारभर पाइने लाटोकोसेराको अनुवांशिक तथ्यको अध्ययनहरू गर्दछ । यस्तो अध्ययन कसरी गर्ने भनेर कार्यविधिसमेत बनाएको छ । यसले १२३ प्रजाति र उपप्रजातिका लाटाकोसेरोहरूको अनुवांशिक नमुनाको अभिलेख तयार गरेको छ । विश्वका विभिन्न विश्वविद्यालयहरूमा शिकारी प्रजातिका चराहरूका बारेमा अध्यापन समेत गराइन्छ । अमेरिकामा मात्रै करिब ४७ विश्वविद्यालयमा चराहरूको बारेमा अध्यापन गराइन्छ ।

विश्वभरका वैज्ञानिक र संरक्षणकर्मीहरू सहभागी हुने गरेको विश्व लाटोकोसेरो सम्मेलन नियमितरूपमा सञ्चालन गरिँदै आएको छ ।

### संरक्षणः

अध्ययन मात्र नभइ संरक्षणका लागि समेत अमेरिकामा अन्तर्राष्ट्रिय लाटोकोसेरो केन्द्र स्थापना गरेर कामहरू सुरू भएका छन् । रूफर्ड स्मल ग्राण्ट कार्यक्रमले नेपालमा अध्ययन/संरक्षणका लागि सघाएको छ । बेलायतको अन्तर्राष्ट्रिय लाटोकोसेरो केन्द्रमार्फत संसारभर लाटाकोसेरो संरक्षणका कार्यक्रमहरू सञ्चालित छन् । दक्षिण अफ्रिकामा कृत्रिम गुँड वितरण गरेर लाटोकोसेरोको संख्या बढाउन तथा मुसा नियन्त्रण गर्न विभिन्न कार्यक्रमहरू समेत सञ्चालित छन् । owlpages.com ले संसारभरका लाटोकोसेरोको जानकारी एक ठाउँमा उपलब्ध गराउँछ ।

### पुनर्स्थापना केन्द्रः

विभिन्न देशहरूमा लाटोकोसेरोलगायत अन्य वन्यजन्तुका उपचार तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालित छन् । यस्ता पुनर्स्थापना केन्द्रले घाइते तथा टुहुरा चराहरूलाई उपचार गरेर प्राकृतिक वासस्थानमा छाड्ने गर्दछन् । फर्कन नसक्नेलाई उपचार पछि संरक्षणका काममा प्रयोग गरिन्छ । उपचार हुनै नसक्नेलाई मार्ने समेत गरिन्छ । बेलायतमा मात्रै करिब ७० वटा वन्यजन्तु उद्दार तथा उपचार केन्द्रहरू सञ्चालित छन् ।

### अन्तर्राष्ट्रिय लाटोकोसेरो महोत्सवः

अमेरिकाको मिनेसोटामा सन् २००६ बाट सुरू भएको यो महोत्सव नेपालमा आयोजना गर्न थालिएको लाटोकोसेरो तथा हुचील उत्सवको प्रेरणाको स्रोत हो । महोत्सवमा लाटोकोसेरोको आवाज निकाल्ने प्रतियोगिता, जिउँदा लाटोकोसेरोको प्रदर्शनी, विश्वभरिका लाटाकोसेरोको अध्ययन र संरक्षणमा लाग्नेलाई पुरस्कार समेतको व्यवस्था गरिएको हुन्छ । एक हप्तासम्म चल्ने उक्त कार्यक्रममा यस वर्ष दुइ हजार जनाले अवलोकन गरेका थिए । यस्तै महोत्सव इटालीमा पनि हुन्छ । प्रत्येक दुइ/दुइ वर्षमा एकपटक हुने सो महोत्सवमा २५ हजार जना हाराहारीको सहभागिता हुने गर्दछ । इटालीमा हुने महोत्सवमा लाटोकोसेरो अंकित सामग्रीहरूको प्रदर्शनका साथै शरीरमा लाटोकोसेरोका चित्र/ट्याटु बनाउने कार्यक्रम समेत हुने गर्दछ । लाटोकोसेरोको बारेमा विज्ञहरूसँग संवाद समेत गरिन्छ ।



अमेरिकामा हुने अन्तर्राष्ट्रिय लाटोकोसेरो महोत्सवको एक झलक ।



इटालीमा लाटोकोसेरो महोत्सवमा शरीरमा लाटोकोसेरोको चित्र बनाएकी महिला ।

### वैज्ञानिकहरूको सञ्जालः

अमेरिका स्थित अन्तर्राष्ट्रिय लाटोकोसेरो परियोजना अन्तर्गत विश्वभरका वैज्ञानिकहरूको सञ्जाल स्थापना गरिएको छ र यो परियोजनामा स्वयंसेवक वैज्ञानिकहरूले अध्ययन-अनुसन्धानका लागि विज्ञता प्रदान गर्दछन् । विश्वभर भएका अनुसन्धानहरूलाई पुस्तक तथा शोध ग्रन्थका रूपमा प्रकाशित गर्ने काम समेत गरिन्छ ।

# सञ्चारमा लाटोकोसेरो

सन २००८ मा पहिलोपटक मनाङ र मुस्ताङ जिल्लामा गरिएको लाटोकोसेरोको अध्ययनको विषयलाई खबर बनाएर 'कान्तिपुर दैनिक' पत्रिकाले छापेको थियो । हामी कहाँ यो नै सम्भवतः लाटोकोसेरोको बारेमा छापिएको पहिलो समाचार थियो । पहिले पहिले लाटोकोसेरोको प्रजातिहरूका बारेमा उल्लेख हुने गरे पनि यिनका अन्य आयामहरूको बारेमा छापिने वा प्रसारण हुने गरेको थिएन । पछिल्लो समय लाटोकोसेरोको अध्ययन र संरक्षणका समाचार बीबीसी नेपाली रेडियोदेखि स्थानीय एफएमहरूमा नियमित रूपमा आउने गरेका छन् । लाटोकोसेरो घाइते भएका, समातिएका, छाडिएका खबरहरूले काठमाडौंबाट प्रकाशित हुने राष्ट्रिय दैनिकहरू देखि स्थानीयस्तरका पत्रपत्रिकाहरूमा समेत प्राथमिकता पाएका छन् । यिनको सेरोफेरोमा समेत कलम चलाउनेहरू तथा कार्यक्रम प्रसारण गर्नेहरू बढ्दै गएका छन् । सञ्चारकर्मीमा पनि वन्य जीवनका पशुपंछी सम्बन्धी विभिन्न आयाम समेटेर समाचार लेख्ने, प्रकाशित गर्ने चलन सुरू भएको छ । लाटोकोसेरोको विषयलाई समाचारमा प्राथमिकता साथ समेट्नुका साथै जैविक विविधताको संरक्षणलाई प्रमुखता साथ खोजी गरि प्रकाशित गर्न रूचाउने शिव शर्मा, चाँदनी हमाल, बसन्त पराजुली, भीम घिमिरे, कृष्णमणि बराल, मनोज पौडेल र ईश्वर जोशीलगायतका सञ्चारकर्मी प्रकृति संरक्षण पुरस्कार बाट सम्मानित भइसकेका छन् ।

### अबरारको मेहनत

सन् २०१० मा भारतीय अनुसन्धानकर्मी अबरार अहमदले दुई दशकभन्दा बढि लाटोकोसेरोको कालो बजारीका बारेमा गरेको अध्ययनलाई समेटेर प्रतिवेदन निकाले । शिर्षक थियो "Imperilled Custodians of the Night"। उक्त प्रतिवेदनलाई आधार मानेर विश्वका मुलधारका सञ्चारमाध्यम बीबीसी र सीएनएन लगायतकाले समाचार बनाए । कसैको चासोमा नपरेको यो प्रजातिको यति धेरै अवैधरूपमा चोरीशिकार र व्यापार हुन्छ भनेर सबै चकित परेका थिए । यसबाट भारत सरकार पनि चनाखो बन्न बाध्य भएको थियो । उनले पुस्तकमा गोरखपुर र पटनाबाट काठमाडौं लाटोकोसेरो तस्कर हुने गरेको उल्लेख गरेका छन् । उनले नेपालको बागबजार क्षेत्रमा विशेष गरि तस्करहरूको चलखेल हुने समेत लेखेका छन् । सन् १९९६ देखि २००१ सम्म उनी दुइ पटकसम्म नेपाल आएको र आफूले ११ वटा लाटोकोसेरोको अवैध व्यापारबारे आभिलेख गरेको समेत उल्लेख गरेका छन् ।



.नं. २०५२/२५३ KANTIPUR Wednesday, April 15, 2009

## लाटोकोसेरोको अध्ययन गर्न हिमालतिर

अब्दुल्लाह मियाँ

काठमाडौं- लाटोकोसेरो (हुँचिल, हाफसलो) को अध्ययन गर्न एक टोली मंगलबार अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) गएको छ । लाटोकोसेरो 'रातको समयमा सक्रिय हुने' चरा प्रजाति हो ।

जीव विज्ञानका आठ सदस्यीय टोलीले हिमाली जिल्ला मनाङ र मुस्ताङमा लाटो कोसेरोको अवस्था अध्ययन गर्नेछ । लाटोकोसेरोको अध्ययन मुलुकमा पहिलोपटक हुन लागेको हो ।

इटालीका दुई स्वयंसेवक जीवशास्त्रका विद्यार्थी लियो नार्दो र एन्ड्रो भेडा टोलीमा सहभागी छन् । टोलीमा राजु आचार्य, यादव घिमिरे, विकल्प गौतम, विनोद घिमिरे र सुरेश थापालगायतका जीवशास्त्रका अध्येता छन् । टोलीको नेतृत्व गरेका छन्, चरा अध्येता राजु आचार्यले । विश्व लाटोकोसेरो कोष, विश्व लाटोकोसेरो आयोजना र 'प्रकृतिका साथी, नेपाल' मार्फत टोलीले संयुक्त रूपमा लाटोकोसेरोको अध्ययन गर्न लागेको हो ।

नेपालमा २० प्रजातिका लाटोकोसेरो छन् । तीमध्ये १३ प्रजातिका एक्याप क्षेत्रमा पाइने भएकाले अध्ययनका लागि मनाङ र मुस्ताङ चयन गरिएको अध्येता आचार्यले बताए । टोलीले ती दुई ठाउँमा १५/१५ दिन अध्ययन गर्नेछ । 'तिनको गुँड र वासस्थान हेरेर अध्ययन हुन्छ ।' आचार्यले मंगलबार कान्तिपुरसित भने, 'अध्ययनबाट तिनको अवस्था र चुनौती थाहा हुनेछ ।' वासस्थान विनाश र आहारको समस्याका कारण लाटोकोसेरोको संख्या घट्दै गएको बेला तिनको अध्ययन हुनु सकारात्मक भएको चराविद् हरिशरण नेपालीले बताए । त्रिवि, प्राणीशास्त्रका सहप्राध्यापक मुकेश चालिसेका अनुसार बाक्लो जंगल भएको पहाड र हिमाली क्षेत्रमा लाटोकोसेरो बढी पाइन्छ । रूखको धोद्रो र ढुंगाको काप लाटोकोसेरो बस्ने वासस्थान हो ।



नागरिक
Saturday, April 30, 2011, शनिबार, १७ वैशाख २०६८ nagariknews.com समाचार 3

बाघ र गैंडाकै हाराहारी

## पन्छी तस्करी

- चीन, भियतनाम, म्यानमार, कोरिया र अरब देशमा जिउँदै तस्करी
- चीनमा यौनशक्तिका लागि जिउँदै तातोपानीमा डुबाएर राखिन्छ र मरेपछि मासु खाने गरिन्छ
- केही मुलुकमा औषधिजन्य पदार्थका रूपमा प्रयोग
- अरब देशमा घरपालुवा पंक्षीका रूपमा बढी माग

श्याम भट्ट

लुम्बिनी विकास कोष क्षेत्रको वनबाट एक वर्षअघि विश्वकै ठूलो लाटोकोसेरो प्रजातिको हाप्सिलो जोडी हरायो । २० वर्षदेखि अनुगमनमा ... हाराहारीमा पन्छी तस्करी बढेको सम्बन्धित विज्ञ बताउँछन् । यसमा लाटोकोसेरो प्रजातिका पन्छी सबभन्दा अगाडि छ । योलगायत स्थानीय बजारबाट समातिएका पन्छी वन्यजन्तु तथा वनस्पति ओसारपसारसम्बन्धी अभियन्ता ... पाएर म चकित खाएँ,' उनले भने ।

लाटोकोसेरो सबभन्दा बढी आयु भएको चरा प्रजातिमा पर्छ । यो ७० वर्षभन्दा बढी बाँच्छ । एक वर्षअघि गरिएको अध्ययनअनुसार नेपालका २१ जिल्लामा लाटोकोसेरो प्रजातिका पन्छीको ... यसमा संलग्न रहेको पाइएको छ,' उनले भने ।

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले पन्छीको कारोबार निषेध गरेको छ । यसमा संलग्न अभियुक्तलाई १० हजार रुपैयाँ जरिवाना र २ वर्ष कैद सजाय तोकिएको छ । तर, ...



लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

## किसानका साथी लाटोकोसेराको उद्धार

अनिल अधिकारी/राजधानी
कास्की, १ पुस

किसानको साथीका रूपमा परिचित लाटोकोसेराको उद्धार गरी प्राकृतिक वासस्थनमा छोडिएको छ । पोखरास्थित गैरापाटनको एक घरमा अवैध ... लागि पनि लाटोकोसेराको व्यापार गरिन्छ । नेपालमा यसलाई लक्ष्मीको प्रतीकका रूपमा मानिन्छ । पोखरा र लेखनाथ नगर आसपासका विद्यालयहरूमा ५० ओटा लाटोकोसेरा संरक्षण चेतना ...

पाल्नु, नार्नु, फुल चोर्नु ... कार्यलाई नेपालको कानुन... अवैध मान्दछ । नेपालको कानुनअनुसार अवैध काम गरे... भेटिएमा १० हजार रुपैयाँसम्म जरिवाना र दुई वर्षसम्म कैद वा दुवै हुन्छ । विद्यार्थीहरूले बढी मात्रामा लाटोकोसेराहरू मार्ने हुनाले यसको महत्त्वको बारेमा चेतना जगाउनु परेको अल्टरनेटिभ्सका अध्यक्ष समुन्द्र पौडेलले जानकारी दिए । प्रकृतिका साथीहरू नामक संस्थाले विगत दुई वर्षको अवधिमा विभिन्न स्थानीय संस्थाहरूसँग मिलेर नौओटा जिल्लामा दुई सय १० ओटा लाटोकोसेरो संरक्षण शिविर सञ्चालन गरिसकेको छ ।

विश्वमा पाइने जम्मा दुई सय २५ थरिका लाटोकोसेराका प्रजातिहरूमध्ये नेपालमा २० थरिका र पोखरा आसपासमा मात्र करिब १२ प्रजातिका ...

राष्ट्रिय पत्रपत्रिकामा लाटोकोसेरो सम्बन्धि प्रकाशित समाचारहरू ।

# उल्लु साथी

**पर्यावरणीय दृष्टिले मात्र नभई सांस्कृतिक हिसाबले पनि यो चरो महत्त्वपूर्ण मानिन्छ ।**

● **मनोज पौडेल**

लाटोकोसेरो कृषकको उपयोगी साथी र कल्याणकारी चरा हो । यसले हानिकारक कीराफटयांग्रा र मुसा खाएर कृषि उब्जनीको उत्पादन बढाउन सहयोग गर्छ । रातमा मात्रै सक्रिय हुने यो सिकारी पन्छीले मुसा खान्छ । साना स्तनधारी, सरिसृप, चरा, माछा, भ्यागुता, चिप्लेकीरा, माकुरा र विभिन्न प्रकारका कीराफटयांग्रा पनि खान्छ । त्यसैले यसले पारिस्थितिकीय प्रणाली सन्तुलन राख्न सहयोग पुऱ्याउँछ । खाद्यचक्रलाई गतिशील राख्न पनि लाटोकोसेराको महत्त्वपूर्ण भूमिका हुन्छ ।

लाटोकोसेरो दिउँसो निष्क्रिय हुन्छ । रातको समयमा सक्रिय हुन्छ र आहाराको खोजी गर्छ । यसको भुवा नरम हुने भएकाले उड्दा आवाज निस्कँदैन । आँखा चलाउन नसक्ने भएकाले कहीं कतै नजर डुलाउनुपर्दा टाउको नै घुमाउँछ । त्यही भएर यसको टाउको २ सय ७० डिग्रीसम्म घुम्न सक्छ । संसारमा पाइने २ सय २५ प्रजातिका लाटोकोसेरोमध्ये नेपालमा २२ प्रजातिको पाइन्छ । २ वर्षअघि मात्र मोटेड उड औल नामक लाटोकोसेरो पहिलो पटक भेटिएपछि यहाँ पाइने प्रजातिको संख्या एउटा बढेको हो ।

लाटोकोसेरोबारे विश्वमै अनेक अन्धविश्वास छन् । संसारका कतिपय संस्कारमा यो घरको छतमा बसे संकट आउने मानिन्छ । विज्ञहरू भने यो चराको फाइदै फाइदा भएको बताउँछन् । एउटा लाटोकोसेरोको परिवारले फुल पारेर चल्ला हुर्काउन्जेलसम्मको चार महिनामा ३ हजार मुसा खान्छ । किसानहरू धान खाने मुसाबाट आजित हुन्छन् । तिनै मुसालाई लाटोकोसेरोले आफ्नो आहारा बनाउँछ ।

सानो प्रजातिलाई लाटोकोसेरो र ठूलो प्रजातिलाई सक्छ । यो हिमाल, पहाड र तराई सबैतिर बस्न सक्छ ।

लाटोकोसेरोले प्रकृतिको स्वास्थ्य सूचक काम पनि गर्छ । ठूलो खाले लाटोकोसेरो सबैभन्दा बढी आयु भएका चरा प्रजातिमा पर्छ । यिनीहरू ७० वर्षभन्दा बढी बाँच्न सक्ने विभिन्न अध्ययनले देखाएको छ । सिकारी चराका रूपमा रहेका लाटोकोसेरो पुरानो वनजंगलको सूचक पनि हो । पर्यावरणीय दृष्टिले मात्र नभई सांस्कृतिक हिसाबले पनि यो चरो महत्त्वपूर्ण मानिन्छ । लाटोकोसेरो देवी लक्ष्मीको वाहनका रूपमा समेत चिनिन्छ । यसको उपस्थितिले घरमा भूतप्रेतको बास हुँदैन भन्ने मान्यता छ । जापानमा अनिकाल, महामारी र प्राकृतिक विपत्तिलाई टाढा राख्न घरमा लाटोकोसेरोको तस्बिर राख्ने चलन छ ।

यति महत्त्व हुँदाहुँदै पनि लाटो कोसेरो मार्ने क्रम बढेकाले संरक्षणमा चुनौती देखिएको विश्व लाटोकोसेरो कोष बेलायतका देशीय प्रतिनिधि राजु आर्यायले बताए । त्यही भएर अहिले लाटोकोसेरोको सचेतना गर्नु अति आवश्यक भएको छ । अहिलेदेखि संरक्षणमा लागिएन भने यसलाई जोगाउन गाह्रो हुन्छ । यसबारे चेतना जगाउन ५ वर्षयता लाटोकोसोरो उत्सव मनाउन थालिएको हो । उत्सवमा बढी मानिस जम्मा हुने त्यही लाटोकोसेरोको महत्त्व बुझाउन सकियो भने प्रभावकारी हुने ठानेर यस्तो अभियान चलाइएको हो । दुई महिनाअघि कपिलवस्तुको जगदीशपुरमा छैटौं लाटोकोसेरो उत्सव मनाइएको थियो ।



लाटोकोसेरोको कुनै पनि अंग औषधीय प्रयोग र तान्त्रिक उपयोगबारे वैज्ञानिक आधारहरू छैनन् । तर यसबारे विद्यमान भ्रमका कारण लाटोकोसेरो संकटमा पर्दै गएको संरक्षणकर्मी कृष्ण भूषालले बताए । सञ्चारमाध्यमहरूका अनुसार भारतका केही भागमा लाटोकोसेरोलाई औंसीको रातमा बलि दिए तान्त्रिक विद्या सफल हुने अन्धविश्वास पनि छ । त्यसैले लाटोकोसेरो समातेर बेच्ने चलन भित्रभित्रै चलिआएको छ । अवैध चोरी सिकारीका कारण लाटो कोसेरोको संख्या घट्दै गएको यसबारे अनुसन्धानसमेत गर्दै आएका राजु आचार्यले बताए । दोलखा, काठमाडौं चितवन, धनगढी र इटहरी लगायतका ठाउबाट यसको अवैध व्यापार हुँदै आएको छ । बर्सेनि २ हजारभन्दा बढी लाटोकोसेराको विदेशतिर निर्यात हुन्छ । सयौंको संख्यामा मारिन्छन् । विषादीको प्रयोग र मौसम परिवर्तनका कारण पनि किसानका यी साथी संकटमा पर्दै जान थालेका छन् ।

**साभार: २०७३ चैत १३ को कोपिला ।**

# चोरी शिकारी र अवैध व्यापार

**घटना १:** २०६३ साल वैशाखमा इलाम जिल्लाको दानाबारीमा केही मानिसहरूले भिजेको मलाहा हुचीललाई घेरेर बसेका थिए । मान्छेले हुचील घरमा पाल्छन् भन्ने हामीले पहिलो पटक चाल पाएका थियौं ।

**घटना २:** २०६५ सालमा धादिङ जिल्लाको तत्कालिन नीलकण्ठ गाविसमा जाँदा केही युवाहरूले लाटोकोसेरोलाई पोलेर खाइरहेको देख्दा हामी चकित भएका थियौ । लाटोकोसेरो पनि मान्छेले खाँदा रहेछन् भनेर थाहा पाइयो ।

**घटना ३:** दोलखा जिल्लाको सिँगटीमा २०६८ सालमा एकजना मानिसले 'भाउ मिलाइदिन्छु, माल हेर्न जाउँ' भन्यो । सिँगटीखोला तरे पछि राष्ट्रिय प्रकृति संरक्षण कोषको फिल्ड अफिसको केही घर पर एक तलामुनि लिएर गयो । एउटा कोठामा चुलाको नजिकै रहेको हाप्सिलो देखाएपछि भन्यो '२५ हजारसम्ममा दिन सक्छु । ल्याउँदै १० हजार जति खर्च भएको छ ।'

यिनको अवैध चोरी शिकारी र तस्कर व्यापक छ भन्नका लागि माथिका उदाहरण नै पर्याप्त छन् । कतिपय सरकारी निकायहरू अझै पनि 'लाटोकोसेरो पाल्न पाइँदैन र ?' भन्छन् । नेपालका ४६ जिल्लामा गरिएको प्रारम्भिक अध्ययनले यिनको शिकार तथा व्यापार सामान्यरूपमा चलिरहेको भेटिएको छ । फरक कति छ भने पहिले पहिले खुल्लारूपमा हुन्थ्यो अहिले लुकेर गरिन्छ । शिकार र व्यापार किन हुन्छ भनेर हाम्रो समुहले खोतल्ने प्रयास गरेको थियो । कारणहरू यस्ता भेटिए:

**रमाइलो:**

विद्यालय छाडेका वा पढ्दै गरेका युवाहरू लाटोकोसेरोका बचेराहरू गुँडमा छ कि छैनन् भनेर पहिला नै यकिन गर्छन् । कहिलेकाही घाइते पनि भेटिन्छन् । बचरा वा लाटोकोसेरो गुँडमा भएको यकिन गरे पछि दिउँसो हातै हालेर वा पञ्जा लगाएर निकाल्छन् । यिनीहरूको उद्देश्य केवल पोलेर त्यसै वा मदिराको सितनको रूपमा खानु मात्रै हो । आफूसँग भएको गुलेली समेतले दिनको समयमा लाटोकोसेरोलाई हान्ने गरिन्छ । टाउकोमा हान्न सके खुत्रुक्कै । यस्ता समुह र व्यक्तिहरूले कहिलेकाही लोकल कुखुराको मूल्यमा स्थानीयस्तरमा बेच्ने गरिएको पनि भेटिएको छ । चितवनको किरनटारमा तीनवटा लोकल कुखुरा दिएर महाकौशिक प्रजातिको लाटोकोसेरो किनेको स्थानीयले बताएका थिए । कहिलेकाही ससाना स्कुले विद्यार्थीहरूले यसरी शिकार गरि वा समातेर नजिकैको बजारसम्म बेच्न लगेको समेत भेटिएको छ ।



कपिलवस्तुको जगदीशपुरताल नजिकै स्थानीय युवाले पक्रेको गोठे लाटोकोसेरो र कालपेचक ।

**अन्धविश्वासः**



घरको छाना वा नजिकै आएर कराउँदा उक्त घरको मानिस वा गाउँमा कोही बिरामी हुने वा मर्ने विश्वास गरिन्छ । यसै कारणले स्थानीयले घर आसपास बस्न नदिने, धपाउने, ढुंगाले हान्ने, पासोमा पार्ने र विष राखिदिने आदि गरेर मार्ने वा लखेट्ने काम गर्दछन् ।

यिनका अंगहरू घरमा राख्दा घरमा सह रहने तथा यिनको मासु वा हड्डी प्रयोग गर्दा विभिन्न रोगहरू सञ्चो हुने अन्धविश्वासको कारणले मानिसहरू यिनलाई आफैंले मार्ने वा मार्न लगाउने गर्दछन् । नेपालमा पनि तान्त्रिकहरूले झारफुकका लागि समेत लाटोकोसेरो तथा हुचील प्रयोग गरिएको भेटिएको छ ।

**कम जानकारीः**

धादिङ जिल्लाको नीलकण्ठ नगरपालिकाको पुछार बजारमा हाप्सिलो प्रजातिलाई दुइ वर्षसम्म पाल्दा करिब १८ हजार खर्च भइसकेको थियो । बिक्री हुन्छ भन्ने जानकारी भएको तर, कसलाई र कता बेच्ने भन्ने थाहा नपाएकाले पाल्न त पाले, तर केही समयपछि उक्त चरो मर्‍यो । यो घटना सात वर्ष अघिको हो । यसैगरि छ वर्ष अघि जाजरकोट र सल्यान जिल्लाका केही मानिसले भारतमा बेच्ने भनेर सातवटा हुचील समाते, बसमा नेपालगञ्ज पुर्‍याएर महिनौं पाले । हजारौं रूपैयाँ खर्च पनि भयो । पछि भने वनमा लगेर त्यसै छाडिदिए । कपिलवस्तु जिल्लाको जगदीशपुरमा पनि एकजना महिलाले दुईवटा लाटाकोसेरो पालिरहेको भेटियो । उनले ती पंछी घाइते भेटिएर ल्याएको बताइन । संरक्षणकर्मीले 'यसरी पाल्न हुँदैन, छाडिदिनुस्' भन्दा १० हजार रूपैयाँ माग गरीन् । यी सबै घटनामा मान्छेले किनबेच हुन्छ, राम्रो दाम हात पर्छ भन्ने सुनेका आधारमा लाटोकोसेरोहरू पालेको भेटिएको थियो । उनीहरूलाई लाटोकोसेरो पाल्दा, बेच्दा, मार्दा सजाय वा जरिवाना हुनसक्छ भन्ने थाहा नभएको पनि पाइएको थियो । जानकारी बिना नै गरिने यस्ता कामहरूले मान्छेका अनुत्पादक क्षेत्रमा खर्च बढाएको र दुःख पाएका घटना थुप्रै छन् ।

**नियमनकारी निकायको बेवास्ताः**

सन् २०१४ मा हुम्ला सदरमुकाममा लाटोकोसेरो सहित अन्य वन्यजन्तुहरूको अवैध शिकारको बारेमा जानकारी गराउँदा जिल्ला वनका एकजना कर्मचारीले आफूहरूसँग फिल्डमा जाने स्रोत नभएको भन्दै असमर्थता जनाएका थिए । सन् २००८ मा लमजुङ जिल्लाको बेशिसहरमा एक होटलमा पालिएको लाटोकोसेरोको बारेमा जिल्ला वन कार्यालयलाई जानकारी गराउँदा जिम्मेवार कर्मचारीले नै 'उल्लु त हो नी, पाल्न पाइँदैन र ?' भनेका थिए । त्यसैगरि सन् २०१७ सालमा जिल्ला वन कार्यालय कास्कीका जिल्ला वन अधिकृतलाई अवैध रूपमा पालिएका चराहरूको स्थानको बारेमा जानकारी गराउँदा 'तपाइँहरूले भनेको पछि लागेर चरा समाउँदै हिँड्ने हो भने अरू काम कसले गर्छ ? हाम्रो अरू काम छैन ?' भनेका थिए । विस्तृत अध्ययन गरेर आए मात्रै यस्ता घटनामा कार्वाहीका प्रक्रिया अघि बढाउनेमा छलफल गर्न सकिने उनले बताएका थिए ।

धेरैपल्ट सञ्चारमाध्यमहरूमा खबर प्रकाशित भएपछि मात्रै चरा अवैधरूपमा पाल्नेबाट छुटाउन, उद्धार गर्न सरकारी अधिकारीहरू सक्रिय हुने गरेको पाइएको छ । यो एक प्रकारको बाध्यात्मक अवस्थाको काम गराइ हो । नियमित रूपमा अनुगमन गरिने हो भने अवैधरूपमा लाटोकोसेरो र चील लगायतका सिकारी चरा पनि पालेको भेट्न गाह्रो पर्दैन । जिम्मेवार निकायले आफैंले आफ्नो दायित्वको काम गरेर मात्रै त्यसको जानकारी सञ्चारमाध्यमलाई दिएको कार्यसम्पादनका दृष्टिले उत्कृष्ट मानिन्छ ।

एक दशक अघिसम्म पूर्वका गाडीहरू बनेपाहुँदै काठमाडौं आउँदा लाटाकोसेरो देख्नु सामान्य थियो। संरक्षित पंछीहरू बाहेक अन्य चराहरूलाई वास्ता नगर्ने प्रवृति नेपालभर अझैपनि सामान्य नै छ। यिनलाई पाल्दा, मार्दा, फुल निकाल्दा के सजाय हुन्छ भनेर सम्बन्धित निकाय नै अनभिज्ञ रहेको भेटिएको छ।

### सबै मार्ने प्रवृति:

शिकार खेल्ने र पासो हाल्ने समूहहरूले वनतिर छिर्दा प्रजातिहरू तोक्नेभन्दा पनि जे पाइन्छ त्यही मार्ने प्रवृति देखिएको छ। सन् २०१३ सालमा तल्लो हुम्लाको कर्णालीमा माछाका लागि थापिएको पासोमा मलाहा हुचील परेको थियो। राती कालिज मार्न जाने समुहले एकपटक मुस्ताङको टीटी क्षेत्रमा हाप्सिलो मारेको अभिलेख गरिएको छ। यस्ता समूह तथा शिकारीहरूले मासु खानको लागि मात्र लाटोकोसेरोहरू मार्छन् भने पछि तिनैका प्वाँखहरू प्रयोग गरिन्छ।



लमजुङको बेंसीशहरमा प्रहरीले तस्करहरुबाट फेला पारेको मलाहा हुचील।

### सजाय र अवैध मूल्यको अन्तर:

२०७३ साल असारमा लमजुङको खुदी गाविसमा अवैध रूपमा मलाहा हुचील पालिएको थियो। उक्त हुचील लिन काठमाडौंदेखि जिप रिजर्भ गरेर छ जना पुगेका थिए। ती सहित अन्य दुइजनाको तस्कर समुहलाई प्रहरीले समात्यो। मुद्दा चल्यो। गाउँलेका अनुसार उक्त प्रजातिको लाटोकोसेरो किनबेच मूल्य ५ लाखमा तय भएको थियो। समातिएकाहरू प्रतिव्यक्ति ३० हजार रूपैयाँ धरौटी बुझाएर छुटे। कानुनले गर्ने जरिवाना र बेच्न पाइयो भने आउने मूल्यका बीच धेरै नै अन्तर छ। समातिए पनि 'यति त हो नि तिर्ने' भन्दै यही पेशामा लाग्ने गरेको भेटिएको छ। तर, धेरै तस्करहरू भने कानुनको दायरामा नआइ उम्किरहेका हुन्छन्।

### बजारमा रकम उठाउने:

मानिसहरू विभिन्न मेला वा उत्सवहरूमा पशुपंछी प्रदर्शन गरेर खेल-तमासा गर्दै पैसा उठाउँछन्। जसरी सर्प र बाँदर नचाउनेहरू डुल्छन्, त्यसरी नै लाटोकोसेरोलगायतका पंछी प्रदर्शन गरेर आर्थिक स्रोत जुटाउने पनि छन्। २०७४ असार पोखरामा सर्प नचाएर हिड्नेको टोलीलाई वडा प्रहरी बैदामले नियन्त्रणमा लिएको थियो। यसबाहेक त्यस्ता घटना प्रकाशमा आएका छैनन्। धेरैलाई वन्य जीवजन्तुलाई दु:ख दिएर आम्दानीको स्रोत बनाउन नपाइने जानकारी नभएको अवस्था छ। विसं २०६८ सालमा सुर्खेतको मेलामा यस्तै देखियो। यसरी लाटोकोसेरो लिएर हिँड्नेले आफूलाई अरूभन्दा फरक भएको देखाउन यसो गरेको पाइएको छ।



सुर्खेतमा अबिर दलिएको एक मलाहा हुचील

## अवैध चिडियाखाना:

नेपालमा कम्तिमा पनि १५ वटा साना स्तरका चिडियाखानाहरू सरकारको अनुमतिबिना नै सञ्चालित छन् । यिनको उद्देश्य वन्यजन्तुको उद्धार भनिएपनि त्यसका लागि पुर्वाधार व्यवस्थापनमा ध्यान दिइएको अवस्था छैन । कतै कुनै पशुपंछी घाइते भेटिए उक्त स्थानमा तुरून्त उद्धारका लागि पुग्ने, प्राथमिक उपचारमा जनशक्ति व्यवस्थापन र उद्धार गरिएको जीवको अवस्था अध्ययनको जनशक्ति छैनन् । कसैले कतै भेटेर ल्याइदिए राख्ने र, घुम्न-हेर्न आउनेलाई टिकट लिएर पैसा संकलन गर्नेमै सबैको ध्यान केन्द्रीत छ । सबैजसो चिडियाखानामा लाटोकोसेरो तथा हुचीलका प्रजातिहरू राखिएका छन् । प्राविधिक ज्ञान नभएकाहरूबाट सञ्चालित यस्ता स्थानहरू लाटोकोसेरोका लागि जेल भएका छन् । समितिहरूले स्थानीयरूपमा पैसा दिएर समेत लाटोकोसेरो ल्याउन लगाउने गरेका छन् । भर्खरै संशोधित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको स्वीकृतिमा चिडियाखाना खोल्न पाउने प्रावधान थपिएको छ । नेपालमा विभिन्न व्यक्तिहरूले समेत घरमा कष्ट हुने तरिकाले लाटोकोसेरो तथा हुचीलहरू पालेको अभिलेख छ ।

डार्सी ओगाढा नामकी संरक्षणकर्मीले सन् २०१६ मा तान्जानियामा हुचिल (केप इगल आउल) का फुल तस्करी हुने गरेको तथ्य उजागर गरेकी थिइन् । यसका लागि तान्जानियाका तान्त्रिकहरूले केन्याबाट ल्याउन आफ्ना बिरामीहरूलाई भन्ने गर्थे । उक्त हुचिलको फुलको मूल्य गैंडाको खाग तथा हात्तीको दाँतभन्दा महंगोमा बिक्री भएको उल्लेख गरेकी छन् । उनका अनुसार एउटा फुलको मूल्य करिब ३ लाख ९० हजार नेपाली रूपैंयाँसम्म थियो । उक्त प्रजातिको हुचिल नेपाल लगायत दक्षिण एशियामा भने पाइँदैन ।



चितवनको कोराकमा पालेर राखिएको महाकौशिक प्रजातिको लाटोकोसेरो ।

## अन्तर्राष्ट्रिय बजार भारत:

२०७० सालसम्म पोखराको मुस्ताङ्चोक नजिकै एक तान्त्रिक (कालु)ले झारफुकको लागि लाटोकोसेरो प्रयोग गर्थे । अझै पनि नेपालमा केही तान्त्रिकहरूले प्रयोग गरिरहेको विश्वास गरिन्छ । भारतमा यो संख्या ठूलो मात्रामा छ । उक्त कुरा अबरार अहमदले आफ्नो पुस्तकमा समेत उल्लेख गरेका छन् । यही कारणले ५ वर्ष अघिसम्म पश्चिम नेपालमा भारतीयहरूले स्थानीयलाई सीमानासम्म हुचीलहरू ल्याउनका लागि अह्राएका थिए । जुन पछिल्लो समयमा निकै कम भएको छ । स्थानीयले नेपालगञ्ज तथा धनगढी हुँदै भारतको सिमानासम्म पुऱ्याउँथे ।

यसका साथै ठूलो मात्रामा चीनमा समेत तस्करी हुने गरेको भेटिएको छ । यौनवर्द्धक, दमको रोगविरूद्धको औषधी, मरेपछिपनि घरमा भूतप्रेत धपाउने, सेनाहरूले प्वाँख खल्तीमा राखे युद्ध जितिन्छ भन्ने अन्धविश्वासको कारणले यसको जिउँदै तस्करी हुने गर्दछ । यसलाई जिउँदै पानीको ड्रममा एक हप्तासम्म डुबाएर सो पानी खाँदा सबै रोगहरू हराउँछ भन्ने अन्धविश्वासका कारणले समेत ठूलो परिमाणमा चीनतिर तस्कर हुने गर्दछ । चीनका साथै मध्यपूर्वका देशहरूमा समेत अवैधरूपमा ओसारपसार हुने गर्दछ । होटलहरूमा राख्दा व्यापार बढि हुने विश्वास समेत गरिन्छ ।

### कसरी तस्कर हुन्छ ?

जिल्ला वा गाउँहरूमा आएर वा सम्पर्क व्यक्तिको फोनमार्फत लाटोकोसेरो संकलन गर्नको लागि भनिन्छ । यसरी बाहिर लैजानका लागि पहिलो प्राथमिकतामा भने हुचील वा हाप्सिलो प्रजातिहरू नै पर्दछन् । कहिलेकाही साना-साना लाटोकोसेराहरू पनि पर्दछन्, तर एकदमै कम ।  गाउँहरूमा संकलन गर्नका लागि स्थानीयले प्रतिचरा ५ हजार रूपैयाँदेखि १० हजारसम्म पाउने गर्दछन् । यसरी संकलन गरिएका प्रजातिहरूलाई सम्बन्धित सदरमुकामसम्म पुऱ्याइदिने जिम्मा सोही व्यक्तिको हुन्छ । कहिलेकाही संकलनकर्ताहरूले नजिकका शहरहरूसम्म पुऱ्याइदिने समेत गर्दछन् । यसरी पुऱ्याइयो भने मूल्य बढ्ने गर्दछ । अवैध ओसारपसार गर्ने क्रममा कहिलेकाही दलालहरू गाउँसम्मै पुग्छन् ।



धादिङको सदरमुकाम नजिक बेच्नका लागि पालेर राखिएको हाप्सिलो ।

पहिला जस्तो गाउँहरूबाट यी प्रजातिहरू ल्याइसके पछि मापदण्ड नपुगेको भनेर दलालहरूले दुःख दिने भएकाले आजभोलि मोबाइलबाट तस्बिर खिचेर पहिला देखाइन्छ, मोल निश्चित भएपछि प्रक्रिया अगाडि बढ्ने गर्दछ । ढुवानी गर्दाको अवधिसम्म समातियो भने स्थानीय व्यक्तिनै सजायको भागिदार हुन्छन् । जिल्लाबाट निजी वा सार्वजनिक वाहनहरूमा ठूला शहरहरू काठमाडौं, पोखरा, धनगढी र नेपालगन्ज आदिसम्म पुऱ्याउने गर्दछन् । यसरी पुऱ्याउँदा काठको बाकस, फलामको पिंजडा, हावा छिर्ने बोरा वा सास फेर्ने ठाउँ देखाएर जेब्रा ब्याग समेत प्रयोग हुन्छ ।

नजिकको शहरपुग्ने बेलासम्म पंछीका प्रजाति अनुसार औसत मूल्य ५० हजारसम्म पुग्ने गर्दछ । तर, सबै प्रजातिमा यो लागू नहुन सक्छ । केही महिनाअघि ५ लाखमा मूल्य तय भएर केही मानिस काठमाडौंबाट लमजुङसम्म पुगे को उदाहरण छ । करिब आठ वर्ष अघिसम्म धादिङका स्थानीयले गाउँबाटै ५० हजार रूपैयाँसम्ममा लाटोकोसेरो बेचेको बताएका छन् ।

संकलन गरेर बेच्ने देखि बाहेक मानिसहरूले कोही त आउला भनेर पहिला नै पाल्ने चलन पनि छ । यसका लागि बच्चाहरू घरमा ल्याएर पाल्ने गरिन्छ । रहरले पाल्न लगेर धेरैजसो अवस्थामा पालकले मासु ख्वाउँदा-ख्वाउँदा वाक्क भएर फेरि वनमा लगेर छाडेका घटनाहरू पनि छन् । कतिपयले बेच्दा राम्रो दाम पाइने लोभले ल्याएर पाल्ने गरेपनि केही समयपछि कसलाई, कता, कतिमा बेच्ने भन्ने थाहा नहुँदा लामो समय राख्न नसकेर वन कार्यालयको जिम्मा लगाएको तथा आफैं लगेर छाडिदिएका घटना पनि छन् ।

ग्रामीण क्षेत्रबाट शहरहरू पुऱ्याइने पशुपंछी तस्करहरूले भारत र चीन लगायतका मुलुकमा पठाउने गरेका छन् । यसोगर्दा लाखौं रूपैयाँको चलखेल हुने विश्वास गरिन्छ । प्रचलित बाटो प्रयोग गरेर, अवैध बाटो प्रयोग गरेर वा बेलाबखत हवाइजहाजबाट समेत ओसारपसार हुने गरेको पक्राउ परेकाको बयानबाट खुलेका छन् । तस्करी गर्ने माथिल्लो तह र मध्यम तहका मान्छेले लाटोकोसेरोमात्रै नभइ अन्य वन्यजन्तुको पनि राम्रो दाम हात पर्ने प्रलोभनमा ओसारपसार गर्ने गर्दछन् ।

सन् २०११ मा दोलखा जिल्लाको सिँगटी नजिकैको क्षेत्रमा काठमाडौंदेखि गएका तस्कर र गाउँलेबीच मूल्यलाई लिएर वादविवाद भएका थियो । सोहीबेला स्थानीयरूपमा प्रतिगोटा हुचील १० हजारमा जिम्मा लिएको एकजना स्थानीयको भीरबाट लडेर खुट्टा भाँचिएको थियो ।

पुराना व्यापारी तथा जिल्ला सदरमुकामसम्म पुऱ्याउने मानिसहरूसँग कुरा गर्दा एउटा हुचील अन्तर्राष्ट्रिय बजारमा पुग्दा एक देखि तीन लाखसम्म पाइएको बताएका छन् । संरक्षण र शोधका लागि लेखकहरू घुमेका सबै ४६ जिल्लाहरूका विभिन्न स्थानमा लाटोकोसेरो पालेको पाइएको छ । घाइते भेटेर ल्याएको, बिक्री हुन्छ भन्ने सुनेको, औषधि हुन्छ भन्ने सुनेको धेरैले बताइरहन्छन् । हालसम्मको प्रारम्भिक अध्ययनले नेपालबाट वार्षिक रूपमा करिब दुई हजारवटा लाटोकोसेरो बेचिने अनुमान गरिएको छ । यसमध्ये सबैभन्दा बढि दोलखामा दुई सय र सबै भन्दा कम उपल्लो हुम्लामा तीनवटा भेटिएको तस्करहरूले नै बताएका छन् ।

### के भयो भने बढि मूल्य पाइन्छ ?

लाटोकोसेरोको अवैध ओसारपसार र व्यापारबारे अनकौं नौला लाग्ने तथ्य सुन्न पाइन्छन् । ताला लगाइएको ढोकाको अगाडि यिनलाई राख्ने र आँखा झिम्काउँदा ताला आफैं खुल्यो भने अमूल्य हुन्छ भनिन्छ । दोलखा जिल्लाको सिँगटीमा पँहेलो मलाहा हुचील देखेपछि हाम्रो टोली छक्कै पऱ्यो । नौलो प्रजाति नै हो की जस्तो लाग्यो । तर, पछि थाहा भयो त्यसको जिउमा बेसार दलिएको रहेछ । पछि सोध्दा थाहा भयोकी यदि त्यो दलेको बेसार खरानीमा परिवर्तन भयो भने महंगोमा बिक्छ ।



जिउमा बेसार दलेर राखिएको मलाहा हुचील ।



यसले कुनै भाँडामा राखेको बेसार हेरिदियो मात्र भने पनि आँखाको शक्तिले खरानी बनाइदिन सक्छ भन्ने स्थानीयलाई लाग्दो रहेछ । उक्त हुचीलको लाखौं पाइने भन्ने सुनेकाले स्थानीयले त्यसो गरेका रहेछन् । अर्को एक घटनामा तिनको शरीरमा भिजाएको बेसार दलेको केही समयपछि कालो भयोभने पनि अमूल्य हुने बताएका थिए । तस्करीमा संलग्नका अनुसार हुचील को आँखामा टर्चलाइट बाल्दा त्यसको बल्ब फुट्यो, भिजाएको चामललाई प्लाष्टिकमा पोको पारेर प्वाँख मुनि राख्दा भात पाक्यो, खुट्टामा तामाको तारले बाँध्दा एकछिन पछि आफैं फुस्कयो र तौल चार किलोदेखि माथि भयो भने धेरै मूल्य पाइन्छ भन्ने लाग्दो रहेछ ।

मुस्ताङको जोमसोममा पालेर राखिएको कैलो पहाडी उलूक ।

## कुन कुन बाटोहरू प्रयोग गरिन्छन् ?

अवैध व्यापार पहिलेजस्तो खुलारूपमा हुने गरेको नभेटिएपनि पूर्वदेखि पश्चिमसम्म भेटिने क्रम भने अन्त्य भइसकेको छैन । प्रहरी र वन कार्यालय कर्मचारीलाई पनि अब पंछीको अवैध ओसारपसार रोक्नुपर्छ भन्ने जानकारी पुगेको छ । धनगढी, नेपालगञ्ज, बुटवल, चितवन, हेटौंडा, विरगञ्ज र विराटनगर आदि क्षेत्रमा नजिकका जिल्लाहरूबाट ल्याउने गरिन्छ । उक्त क्षेत्रमा आइसकेपछि विभिन्न नाकाहरू हुँदै भारत र चीनलगायतका देशमा तस्करीको माध्यमले पठाउने गरिन्छ । पछिल्ला केही वर्षयता त्यसरी गरिने ओसारपसारमा बरामद र पक्राउका घटना भने कम हुन थालेका छन् ।

| क्रस | तस्करी हुने मुख्य मार्गहरू | अवस्था |
|---|---|---|
| १ | काठमाडौं – बनेपा (काभ्रेपलाञ्चोक) – तातोपानी (सिन्धुपाल्चोक) – चीन | निश्चित |
| २ | मन्थली (रामेछाप) – चरिकोट (दोलखा) – खाडीचौर – बाह्रबिसे – तातोपानी (सिन्धुपाल्चोक) – चीन | निश्चित |
| ३ | मन्थली (रामेछाप) – चरिकोट (दोलखा) – बिगु (दोलखा) – बाह्रबिसे – तातोपानी (सिन्धुपाल्चोक) – चीन | निश्चित |
| ४ | मन्थली (रामेछाप) – चरिकोट (दोलखा) – बिगु (दोलखा) – चीन | निश्चित |
| ५ | मन्थली (रामेछाप) – चरिकोट (दोलखा) – खाडीचौर (सिन्धुपाल्चोक) – दोलालघाट – काठमाडौं – चीन वा भारत | निश्चित |
| ६ | जुम्ला – कालीकोट – सल्यान – सुर्खेत – नेपालगञ्ज – भारत | शंका गरिएको |
| ७ | जुम्ला – चीन | शंका गरिएको |
| ८ | जाजरकोट – सल्यान – सुर्खेत – जमुनाहाबजार (नेपालगञ्ज) – भारत | निश्चित |
| ९ | रूकुम – सल्यान – सुर्खेत – जमुनाहाबजार (नेपालगञ्ज) – भारत | निश्चित |
| १० | जुम्ला – जाजरकोट (पैदल) – सल्यान – सुर्खेत – जमुनाहाबजार (नेपालगञ्ज) – भारत | निश्चित |
| ११ | नेपालगन्ज – जुम्ला – गमगढी (मुगु) – लुम्सा (मुगु) – पुलु (मुगु) – मुगु (मुगु) – चीन | शंका गरिएको |
| १२ | नेपालगन्ज – ताल्चा (मुगु) (जहाजमा) – लुम्सा (मुगु) – पुलु (मुगु) – मुगु (मुगु) – चीन | शंका गरिएको |
| १३ | बझाङ वा बाजुरा वा जुम्ला – गमगढी (मुगु) – लुम्सा (मुगु) – पुलु (मुगु) – मुगु (मुगु) – चीन | निश्चित |
| १४ | मसिने बालुवा (दार्चुला) – खलंगा – सुनसेरा – दुम्लिङ – पोला – छाङ्ग्रु – टिन्कर – चीन | निश्चित |
| १५ | सिमीकोट (हुम्ला) – लिमी (हुम्ला) – चीन | निश्चित |
| १६ | सिमीकोट (हुम्ला) – यारी (हुम्ला) – हिल्सा (हुम्ला) – चीन | निश्चित |
| १७ | मुगु तथा जुम्ला – कालीकोट – दैलेख – नेपालगञ्ज वा चाँदनी दोधारा (कञ्चनपुर) – भारत | निश्चित |
| १८ | चन्द्रनिगाहपुर (रौतहट) – हेटौंडा (मकवानपुर) – चितवन – काठमाडौं – चीन | निश्चित |
| १९ | सिमीकोट (हुम्ला) – नेपालगञ्ज – भारत | निश्चित |
| २० | गोरखा वा लमजुङ – मुग्लिन (चितवन) – मलेखु (धादिङ) – काठमाडौं | शंका गरिएको |
| २१ | धदिङबेसी (धादिङ) – गजुरी (धादिङ) – काठमाडौं | निश्चित |
| २२ | पोखरा (कास्की) – पाल्पा – बुटवल (रूपन्देही) – सुनौली (रूपन्देही) – भारत | शंका गरिएको |
| २३ | पोखरा (कास्की) – मुग्लिन (चितवन) – बुटवल (रूपन्देही) – सुनौली (रूपन्देही) – भारत | शंका गरिएको |
| २४ | पोखरा (कास्की) – मुग्लिन (चितवन) – काठमाडौं – तातोपानी (सिन्धुपाल्चोक) – चीन | निश्चित |
| २५ | तेह्रथुम – धनकुटा – बिराटनगर (मोरङ) – भारत | शंका गरिएको |
| २८ | तेह्रथुम वा भोजपुर – खाँदबारी (संखुवासभा) – किमाथांका (संखुवासभा) – चीन | शंका गरिएको |
| २९ | डडेलधुरा (डडेलधुरा) – पुर्णागिरी मन्दिर (भारत) | शंका गरिएको |
| ३० | डडेलधुरा (डडेलधुरा) – अत्तरिया (कैलाली) – चाँदनी दोधारा (कन्चनपुर) वा गौरीफन्टा (धनगढी) – भारत | शंका गरिएको |
| ३१ | दिक्तेल (खोटाङ) – गाइघाट (उदयपुर) – भन्टाबारी (सुनसरी) – भारत | निश्चित |
| ३२ | गुल्मी – अर्घाखाँची – गोरूसिंगे (कपिलवस्तु) – चन्द्रौटा (कपिलवस्तु) – कृष्णनगर (कपिलवस्तु) – भारत | निश्चित |

निश्चित (हरियो) शंका गरिएको (सुन्तला)

## कुन कुन प्रजातिको शिकार र व्यापार ?

अहिले सम्म स्थानीय रूपमा सबै प्रजातिका लाटोकोसेरोलाई समात्ने तथा मार्ने गरिन्छ। नेपाल बाहिर तस्करी गर्नका लागि भने सानो आकारका लाटोकोसेरोका तुलनामा हुचीलहरू पहिलो रोजाइमा पर्ने गर्दछन्। नेपालमा पाइने २३ प्रजातिहरू मध्ये शिकार र तस्करी हुने प्रजातिको विवरण यस्तो छः

| क्र.स. | प्रजाति (नेपाली नाम) | अंग्रेजी नाम | शिकार हुने (मारिने, घाइते पारिने, लखेटिने) | तस्करी हुने |
|---|---|---|---|---|
| १ | गोठे लाटोकोसेरो | Common Barn Owl | उच्च | कम |
| २ | घाँसे लाटोकोसेरो | Eastern Grass Owl | कम | कम |
| ३ | कालपेचक | Brown Hawk Owl | कम | कम |
| ४ | लघुकर्ण लाटोकोसेरो | Short-eared Owl | कम | कम |
| ५ | लेकाली उलूक | Mountain Scops Owl | मध्यम | कम |
| ६ | लोखर्के उलूक | Oriental Scops Owl | मध्यम | कम |
| ७ | चित्री उलूक | Collared Scops Owl | मध्यम | कम |
| ८ | हिमाली हाप्सिलो | Eurasian Eagle Owl | मध्यम | मध्यम |
| ९ | हाप्सिलो | Rock Eagle Owl | उच्च | उच्च |
| १० | महाकौशिक | Spot-bellied Eagle Owl | उच्च | उच्च |
| ११ | भासोलूक | Dusky Eagle Owl | कम | कम |
| १२ | मलाहा हुचील | Brown Fish Owl | उच्च | उच्च |
| १३ | कैलो मलाहा हुचील | Tawny Fish Owl | कम | कम |
| १४ | चश्मे उलूक | Brown Wood Owl | मध्यम | मध्यम |
| १५ | कबरार उलूक | Mottled Wood Owl | कम | कम |
| १६ | कैलो पहाडी उलूक | Himalayan Wood Owl | कम | कम |
| १७ | सानो डुन्डुल | Collared Owlet | मध्यम | कम |
| १८ | ठूलो डुन्डुल | Asian Barred Owlet | मध्यम | कम |
| १९ | डुन्डुल | Jungle Owlet | मध्यम | कम |
| २० | हिमाली कोचलगाँडे | Little Owl | कम | कम |
| २१ | कोचलगाँडे लाटोकोसेरो | Spotted Owlet | मध्यम | कम |
| २२ | पिंगल लाटोकोसेरो | Oriental Bay Owl | नेपालबाट लोप भएको अनुमान | |
| २३ | लामकाने लाटोकोसेरो | Long-eared Owl | कहिलेकाहिं फिरन्तेको रूपमा देखा पर्ने | |














१) कास्की जिल्लामा अवैध चोरी शिकारको क्रममा भेटिएको आखेटोपहार ।
२) स्थानीयले अवैध रूपमा पालेको अवस्थामा उद्धार गरि लमजुङको जिल्ला वन कार्यालय परिसरमा राखिएको हाप्सिलो ।
३) धादिङ जिल्लाको तत्कालिन नीलकण्ठ गाविसमा पालेर राखिएको हाप्सिलो ।
४) लोकल कुखुरासँग साटेर ल्याइ घरमा पालिएको लाटोकोसेरो ।
५) दाङमा पुनर्स्थापना गर्नु अगाडिको हाप्सिलो ।



## स्थानीयस्तरमा कसरी मारिन्छन् लाटोकोसेरो


हुम्ला जिल्लाको सदरमुकाम सिमीकोटको तल्लो बजारमा झुण्ड्याइएको कैलो पहाडी उलूकलाई स्थानीयले दिउँसै ढुंगाले हानेर मारेका थिए । दिउँसो रूखको हाँगा, टोड्का तथा घरको प्वालहरूमा बसेको बेला ढुंगाले हानेर पनि मार्दछन् ।



यो चरा मार्नका लागि धेरै प्रयोग हुने गुलेली हो । नेपालका पहाडी भेगका विद्यालयमा २५ प्रतिशत विद्यार्थीहरूले गुलेली प्रयोग गर्दछन्, जस मध्ये हाल सम्म ३ प्रतिशतले लाटोकोसेरोहरू मारेका छन् । तर, पूर्वी तराइमा १८ र पश्चिम तराइमा ६ प्रतिशत विद्यार्थीहरूले मात्र गुलेली प्रयोग गरेको अध्ययनले देखाएको छ । गुलेली वा ढुंगा प्रयोग गर्दा टाउको मा लागेर मर्ने वा घाइते हुने सम्भावना बढि रहन्छ । पर्याप्त सिंचाइ नपुग्ने कतिपय पहाडी क्षेत्रमा आकाशे पानीको भरमा मकै खेती गरिन्छ । मकै खानलाई बाँदर र सुगा आउँछन् । यिनलाई धपाउन गुलेली घरघर राखिनु नौलो कुरा हुँदैन । लाटोकोसेरोले उक्त बालीलाई नोक्सानी नगर्ने भएपनि दिउँसो देखिँदा कागले हल्ला गरेर यिनीहरूको उपस्थिति थाहा दिने र बेलुकी यिनको आवाज नौलो तथा डरलाग्दो लाग्ने भएकाले गुलेलीले हानेर मार्ने धपाउने घटनाहरू हुने गरेको अभिलेख गरिएका छन् ।



किशोरावस्था जिज्ञासू उमेर हो । समाजमा प्रचलित अन्धविश्वास बारे सुनेका किशोरकिशोरीले रमाइलो तथा प्रयोगका लागि पनि दिउँसो बसेको देखेपछि लाटोकोसेरोलाई ढुंगा र गुलेली हान्ने गरेका घटना छन् । लाटोकोसेरो तथा हुचील उत्सव आयोजना गरिएका गाउँका विद्यालयहरूमा विद्यार्थीहरू का यस्ता अनुभव पनि सुन्न पाइएको छ । तर, यो निशाचरका बारेमा जानकारी गराएपछि ती क्षेत्रमा भने मार्ने र धपाउने क्रम न्युनीकरण भएका छन् । अझै पनि विभिन्न पहाडी भूभागमा भरूवा बन्दुकको प्रयोग समान्य नै मानिन्छ । पशुपंछीबाट बालीविरूवा जोगाउने तथा वन्यजन्तुबाट प्रतिरक्षाका लागि सरकारबाट अनुमति लिएर बन्दुक राख्ने चलन छँदैछ । यस्ता क्षेत्रमा अन्य वन्यजन्तुसँगै लाटोकोसेरोलाई सधैं जोखिम छ । उक्त पंछीको आवाजले साना नानीहरू तर्सिने भन्दै मार्ने गरिएका घटना भएका छन् ।



मानिसहरू लाटोकोसेरो भए/नभएको बिहान वा बेलुकी पख निर्क्योल गर्दछन् । बेलैमा गुँड फर्कन नसकेका वा नभ्याएका लाटोकोसेरो दिउँसो कतै लुकेर बसेका हुन्छन् । बाटो अलमलिएका त्यस्ता लाटोकोसेरो बसेको थाहा पाउँदा कागले लखेट्छन् । कागले हल्ला गरेपछि मान्छेले लाटोकोसेरो लुकेर बसेका रूखका हाँगा वा प्वालहरू देख्छन् । हानि पुऱ्याउन उद्दत मान्छेहरू रूखमा चढेर समात्ने र बोरामा हाल्ने काम भने धेरै जसो दिउँसो गर्छन् । त्यसपछि मार्ने, पाल्ने वा बेच्ने के गर्ने हो सोही अनुसार गर्दछन् । यसरी समाउँदा बच्चासँग छन् भने कहिले काही यिनीहरूले मानिसलाई आक्रमण समेत गर्दछन् । चितवन जिल्लाको कोराक गाउँको किरनटारमा यही तरिका प्रयोग गरि महाकौशिक प्रजातिको हुचीललाई समाएर बोरामा हालेर नियन्त्रणमा लिइ पालेको भेटिएको थियो । अरू पशुपंछीहरू जस्तै लाटोकोसेरो पनि आफ्ना चल्लाहरूसँग भएको अवस्थामा कसैले समात्ने वा जिस्क्याउने गरे आक्रामक हुन्छन् ।


सामान्यतः लाटोकोसेरोका गुँड मान्छेले सजिलै भेट्ने/पुग्ने ठाउँमा हुँदैनन् । तैपनि यिनीहरूका बासमा मान्छेको अतिक्रमणको जोखिम भने कम भएका छैनन् । भीरका गुँडमा रहेका हुचीलका बचराहरू निकाल्न धादिङ र दोलखा जिल्लामा भऱ्याङ समेतको प्रयोग गरिएको घटना पाइएका छन् । भीर अप्ठ्यारो भए माथिबाट डोरी हालेर समेत समाउने गरेको पनि पाइएको छ ।



लामा लामा घोचाको टुप्पामा स्थानीयरूपमा बनाउन मिल्ने टाँसिने पदार्थ राखिन्छ । दिउँसो हाँगामा बसेका अथवा देखिने वा भेटिने ठाँउमा भए उक्त टुप्पोमा घोचेर वा टँसाएर समेत मारिन्छ । तराईका जिल्लाहरूमा सामान्य रूपमा प्रयोग हुने यो विधिबाट जिउँदै समाउने भन्दा पनि घाइते हुने वा मर्ने सम्भावना बढि रहन्छ । भारतबाट बेला बेला बसाइँ आउने घुमन्ते चिडिमार समुदायले यस्तो तरिकाले चरा समाउने गरेको देख्न पाइन्छ । कम्तीमा १२ देखि १५ परिवारहरू आफ्ना बालबच्चा परिवारसहित

आएर गाउँशहरका खुला स्थानमा टेन्ट लगाएर बस्छन् । दिनभर घुमेर चरा खोज्छन् र, मारेर खान्छन् । यिनले कुनै पनि चरालाई शिकार गर्न पछि हट्दैनन् । पातलो लामो बाँसका घोचा माथि घोचा जोड्दै यिनले चरालाई भालाले घोचेर, टाँसिने पदार्थले टाँसेर उड्न नसक्ने बनाएर नियन्त्रणमा लिन्छन् । एउटा ठाउँमा दुइ/तीन महिना बसेपछि अर्को ठाउँका लागि हिड्ने यस्तो समुदाय एकै स्थानमा घर बनाएर बस्दैनन् । चराको सिकार गर्ने यो समुदाय विरूद्ध भने कसैले कारवाही गरेको प्रकाशमा आएको छैन । यिनीहरू जहाँ अस्थायीरूपमा बस्छन्, त्यो आसपासको क्षेत्रमा चरा र वन्यजन्तुलाई सधैं जोखिम हुने गरेको छ ।





स्थानीयरूपमा चमेरा समाउन प्रयोग गरिने झुल जस्तै पासोहरू बनाएर पनि लाटाकोसेराहरू समाउने गरिन्छ । यसका लागि बनाइएको जाली दुइवटा रूखहरूमा भलिबलको नेट झैं राखिन्छ । चराहरू उडिरहँदा पासोमा पर्छन् र सके उतिखेरै र नसके भोलिपल्ट बिहान गएर झिकिन्छ । चितवन र मकवानपुरका ग्रामीण बस्तीहरूमा चेपाङ समुदायले चमेराको सिकार गर्छन् । उनीहरूले चमेरा समात्न प्रयोग गर्ने भुवा भनिने जालमा लाटोकोसेरो पनि पर्छन् । तर, चेपाङले लाटोकोसेरो शिकार गरेका घटना भने सुनिएका छैनन् ।

## चीनमा यस्तो पनि हुन्छ

चीनमा पाइने करिब ३३ प्रजातिका लाटोकोसेरोहरूलाई संरक्षित सूचिमा राखिएको छ । यिनलाई बेचबिखन गर्नेलाई १० वर्षसम्म जेल हुने प्रावधान भएपनि दक्षिण एशिया लगायतका मुलुकबाट लाटोकोसेरो तस्करी हुने क्रम रोकिएको छैन । देशभित्र र बाहिर बाट हजारौं लाटोकोसेरो तथा हुचीलहरू परम्परागत औषधीका लागि भनेर प्रयोग हुँदै आएको छ । जिउँदै लाटोकोसेरोलाई रक्सी वा पानीमा राखेर जाँड समेत बनाइन्छ । लाटोकोसेरो नमरेसम्म माथिबाट लट्ठीले घोचिन्छ । कुनै कुनै बेला त्यसरी १० वर्षसम्म राखिन्छ । सर्प र लाटोकोसेरोलाई सँगै राखिएको रक्सी उच्च गुणस्तरीय हुने विश्वास गरिन्छ । चिकित्सकहरूले यसरी राखिएको झोल खाँदा स्वास्थ्यलाई प्रतिकूल असर गर्छ भन्ने गरे पनि मानिसहरू महंगो मूल्य तिरेर खाने गर्दछन् । टाउको दुख्न कम हुने, हड्डीका जोर्नी दुख्न कम हुने, रीस उठ्न कम हुने विश्वास गरिन्छ । यसरी बनाइएको वाइनका बारेमा गत वर्ष २०१६ जनवरी ९ मा Weibo मा रिपोर्ट प्रकाशित भएको चार घण्टाभित्र ६ हजार जनाले प्रतिक्रिया जनाएका थिए ।








"द सन" नामक पत्रिकाले छापेको चीनमा रक्सी बनाउन राखिएको लाटोकोसेरो ।

## भारतमा लाटोकोसेरोको बिजोग

मानिसहरू कतिसम्म क्रुर हुन्छन् भन्ने अबोध चराको बलिले पनि प्रष्ट हुन्छ । लक्ष्मीपूजाको दिनमा यिनलाई बलि दिइयो भने घरमा लक्ष्मीको वास स्थायी हुने र गरिबी हट्ने अन्धविश्वास छ । यस्तो काममा धनीहरूभन्दा पनि विपन्न समुदायमा बढि विश्वास रहेको भेटिएको छ । तिहारका बेलामा बलिका लागि प्रतिचरा २५ हजारसम्म भारतीय रूपैयाँ तिरेको अभिलेख छ । यस समयमा कम्तीमा हजारवटा लाटोकोसेरो मारिने अनुमान गरिएको छ ।

बीसौं वर्ष लगाएर लाटोकोसेरोको बारेमा अध्ययन गरेका भारतीय वैज्ञानिक अबरार अहमदले Imperilled Custodians of the Night प्रतिवेदनमा यस्ता घटना उल्लेख गरेका छन् । यस्ता घटनाहरू भारतीय शहरहरूमध्ये दिल्लीमा पनि रहेको पाइएको उनले जनाएका छन् । सन् २०११ मा तत्कालीन भारतीय वातावरणमन्त्री जयराम रमेशले 'ह्यारी पोर्टर' लाई भारतीय लाटोकोसेरो मारिनुमा दोष लगाएका थिए । ह्यारी पोर्टरको कथा र सिनेमा पश्चात भारतका मध्यम वर्गीय परिवारमा जीवित लाटोकोसेरो उपहार दिने चलन बढेको भनेर चिन्ता जाहेर हुँदा त्यस्तो नगर्न 'ह्यारी पोर्टर' सम्बद्ध प्रकाशन र सिनेकर्मीले अनुरोध समेत गर्नुपरेको थियो ।

## चीन जान लागेको लाटोकोसेरो मलेसियामा

सन २००८ नोभेम्वर १८ मा मलेसियाको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले अवैध व्यापार गर्न लागिएको ठूलो परिमाणको आखेटोपहार पक्राउ गर्‍यो । जसमा पाँच प्रजातिका करिब नौ सयवटा मरेका लाटोकोसेरोहरू पनि थिए । तिनको भुत्ला फालेर, प्लाष्टिकमा राखेर व्यवस्थित तरिकाले ल्याइएको थियो । टाउको र खुट्टा भने पहिचानको लागि केही गरिएको थिएन । कसले कहाँबाट ल्याएको भन्ने यकिन नभएपनि एकजना स्थानीय ढुवानीकर्तामात्र पक्राउ परे । उनी तीन दिनपछि ५३ सय अमेरिकी डलर तिरेर धरौटीमा छुटेका थिए । मुवार भन्ने ठाउँमा समातिएका उनी यसअघि पनि धेरैपटक समातिएका थिए । यो घटनापछि दक्षिण पूर्वी एशियाका देशमा वन्यजन्तुको अवैध व्यापार व्यवस्थित र ठूलो मात्रामा हुने गरेको पुष्टि भएको विज्ञहरूले बताएका थिए । मुख्य तस्कर नभेटिएपनि लाटोकोसेरो सहित अन्य वन्यजन्तुहरूचीनको ग्वाङ्जाउ जान लागेको अनुमान गरेका थिए ।



रौतहटबाट काठमाडौं ल्याउँदा बरामद मलाहा हुचील ।

# अबका संरक्षणका बाटोहरू

### अध्ययन, अनुसन्धान तथा संरक्षणः

मनाङ र मुस्ताङ जिल्लामा सन् २००८ मा अध्ययनका लागि निश्चित गरिएका 'स्पट' हरूमा अब फेरि लाटोकोसेरोहरूको अवस्था कस्तो छ भनेर पुनः अध्ययन गर्नुपर्ने आवश्यकता छ । दीर्घकालीन रूपमा यिनको अवस्थाको बारेमा थाहा पाउन तराइदेखि हिमालसम्म संख्या तथा अन्य अवस्थाको बारेमा पत्ता लगाउन स्थायी रूपमा अनुसन्धान क्षेत्रको पहिचान गरेर अनुसन्धान गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ । नेपालमा हुने लाटोकोसेरो उत्सवको प्रभाव, अवैध चोरी शिकार तथा व्यापारको जालो र मात्रा, यिनीहरूको आपसी तालमेल, यिनीहरूको संख्या आदिको बारेमा अध्ययन गर्नुपर्ने देखिन्छन् ।

यी चराको वातावरणीय महत्व तथा यिनको संरक्षणका लागि के कस्ता कार्यक्रमहरू गर्न सकिन्छ भनेर विभिन्न सरोकारवालाहरूका लागि नियमितरूपमा संरक्षण चेतना शिविर तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ । यस्ता अन्तर्क्रिया, संवाद आदिले नयाँ अनुसन्धान के के भए, तिनको प्रभाव कस्तो रह्यो, वर्तमान ऐनकानुनको प्रभावकारिता, संरक्षणमा भविष्यमा अपनाउन सकिने रणनीतिबारे संरक्षणकर्मी र सर्वसाधारणमा जानकारी पुर्‍याउन सजिलो हुन्छ ।

### गुलेली प्रतिवन्धः

चरा मार्नको लागि सबैभन्दा बढि प्रयोग गरिने हतियार गुलेली हो । आफैंले सजिलै बनाउन सकिने, किन्न पनि पाइने भएकाले गुलेली सुलभ छ । जो कसैले चलाउन सक्ने भएकाले तुलनात्मकरूपमा घातक पनि छ । सरकार वा स्थानीयरूपमा आमा समुह, युवा क्लब, सामुदायिक वनहरूले यसको प्रयोगमा बन्देज लगाउनुका साथै प्रभावकारी अनुगमन गर्नुपर्ने पनि देखिन्छ । गुलेलीको प्रतिबन्धले सबै प्रकारका चराहरूको संरक्षणमा योगदान गर्दछ ।

#### गुलेली बाजे

कैलाली थापापुरका भोजराज श्रेष्ठको अर्को नाम हो गुलेली बाजे । गुलेली संकलन गर्ने, चरा संरक्षणका लागि कक्षाहरू लिने, मानिसहरूलाई गुलेली प्रयोग गर्न नदिने काम गर्ने यी बाजेको कथा वरपर चर्चित छ । हाल उनी डल्फिन संरक्षण केन्द्र थापापुर कैलालीका अध्यक्ष समेत हुन् । उनले २,००० भन्दा बढि गुलेली संकलन गरेका छन् । उनले विश्व वन्यजन्तु कोषबाट प्रदान गरिने संरक्षण पुरस्कार पनि पाएका छन् ।

#### लाटोकोसेरो संरक्षण क्षेत्रः

नेपालमा पहिलो पटक धादिङ जिल्लाको साङ्कोस गाउँको स्याउली बजार नजिक स्थानीय घुमाउनेडाँडा भँगेरूथान सामुदायिक वन उपभोक्ता समितिले २ हेक्टरको वन क्षेत्रलाई लाटोकोसेरो संरक्षण क्षेत्रका रूपमा घोषणा गरेका थिए । तर, निश्चित प्रजाति तोकेर संरक्षणका कार्यक्रमहरूभने सञ्चालित छैनन् । यस क्षेत्रमा नेपालमा पहिलोपटक लाटोकोसेरो तथा हुचिल उत्सव मनाइएको थियो ।

### लाटोकोसेरो संरक्षण क्षेत्रको घोषणाः

नेपालको कुल भुभागको २३.३९ प्रतिशत भुभाग संरक्षित क्षेत्रका रूपमा घोषणा भएको भएपनि चरा संरक्षणकै लागि तोकेर कुनै पनि क्षेत्रको घोषणा भएको छैन् । लाटोकोसेरोको लागि हुने त कुरै भएन् । लाटोकोसेरो पर्यावरणका लागि अनिवार्य भएको, किसानका लागि समेत सहयोगी भएकाले यिनका संरक्षणका लागि विशेष कार्यक्रम जस्तैः लाटोकोसेरो संरक्षण क्षेत्रको घोषणा हुनुपर्दछ । यसका लागि सामुदायिक वनलाई वा राष्ट्रिय वनको कुनै भागलाई प्रयोग गर्न सकिन्छ । विशेषगरि समुदायमा आधारीत भयो भने संरक्षणका दृष्टिले अपेक्षित प्रतिफल प्राप्त हुनसक्छ ।




## उद्धार तथा पुनर्स्थापना केन्द्रको स्थापनाः

हाल दिनहुँजसो घाइते, टुहुरा तथा समातिएका लाटोकोसेरोहरूको जानकारी सामाजिक सञ्जाल, अनलाइन तथा पत्रपत्रिकाहरूमा आइरहन्छन् । यस सम्बन्धि आधारभूत जानकारी समेत नभएका मानिसहरूले यिनको उद्धार तथा पुनर्स्थापना गरिरहेका हुन्छन् । यस क्रममा कति लाटोकोसेरोहरू मारिएका छन् भन्ने लेखाजोखा नै छैन । नेपालको एकमात्र सदर चिडियाखानामा पनि सबै प्रजातिका लाटोकोसेरोहरूलाई एकै ठाउँमा राखिएका छन् । नेपालमा कानुनीरूपमा कुनै पनि पुनर्स्थापना केन्द्रहरू राख्ने प्रावधान थिएन । प्रत्येक प्रदेशमा कम्तीमा एक/एकवटाका दरले यस्ता केन्द्रहरूको स्थापना गर्नु आवश्यक हुन्छ भने जिल्ला वन कार्यालयको मातहतमा रहने गरि एक उद्धार टोली राख्ने व्यवस्था गरिनु संरक्षणका लागि हितकर हुनेछ ।

## पाठ्यक्रममा परिचयः

कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकमा चराहरूको परिचय र सोही खण्डमा लाटोकोसेरोको महत्व, गुलेलीका बेफाइदा, विद्यार्थीको भूमिका आदिको विषयवस्तुको बारेमा समावेश गरेको खण्डमा लाटोकोसेरो संरक्षणमा योगदान पुग्दछ ।

## ऐन तथा नीतिमा परिमार्जनः

वन्यजन्तु पशुपंछीको अवैध व्यापारमा संलग्न रहेर पक्राउ परेकाहरूको बयानबाट के खुलेको छ भने अवैध ओसार पसारबाट आउने रकम र सरकारी सजायको जरिवाना रकममा ठूलो अन्तर छ । त्यसैले ठूलो रकमको प्रलोभनमा पर्नेहरू अवैध कार्यमा सलग्न रहेको जानकारी गराउँछन् । वन्यजन्तु र पंछी संरक्षणका लागि जरिवाना धेरै र कैदको अवधि बढि हुनु जरूरी छ । संरक्षित क्षेत्रभित्र गरेका अपराधको सजायमात्रै कडा पारिनुभन्दा जहाँ कतै पनि अपराधमा संलग्न भेटिन्छन्, तिनलाई कडा कारवाही हुनुपर्छ ।

पुर्स्थापना केन्द्रको स्थापना र उद्दारको व्यवस्थाका कुराहरू नीतिगतरूपमा नै संशोधित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा उल्लेख भएपनि यिनको व्यवहारिक कार्यान्वयनमा जोड दिनुपर्दछ । प्रदेश, जिल्ला वा गाउँपालिकाले लाटोकोसेरो संरक्षण क्षेत्रको स्थापना गरेर पनि यिनको संरक्षणमा योगदान गर्न सक्छन् ।

### लाटोकोसेरोको संरक्षण केन्द्रको स्थापना:

नेपालमा लाटोकोसेरो संरक्षणका लागि आर्थिक स्रोतहरू जुटाउन गाह्रो परेका बेला यो राम्रो उपाय हुनसक्छ। उद्धार तथा पुनर्स्थापना, उद्धार र पुनर्स्थापनाको तालिम, लाटोकोसेरोको संग्रहालय, लाटोकोसेरोको पुस्तकालय, नियमित संरक्षण चेतना शिविर र लाटोकोसेरोको अनुसन्धान आदि यस केन्द्रका मुख्य आकर्षणको रूपमा रहन सक्नेछन्। यस्ता संग्रहालयहरूले लाटाकोसेरो संरक्षणका लागि सर्वसाधारण, विद्यार्थी र अनुसन्धानकर्ताहरूलाई राम्रो सन्देश समेत प्रवाह गर्दछ।

### लाटोकोसेरो तथा हुचील उत्सवको निरन्तरता:

नेपालमा सन् २०१२ बाट सुरू भएको यो उत्सवले प्रत्यक्ष हजारौं र अप्रत्यक्ष लाखौं मानिसलाई संरक्षणको सन्देश प्रवाह गर्न सफल भएको छ। यसका साथै यसले स्थानीय खेल र संस्कृति प्रवर्द्धनका लागि समेत अतुलनीय सहयोग गरेकोले यसलाई सरकारले राष्ट्रिय उत्सवको रूपमा अगाडि बढाउनु पर्दछ। यस उत्सवलाई विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूले संरक्षण उत्सवको रूपमा अनुभव गर्दै, स्वयंसेवक हुने उत्सवको रूपमा समेत हेरिएको छ। संरक्षणकर्मीहरूलाई गरिने सम्मान यो उत्सवको मुख्य एजेन्डा भित्र पर्दछ।

### सञ्चारमा लाटोकोसेरो:

सन् २००८ मा कान्तिपुरले 'लाटोकोसेरोको अध्ययन गर्न हिमालतिर' भन्ने शिर्षकमा प्रकाशित लेख सम्भवत: पहिलो लेख हुनुपर्छ। लाटोकोसेरोको महत्व, तिनको अवैध व्यापारको बारेमा नीति निर्माताहरूलाई जानकारी गराउन सरकारी निकायका तर्फबाट पनि सञ्चारलाई प्रयोग गर्नु पर्दछ। बजार क्षेत्रमा पत्रपत्रिका, अनलाइन र ग्रामीण क्षेत्रमा एफएमलाई प्रोत्साहन गर्न सकिन्छ। एकैपटक ठूलो समुहमा जानकारी पुऱ्याउन सकिने भएकाले सञ्चार माध्यममा कार्यरत जनशक्तिले यसका बारे खबर दिन चाहँदा पहिले आफूले नै प्रष्ट हुनु जरूरी छ। लाटोकोसेरोका विभिन्न आयामका बारेमा बुझेका सञ्चार कर्मीले चेतना प्रवाह गर्ने गहकिला सामाग्री जनतामाझ पुऱ्याउन सक्छन्।

### वन संरक्षण तथा वन डढेलो नियन्त्रण:

सामुदायिक वनको अवधारणालाई थप सशक्त बनाइ अगाडि बढ्नुपर्छ। सामुदायिक तथा अन्य वनहरूमा रहेका सुकेका रूखहरूको संरक्षणलाई जोड दिंदा लाटोकोसेरो बस्ने ठाउँको सुरक्षा प्रदान गर्दछ। पुराना रूखहरू राख्न सम्भव नभएको ठाउँमा कृत्रिम गुँडहरू राख्न सकिन्छ। वनपालेहरूलाई यी बस्ने क्षेत्रमा नियमितरूपमा अनुगमन गराउन सकिन्छ।

#### सञ्चारले गरेको परिवर्तन

सन १९९५ तिर पहिलोपटक संरक्षणकर्मीहरू राजेन्द्र नरसिहं सुवाल, आरके श्रेष्ठ र लक्ष्मी मानन्धर लगायत विभिन्न संघ संस्थाले नेपालमा वन्यजन्तु पुनर्स्थापना केन्द्रको स्थापनाको लागि पहल गरेका थिए। पटक पटकको छलफलले मूर्तरूप लिन पाएन। सन् २०११ मा प्रकृतिका साथीहरू संस्थामार्फत यस पुस्तकका लेखकसमेत रहेका राजु आचार्यले चराको पुनर्स्थापना केन्द्र स्थापनाको लागि पहल गरेका थिए। उनको प्रयासमा टेवा दिन विशेष गरि कान्तिपुर र अन्नपूर्ण पोष्ट लगायत अन्य सञ्चारमाध्यमले नियमित यो मुद्दालाई उठाइरहे। कान्तिपुर टेलिभिजनमा छलफल कार्यक्रम नै प्रसारण भयो। यसैको प्रभावस्वरुप सन् २०१७ मा संशोधन गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले चरालगायत अन्य वन्यजन्तुको उपचार तथा पुनर्स्थापना केन्द्र खोल्नको लागि बाटो खोलिदिएको छ।




अस्थायी लाटोकोसेरो संग्रहालय ।



कृत्रिम गुंडहरू बनाएर पनि लाटोकोसेरो संरक्षणमा योगदान गर्न सक्छौं ।



कपिलवस्तुको जगदिशपुरमा वर्ष २०७४ मा बनाइएको अस्थायी लाटोकोसेरो संग्रहालयको एक झलक ।





# कथाहरू

# अनि कागले देखि सहन्न



धेरै पहिले काग र लाटोकोसेरो एकदमै मिल्ने साथी थिए। दुवै जनालाई आफ्नो शरीरको रंग मन परेको थिएन। दुवैले आफ्ना जीउमा भएका प्वाँखको रंग परिवर्तन गर्नेबारे सल्लाह गरे। यसका लागि अर्को दिन देखि नै रंग खोज्न जाने तरखर सुरू गरे। भोलिपल्ट दुवैजना उडे। धेरै दिनसम्म उडिरहँदा बल्लबल्ल एउटा रंगको पहाड फेला पऱ्यो। पहिला कागले लाटोकोसेरोलाई रंग लगाउने सल्लाह भयो। सल्लाह अनुसार कागले विभिन्न रंगहरू मिसाएर लाटोकोसेरोलाई रंगीचंगी बनाइदियो। छिर्केमिर्के रंग पाएर लाटोकोसेरो दंग पऱ्यो। उसले सोच्यो 'अहिले त म मात्रै राम्रो छु, यस्तै भएपछि कागपनि राम्रो देखिन्छ। कतै काग म भन्दा राम्रो भएर सबैले कागको मात्र प्रशंसा गर्ने त होइनन् ?' उसको मनमा पाप पलायो। उसले कागलाई आँखा बन्द गर्न लाएर उसको पुरै शरीरमा कालो रंग मात्र लगायो। कागले खोलामा गएर आफ्नो अनुहार हेऱ्यो। आफ्नो अत्यन्तै मिल्ने साथीले यस्तो गरेको उसले विश्वासै गर्न सकेन। आफू पहिलेभन्दा पनि विरूप भएको देख्दा कागले साह्रै चित्त दुखायो। रीसले उसको अनुहार रातो भयो। उसले भन्यो 'तँलाई म अब छोड्दिन। जता भेटेपनि सताएर हैरान पार्छु, सके सम्म मारि दिन्छु।' यो सुनेर लाटोकोसेरोले जुक्ति निकाल्यो। उक्त दिनदेखि लाटोकोसेरोले दिउँसोको साटो बिहान वा बेलुकीमात्रै निस्कन थाल्यो। भनिन्छ त्यही कारणले राती लाटोकोसेरोले कागलाई सताउँछ र दिउँसो कागले लाटोकोसेरोलाई सताउँछ।

# लाटोकोसेरो की बाठोकोसेरो ?



धेरै समय अघि एउटा वनमा लाटोकोसेरो र हात्ती एकदमै मिलेर बसेका थिए । उनीहरू एक अर्काको सहयोग गर्न कहिल्यै पछि पर्दैनथे । रातको समयमा लाटोकोसेरोले शत्रुहरू आउँदा हात्तीलाई जानकारी गराउँथ्यो । हात्तीलाई मनपर्ने फलफूल पनि उसले खसालि दिन्थ्यो । आफू भने शत्रुहरू आएको बेला हात्तीको ढाडमा चढेर सहारा लिन्थ्यो । यिनीहरू वन र खोलामा सँगसँगै हिँड्थे । यिनको मित्रताको चर्चा सबैतिर फैलिएको थियो ।

ती दुवैजना बसेको क्षेत्र एउटा राजाको राज्य भित्र पर्दथ्यो । राजा निरंकुश थियो । राजा नराम्रा कामहरूले गर्दा सो क्षेत्रमा चर्चित तर बद्नाम थिए । एक दिन ती सन्काहा राजालाई हात्तीको मासु खान मन लागेछ । उनले आफ्ना सेनाहरूलाई जसरी पनि लाटोकोसेरोसँग हिँड्ने हात्ती नै ल्याउनु भनेछन् । सेनाहरू जंगल गएर हात्तीलाई सबैकुरा भनेछन् । यो सुनेर हात्ती र लाटोकोसेरो दुवै जना खुब रोएछन् । हात्ती विदा हुनु अघि लाटोकोसेरोले आफू पनि सँगै जाने भनेर जिद्दी गर्न थालेछ । लाटोकोसेरोले आफूलाई पनि सँगै लैजान र राजाले केही सोधेमा जवाफ मैले दिन्छु भन्नु भनेछ । दुवैजना दरबार पुगेपछि राजाले हात्तीको अन्तिम इच्छा सोधेछन् । हात्तीले पनि पूर्व सल्लाह अनुसार आफ्नो बारे लाटोकोसेरोले बताउने भनेछ । राजाले भनेछन् 'ल भन, के भन्न लागिस ।' 'सरकारले साँच्चै पुर्‍याउने हो भने मात्र भन्छु नत्र भन्दिन,' लाटोकोसेरोले यति भनेपछि राजाले पनि हुन्छ भने ।

लाटोकोसेरोले भन्यो 'मेरो विवाह गर्ने उमेर भयो, हजुरकी छोरीको पनि उमेर पुग्यो । हामी दुईजनाको विवाह गरिदिनुस् ।' यो सुनेर राजा रीसले मुर्मुरिए । भने 'यस्तो वाहियात कुरा पनि गर्ने ? हुने कुरा पो गर्नुपर्छ । कताको लाटोकोसेरो जस्तो नराम्रो चरा, कता यति राम्री मेरी छोरी ?' यो सुनेर लाटाकोसेरोले पनि भन्यो 'कुखुराको मासु खानुस्, खसीको मासु खानुस् । किन हात्तीको मासु खाने ? नमिल्ने कुरा तपाँईले गरेको कि मैले गरेको ?' यसपछि राजालाई अनुभव भयो- यो लाटोकोसेरोसँग सकिन्न भनेर । राजाले मन मनै सोचे 'छोरी दिनु भन्दा बरू यसको साथीलाई नै फिर्ता गर्दिन्छु ।' राजाले हात्तीलाई छोड्ने आदेश दिएछन् । दुवै मित्रहरू खुसी-खुसी वनतिर फर्के । लाटोकोसेरोको बाठोपनले गर्दा हात्ती बाँच्यो । यसैले मानिसहरू लाटोकोसेरोलाई बाठोकोसेरो पनि भन्छन् ।


# लाटोकोसेरोको भूत



पश्चिम नेपालको एक गाउँमा रामप्रसाद लामिछाने नाम गरेको मानिस बस्दथ्यो। उ एक्लै थियो। रूख काटेर बजारमा लगेर बेच्थ्यो। उसले शिकार पनि खेल्थ्यो। मानिसहरू सम्झाउँथे तर, उ ज्यान गए मान्दैनथ्यो। एकदिन उसले गुँडमा रहेको लाटोकोसेरोका बच्चाहरू झिकेर पोलेर खाइदियो। पोल्नुअघि गाउँलेहरूले 'त्यस्तो पापकर्म नगर' भनेर सम्झाए पनि उ मानेन। दिनभरि कामले थाक्ने हुनाले एकछिनपछि निदायो। लाटोकोसेरोको बच्चा खाएको रात घर बाहिरबाट एउटा अनौठो आवाज आयो- 'ए राम प्रसाद, ढोका खोल।' उ झसंग भयो। बाहिरबाट फेरि आवाज आयो- 'सुतिसक्यौ ? मलाई पनि पोलेर खाउ।' उसको निद्रा पुरा खुल्यो। 'आज त दशैं नै हुने भयो' भन्ने सोच्दै ढोका खोल्यो तर, बाहिर केही पनि देखेन। दिनहरू बित्दै गए तर, बाहिरबाट आउने त्यो आवाज भने रोकिएन। प्रत्येक रात आउने त्यो आवाजका कारण उसको मनमा डर पनि क्रमशः बढ्दै गयो। उसको भोक र निन्द्रा हराउन थाल्यो। उ अपत्यारिलो तरिकाले दुब्लाउन थाल्यो। एक दिन रामप्रसादले बिहानसम्म ढोका खोलेन। पछि गाउँलेहरूले ढोका फोरेर हेर्दा उसलाई मरेको भेटे। गाउँलेहरू भन्दै थिए- 'लाटाकोसेरोको बच्चा पोलेर खाएको भएर त्यसको भूतले मारेको हो।' त्यो दिनदेखि गाउँलेहरूले कहिले पनि लाटाकोसेरोलाई मार्नु त परै जाओस दुःख दिने आँट पनि गरेनन्।


# लाटोकोसेरोको आयु

कुनैबेला वन्यजन्तुहरू मध्ये लाटोकोसेरो सबैभन्दा बढि बाँच्दथ्यो । दिनभरि अरू उडिरहँदा उ भने अनकन्टार ठाउँहरूमा एक्लै टोलाएर बस्थ्यो । रात परेपछि बाहिर निस्कथ्यो । उसलाई आफ्नो जीवनदेखि वाक्क लाग्यो ।  विरक्तियो । उसलाई आफूले पाएको सय वर्ष उमेर युग झैं लाग्न थाल्यो । उसले अब केही वर्ष मात्र बाँच्ने निधो गऱ्यो । उ निवेदन लिएर भगवानलाई भेट्न गयो । लाटोकोसेरोको सबै कुरा सुनेर भगवानले भने 'तिमीले राती देख्न सक्छौ अरूले सक्दैनन् । यो त झन वरदान भएन र ?' तर, लाटोकोसेरो मानेन् । उसको विरक्तपन देखेर भगवानले सुझाए 'तिम्रो उमेर घटाउन त मिल्दैन तर, तिमीलाई मनपर्छ भने कसकसलाई दिन मन लाग्छ उमेर बाँड ।' यो सुनेर लाटाकोसेरोले फुरूङ्ङ भयो । उसले आफूले पाएको उमेर १०/१० वर्ष अरूलाई बाँडिदियो । ९० देखि सय वर्षको उमेर मानिसले पनि पायो । भनिन्छ यही कारणले मानिस उमेर धेरै भएपछि एक ठाउँमा टोलाएर बस्ने र काम नगर्ने गर्दछ । सबैलाई उमेर दिइसके पछि १० वर्षको आयु मात्र आफूले राखेको हुनाले यो चरा औसतरूपमा त्यति नै बाँच्दछ ।



# विवेकी चरा

**अजित क्षेत्री**




एकादेशमा एक उजाड र सुनसान मरूभूमि थियो, जहाँ एउटा लाटोकोसेरो बस्दथ्यो । त्यो मरूभूमि तीर्थ जाने बाटोमा पर्दथ्यो । कुनै समय एक हाँसको जोडी तीर्थयात्राको क्रममा त्यही ठाउँमा आइपुगे । झमक्क रात परेकोले उनीहरूले त्यहीँ बास बस्ने निधो गरे । राती लाटोकोसेरो आएर चिच्याउन थालेपछि भने उनीहरूको निद्रा बिग्रियो । त्यहाँ बास बस्ने आफ्नो निर्णय माथि रीस उठे पनि भाले हाँसले पोथीलाई भन्यो 'भोली सबेरै उठेर जाउँला, अहिले जसो तसो सुतौं । यसरी रातभरी कराएपछि को यस ठाउँमा बस्छ । यो ठाउँ यस्तो निर्जन र उजाड हुनुको कारण पनि यहि लाटोकोसेरो होला । कति दुष्ट हुन सकेको भन्या ।'

लाटोकोसेरोले यो कुरा सुन्यो । उसले हाँसको जोडीसँग उनीहरू हिँड्ने बेला माफी माग्यो । फेरि एकछिनमा ठूलो स्वर निकालेर रून थाल्यो । आफ्नो पत्नी (पोथी हाँस) हाँसले हरेर लान लागेको भन्दै सबैसँग गुहार पनि माग्यो । हाँसले केही पनि बुझ्न नसकेर अकमक्क पर्‍यो । साथै आफ्नो पत्नीलाई अर्कोले दाबी गरेको देख्दा रीसले मुर्मुरियो । लाटोकोसेरोको चिच्याहट सुनेर वरिपरिका भद्र भलाद्मी र पञ्चहरू त्यस ठाउँमा जम्मा भए । उनीहरूले दुवै पक्षको कुरा सुने । खाँटी कुरो छुट्याउन उनीहरूलाई धेरैबेर लागेन । तैपनि उनीहरूले सोचे - 'यो हाँस त आफ्नी पत्नी लिएर एकछिनमै जानेछ तर, लाटोकोसेरो त यही ठाउँमा बस्छ र, लाटोकोसेरो हामीलाई पछि पनि चाहिन्छ ।' पञ्चले निर्णय लाटोकोसेरोको पक्षमा गरे र हाँसलाई तुरून्त त्यो ठाउँ छाड्ने निर्देशन दिए ।

यो सुनेर हाँस दुखी भयो र गह्रौं मन बनाएर आफ्नो बाटो लाग्यो । एकैछिनमा लाटोकोसेरोले हाँसलाई रोक्दै भन्यो – पर्खनुस् मित्र । 'मेरी पत्नी त लगिसक्यौ, के अब मलाई मार्ने विचार छ?,' हाँसले प्रश्न तेर्स्यायो । हाँसको प्रश्न सुने पछि लाटोकोसेरो बोल्यो 'यिनी तपाइँकी पत्नी हुन् हिजो पनि, आज पनि र भोलि पनि । तपाइँले राती यो ठाउँ यही लाटोकोसेरोको कारणले यस्तो निर्जन भएको भनेर भन्नुभएको थियो । यो ठाउँ यस्तो उराठ र निर्जन हुनुको कारण म भन्दा यी पाखण्डी विद्वानहरू हुन जसले थाहा हुँदाहुँदै पनि तपाइँकी पत्नी मलाई सुम्पिए । मैले त मात्र यही देखाउन खोजेको थिएँ । तपाइँ आफ्नी पत्नी लिएर जानुस् ।'

# भगवान रामको सहयोगी



लक्ष्मणलाई वाण लागेपछि भगवान रामले हनुमानलाई सञ्जिवनी बुटी खोज्न हिमालय पर्वततिर पठाए । पुरै हिमालय घुम्दा पनि सञ्जिवनी बुटी नभेटेपछि उनी दोधारमा परे । उनले एउटा जुक्ति निकाले । बलिया हनुमानले पहाडै बोकेर आए । रामलाई पनि कुन बुटी हो कुन होइन भनेर छान्न समय लागेछ । बल्लबल्ल बुटी पत्ता लगाइसके पछि भने कसरी खुवाउने भन्ने दोधार थियो । त्यसैबेला नजिकैको रूखमा एउटा चरा 'कच्याक कुचुक' भनेर कराएछ । सोही चराको आवाजको आधारमा जडिबुटीलाई थिचेर कच्याक कुचुक पारेर खुवाए पछि लक्ष्मणलाई होश आएछ । त्यो कच्याक कुचुक भन्ने चरा अरू नभएर लाटोकोसेरो नै थियो । भगवान रामले चरा बसेको हाँगातिर फर्किएर भनेछन् 'तँलाइ कसैले जित्न नसकोस्, त चराको राजा भएस् ।' तर, आशिष दिने बेलासम्म लाटोकोसेरो उडिसकेको थियो । त्यस ठाउँमा चिबे चरा आएर बसेको थियो । त्यो आशिष त्यसैले पायो । यही कारणले गर्दा उक्त चरालाई अरू कुनै चराले पनि जित्न सक्दैनन् । उसले आफ्नो क्षेत्रमा आउने सबै चराहरूलाई लखेट्न सक्छ । आशिष नपाएको लाटोकोसेरो भने रातिमात्र निस्कन्छ । दिउँसो निस्कन पनि सक्दैन । यसैले लाटोकोसेरोले कुनै पनि फलको आशा नराखी सहयोग गर्छ भन्ने किंवदन्ती रहि आएको छ ।

# रातको राजा



कुनै समय चराहरू आफ्नो राजा नभएर चिन्तित थिए । उनीहरूलाई कसैको नेतृत्व चाहिएको थियो । उनीहरूले बैठकबाट राजा टुंगो लाउने निधो गरे । यो कुरा कागले पनि थाहा पायो । बाठो कागले आफू राजा हुने जुक्ति निकाल्यो । उसले बैठकमा लाटोकोसेरोलाई अलि पछि बोलाएर अरू चराहरूलाई अगाडि बोलायो । बैठक सुरू हुने बित्तिकै आफ्नो कुरा राख्यो, 'म कराउन पनि सक्छु, अरूलाई लखेटन् पनि सक्छु । तिमीहरूको सुरक्षा म बाहेक अरू कसैले गर्न सक्दैन ।' भेलामा उपस्थित चराहरूलाई यो सुनेर चित्त बुझ्यो । उनीहरूले हो हो भनेर कागलाई राजा बनाउने निर्णय गरे । यतिकैमा लाटोकोसेरो आइपुग्यो । उसले कागको चतुऱ्याइँ बुझ्यो । 'ल ठीकै छ, कागले दिउँसो त तिमीहरूको सुरक्षा गर्ला तर, राती कसरी गर्न सक्छ ?' उसले अझ थप्यो, 'कागले त राती देख्नै सक्दैन । राती त मैले पो देख्न सक्छु । त्यसैले राजा त म पो हुनुपर्छ ।' विवाद बढ्दै गएपछि चराहरूले कागलाई दिउँसोको राजा र लाटोकोसेरोलाई रातीको राजा तोकिदिए । चराहरूले भने 'तिमीहरू आआफ्नो समयमा मात्र सक्रिय हुनु । अर्काको समयमा आयौं भने जसले सक्छ त्यसैले मार्नु ।' त्यही दिनदेखि दिउँसो कागले लाटोकोसेरोलाई तथा रातमा लाटोकोसेरोले कागलाई देखेमा आक्रमण गर्ने गरेको विश्वास मानिसहरू गर्दछन् ।



# घाइतेको उद्धार कसरी गर्ने ?

घाइते हुँदा सबै जीवजन्तु तनावमा हुन्छन् । प्रकृतिप्रदत्त यो बानी बाट लाटोकोसेरो पनि फरक छैन । उद्धारको पहिलो काम भनेकै यिनको तनावलाई कम गर्नु हो । मानिसहरू धेरै भएको ठाउँमा हातले धेरै चलाउने, फोटो खिच्ने र हल्ला गर्ने कार्य रोक्नु पर्दछ । यसले पहिला नै तनावमा रहेको लाटोकोसेरोलाई थप तनाव पर्दछ । तनावलाई कम गर्न सकिएन र, मान्छेले चलाइरहे मर्ने सम्भावना पनि रहन्छ । यस्ता बेला तिनको नजिक जानु कहिलेकाही जोखिमपूर्ण पनि हुन्छ । गोठे लाटोकोसेरो, हुचील तथा डुन्डुलको गुँड नजिक जाँदा मानिसलाई आक्रमण गरेको भेटिएको छ । त्यसो त सबैजसो चराचुरूंगी र पशुहरूले आफ्ना गुँडको सुरक्षाका लागि शत्रुमाथि आक्रमण गर्छन् । प्रकृतिप्रदत्त यो व्यवहारमा तीखा नंग्रा भएका लाटोकोसेरोको आक्रमण अलि घातक पनि हुन्छ ।

साना साना चल्लाहरू प्रायःगरि उड्ने बेलामा गुँडबाट झर्ने गर्छन् । कुनै कुनै लाटोकोसेरोको बच्चाहरू गुँडबाट बाहिर निस्केर दगुर्ने समेत गर्दछन् । हामीले भने चरा घाइते भएको ठान्छौं । यदि सार्वजनिक बाटोमा छैनन् वा कसै बाट कुल्चिने, हानि पुग्ने सम्भावना छैन भने सोही ठाउँमा छाडिदिनु पर्छ । केही समयपछि यिनको माउले चल्ला लिएर जान्छन् । तर, त्यस्ता ठाउँमा छाड्दा बिरालो, कुकुर र काग आदिले आक्रमण गर्ने सम्भावना छ भने सुरक्षित स्थानमा छाड्न सँगै लिएर जानु ठीक हुन्छ । मान्छे तथा यातायातको भीडभाड हुने क्षेत्र छ भने पनि घाइते चरालाई त्यसै छाडनु हुँदैन् । गाडीमा ठोक्किएको अवस्थामा भेटियो भने आँखा बन्द गरेको हुन सक्छ । यस्ता बेलामा न्यानो कपडाले बेरेर शान्त ठाउँमा राख्न सकिन्छ ।



सँगै लैजानुपर्दा कागजका कार्टुनमा साना-साना प्वाल पारेर घाइते लाटोकोसेरोलाई राख्नुपर्छ । भित्र बस्ने ठाउँमा नरम कपडा प्रयोग गर्नु पर्दछ । सकेसम्म लाटोकोसेरोलाई चुच्चो मात्रै खुला छाडेर न्यानो कपडाले छोप्नु पर्दछ । घाइते अवस्थामा एक ठाउँबाट अर्को ठाउँमा लैजाँदा तारको पिँजडा सकेसम्म प्रयोग गर्नुहुँदैन ।

कार्टुनमा राखिएको लाटोकोसेरोलाई मान्छेको आवाज कम भएको तर, हावा लाग्ने ठाउँमा राख्दा तनाव कम गर्न सकिन्छ । यस्तो बेलामा पानी वा कुनै पनि खानेकुरा दिनुहुँदैन, यस्तो गर्दा मर्ने सम्भावना धेरै हुन्छ । कार्टुनको आकार ठिक्कको हुनुपर्छ, जसले गर्दा चरालाई चाहिने ठाउँ पुगोस् र ढुवानी गर्दा भित्र लड्ने सम्भावना पनि थोरै होस् ।

यदि शरीरको कुनै भागमा चोट लागेको तर, हड्डी बाहिर देखिएको छैन भने ती चराहरू आफ्नो वासस्थानमा फर्कन सक्छन् । यसका लागि पखेटाको अवस्था र उमेरसमेत अनुमान गर्न सकिन्छ । छाड्नका लागि कोलाहलयुक्त वातावरणबाट अलि पर अग्लो ठाउँमा लैजान सकिन्छ । यो सम्भव भएन भने घरको छाना पनि प्रयोग गर्न सक्छौं । कार्टुनमा लगेको चरालाई कार्टुन नखोली केहीबेर त्यतिकै राख्नुपर्छ । केही समयपछि कार्टुन खोलेर छाडिदिनु पर्छ । कार्टुनबाट झिकेर हातमा राखि थोरै बल प्रयोग गरेर माथितिर छोड्दा चरालाई उड्न सजिलो हुन्छ । यसरी छोड्दा मानिसहरू एकातिर बसेर सम्भावित उड्ने ठाउँतिर स्थान खाली गरिदिनु पर्दछ । प्रायःजसो उडेर जान्छन् । अलि उज्यालोमा छाड्दा काग वा अन्य चराहरूले लखेटेर फेरि घाइते बनाउन सक्ने भएकाले बेलुकी वा बिहानको समयमा मात्रै छोड्नु पर्छ ।

यदि प्वाँखहरू काटिएको, भाँचिएको अवस्थामा भेटिएको छ भने उक्त लाटोकोसेरोलाई सञ्चो वा उड्नसक्ने हुञ्जेल पाल्नु आवश्यक हुन्छ । पखेटाहरू पलाइसकेपछि फेरि उड्नयोग्य हुन्छन् । यस्तो अवस्थामा नजिकको चिडियाखाना वा वन कार्यालयमा पनि राख्न सकिन्छ ।



लाटोकोसेरो घाइते वा बच्चा छ भने सानो काठको पिंजडा (२ फीट लम्बाइ/चौडाइ/उचाइ)मा राख्नु पर्दछ । सकेसम्म मानिससँग प्रत्यक्ष देखादेख नहुने हुनुपर्छ । हावा लाग्ने, अन्य जीवहरूले नोक्सान नपुर्‍याउनेगरि राख्नु आवश्यक छ । पुर्नस्थापनाको बेलामा चलखेल गर्न मिल्ने गरि पिंजडा (८ फीट लम्बाइ/चौडाइ/उचाइ भएको) तयार गर्नुपर्दछ । प्राकृतिक बासस्थानमा फर्काउनुअघि ठूलो आकारको पिंजडा (१० फीट लम्बाइ, १० फीट चौडाइ र २० फीट उचाइ) तयार गर्नुपर्दछ । सरसफाइ गरिरहनु पर्दछ । बासी खाने कुरा ख्वाउनु हुँदैन । बस्ने ठाउँ चिप्लो हुनुहुँदैन । लाटोकोसेरोको राखेको पिंजडा वा स्थानको भूइँमा साना–साना गेगर वा सिमेन्टले खस्रो रूपमा प्लाष्टर गरिएको भए उत्तम हुन्छ ।

यदि लाटाकोसेरोलाई उभिन गाह्रो भएको छ, खुट्टा बांगो देखिएको छ र झोक्राएको छ भने यिनले विषादि भएको मुसा खाएको हुन सक्छन् । यस्तो अवस्थामा पुनर्स्थापना केन्द्रमा बिस्तारै आफैं ठीक हुँदै जान्छन् । तर, यसका लागि भेटेनरी प्राविधिक वा स्वास्थ्यकर्मीको मदत आवश्यक हुन्छ । आन्तरिक रक्तश्राव रोक्न उनीहरूले भिटामिनको इन्जेक्सन दिने गर्दछन् । यसले रगतलाई बाक्लो बनाउने र रगत निस्कने गतिलाई नियन्त्रण गर्दछ ।

तार वा कुनै पासोमा परेको अवस्थामा लाटोकोसेरोहरू एकदमै आक्रामक हुन्छन् । यस्तो बेलामा हामीले उद्धार गर्दा हातमा बाक्लो पञ्जाको प्रयोग गर्नु जरूरी हुन्छ । समात्नका लागि आफूसँग भएको कपडाले अलि टाढाबाट छोपेर मात्र समाउनु पर्दछ । समाउँदा यिनको तिघ्रामा समाएर पछाडिबाट पासो हटाउनु पर्दछ ।

नेपालमा चराकै उपचारमा जानकार तथा तालिमप्राप्त विज्ञहरूको अभाव छ । घाइतेलाई उपचारार्थ पठाउन वा निको हुञ्जेल ओखती दिँदै सुरक्षित आवधिकरूपमा राख्न पुनर्स्थापना केन्द्र पनि छैनन् । यदि लाटोकोसेरो अति घाइते अवस्थामा छ भने जिल्ला वन वा वार्डेन कार्यालयसँग समन्वय गरेर नजिकको पशु अस्पातालमा लैजानु पर्दछ । विदेशतिर प्राकृतिक वासस्थानमा फर्कन सक्ने भएसम्म फर्काइन्छ । यदि फर्कन नसकेपनि बाँच्न सक्छ भने संरक्षणका कामहरूमा प्रयोग गरिन्छ । उपचार र पाल्न दुवै सम्भव नभएका चराहरूलाई मार्ने चलन पनि छ ।

**घाइते टोकोसेरोको उद्धारसम्बन्धी थप जानकारीका लागि उपयोगी वेव ठेगाना:**

http://www.owlrescue.supanet.com/First_Steps.htm
http://www.owlpages.com/owls/articles.php?a=81
http://www.hawk-conservancy.org/conservation-research/hospital/
http://www.internationalowlcenter.org/owls-humans/sickinjuredowls
http://www.barnowltrust.org.uk/picking-up-a-live-owl/how-to-check-barn-owls-for-injuries/
http://wdfw.wa.gov/conservation/health/rehabilitation/rehab_facility-carestandards.pdf

# उद्धार गर्दाका अनुभव संरक्षणकर्मीको आँखाबाट

## मुख्य तस्कर समाउनै गाह्रो

मनोज गौतम

२०६६ साउन १ गते । बेलुकी पख भएपनि मौसम गर्मी थियो । भारत, पटनाको हाजीपुरका सुराकीले आजै वा भोलिसम्म चरासहित तस्करको समुह काठमाडौं आउँदैछन् भनेर खबर गरे । फोन आउँदा म, सन्तोष खतिवडा, पवन थापा, नविन दाहाल र जगत गौतम लगायतका साथीहरू राजधानीको शान्तिनगरस्थित कार्यालयमा काम गरिरहेका थियौं । नागढुंगा जानुपर्ने थियो । वर्षे पानीले केही अप्ठ्यारो पार्छ की जस्तो लागेको थियो तर, झरी थामियो । कुन बस हो भनेर अझै खबर भएको थिएन । हामी मारुती ८०० लिएर जानु अगाडि नै बस नम्बर आइसकेको थियो । नागढुंगा पुग्दा रातको १० बजिसकेको थियो । प्रहरीका असइलाई सबै जानकारी गरायौं । मलंगवाबाट आउन लागेको गाडीको नम्बर र तस्करको हुलिया दियौं । विगतका तीता अनुभवहरूले गर्दा हामीले पनि प्रहरीसँगै बसमा जाने भनेर भनिसकेका थियौं । उनले 'तपाईहरू बस्नुस्' भनेर सानो काठले बारेको तर, हावा छिर्ने ठाउँ देखाए । एउटा कपडा बिनाको पलंग थियो । रात छिप्पिदै जाँदा चिसो पनि बढ्दै गयो । हामीले केही बेर तास खेल्यौं । समय बिताउन साँच्चै नै गाह्रो भइरहेको थियो ।

बाहिरको एकजना प्रहरीले 'आयो आयो, गाडी आयो' भनेर हामीलाई बोलाउँदा घडीमा बिहानको ३:४४ भएको थियो । हाम्रा दुईजना साथीहरू बसमाथि चढिहाले । माथि चढेका साथीहरूले 'बिरालो बिरालो' भनेर चिच्याए । तिनीहरूको प्रतिक्रियाले गर्दा म पनि बस माथि चढें । एउटा काठको बाकसलाई बाहिरबाट बोराले बेरिएको थियो । मैल थाहा पाइहालें, यो चरा बोक्ने बाकस थियो । बाकस नजिकै एउटा जेब्रा झोलाबाट एउटा पंछीले ठू-ठूला रातो र पँहेलो आँखाले मलाई हेरिरहेको थियो । त्यो एउटा लाटोकोसेरो थियो । त्यसका खुट्टा बाँधिएका थिए । यति दु:खदायी तरिकाले ल्याइएको लाटोकोसेरो मैले जीवनमै पहिलोपल्ट देखेको थिएँ । उसको एउटा आँखाले मलाई नियालिरहेको थियो, जसमा उसलाई परेको तनाव प्रष्ट झल्किन्थ्यो । त्यो बसमा यस्तो अवस्थामा लाटोकोसेरो भेटिनु मेरा लागि एकै चोटि आश्चर्य र नरमाइलो लाग्ने विषय बनेको थियो । बाकस र झोला एउटै ठाउँबाट आएको नहुने मेरो अड्कल थियो ।



बसबाट ओर्लेर मैले बाकसको बारेमा खलासीलाई प्रश्न तेर्स्याउने बित्तिकै नजिकै बसेको सानो ज्यानको सागिर मोहम्मदको मुहार मलिन भयो । प्रहरीको सोही प्रश्नमा उनले आफू यस मामलामा अनभिज्ञ भएको दाबी गरे । प्रहरीको दुई लात्तीले भने उनलाई गलायो र चिच्याएर रून थाले । शायद लाटोकोसेरो तस्करीको मामलामा आफू मुछिने भएँ भन्ने उनलाई लाग्यो होला । मैले उनलाई पहिले देखि थोरै चिन्दथेँ । उनी बाहिरबाट सधैंजसो पाप लाग्ने कुनैपनि कामको पछि नलाग्ने खालको भएपनि जेलबाट बाहिर आउना साथै फेरि पुरानो काम थाल्थे । तर, यसपटक भने मलाई यो काम सागिरको होइन भन्ने आभास भइरहेको थियो । उनी रूँदै थिए र, घुँडामा नीलो डाम बसेको थियो । यो देखेर मलाई उनीप्रति टिठ लाग्यो ।

मैले खलासीसँग बसमा चढेकाहरूबारे सोधेपछि भने पाँचजना रौतहट जिल्लाको चन्द्रनिगाहपुरबाट मुग्लिनसम्म छतमा बसेको कुरा थाहा भयो । हामीले ती पाँच जनासँग सोधपुछ गर्दा उनीहरूले एउटा बिहेबाट फर्केको बताए । उनीहरू सबैको निधारमा रातो टीका थियो । प्रहरी यो काम सागिरले नै गरेको भन्नेमा विश्वस्त थियो । यसैबेला ती पाँचमध्ये एकले अलि छेकिएर फोन चलाएको देखेँ र उसको फोन थुतेँ । मैले सागिरसहित ती पाँचजनालाई थानकोटस्थित प्रहरी कार्यालय पुऱ्याउनुपर्ने पनि कुरा राखेँ । एकैछिनमा हामी प्रहरी कार्यालय पुग्यौं र, संदिग्धहरूसँग सोधपूछ थाल्यौं । गैरकानूनी कामका लागि आफ्नो गाडी प्रयोग गर्न दिए वापत भने बस चालकले केही कानूनी झन्झट ब्योहोर्नुपऱ्यो । त्यो देख्दा मलाई खुशी लाग्यो किनभने यही शिवपार्वती ट्राभल्सका गाडीहरू पहिले पनि यस्ता गैरकानूनी कामहरूमा प्रयोग भएका थिए । यही बीच लाटोकासेरोलाई हामीले बाहिर निकाल्यौं र केही मासु दियौं । लाटोकोसेरोले मासु खायो, जुन हाम्रा लागि खुशीको कारण बन्यो ।



जेब्रा ब्यागमा ल्याइएको मलाहा हुचीलको खुट्टा बाँधेको डोरी खोल्दै मनोज गौतम लगायतको समुह ।

मैले सागिर र उ जस्तै सानो रकमको लोभमा ठूला व्यापारीहरूका लागि चराहरू ओसारपसार गर्ने थुप्रै मान्छेहरू चिनेको थिएँ । यही अनुभवका आधारमा यो लाटोकोसेरो सागिरले ल्याएको होइन भन्ने मेरो विश्वास थियो । किनभने यसरी ओसारपसार गर्नेहरूले आफ्नो सामानको जतन गर्दछन् । गाडीमा हामीले फेला पारेको लाटोकोसेरो राखिएको तरिका देख्दा यो कुनै सिकारूको काम थियो जसले 'आए आँप गए झटारो' भनेर आफ्नो भाग्य आजमाउन खोजेको थियो । मैले पहिले पनि चरा तस्करहरूका गोप्य ठेगानाहरूमा छापा मारेर बाज, सुगा, कालिज तथा अरू विभिन्न चराहरूको उद्धार गरेको थिएँ । तर, तिनै तस्करहरू लाटोकोसेरोको व्यापारमा पनि संलग्न भएको पाएको थिइँन । कहिलेकाही भने मलाई चराहरूको व्यापार हुन्छ भन्ने कुरा हौवामा मात्र सीमित हो कि जस्तो लाग्दथ्यो किनभने यस कारोबारमा कहिले पनि ठूला व्यापारीहरू पक्राउ पर्दैनथे । हालसालै हाम्रै सक्रियतामा पोखराबाट ठूलो परिमाणमा पालेका चराहरू पक्राउ परे पछि भने मात्र लाटोकोसेरोसहित अरू चराहरूको ठूलै व्यापार हुने गरेको थाहा भयो ।

प्रहरी कार्यालयमा ती पाँचजना संदिग्धहरूसँग छुट्टाछुट्टै सोधपुछ गरियो । ती सबैको बयान हुबहु मिलेपछि भने मेरो टोलीका साथीलगायत सबैलाई सागिरले ढाँटेको भान पर्न थाल्यो । निद्रा, भोक अनि सोधपुछमा प्रगति नभएको देख्दा म अक्क न बक्क परेको थिएँ । सागिरले ढाँटेको भन्ने मलाई अझै पनि विश्वास भएको थिएन ।

यसैबेला एकजना अग्लो कद भएका भलाद्मी ट्र्याकसूटमा हामी अघि देखापरे । उनी थिए प्रहरी निरीक्षक अंगुर जिसी । हामीसँग परिचय गरेपछि उनले २० मिनेटमा केस सुल्झाउने वाचा गरेर भित्र छिरे । केही बेरपछि एकजना असई उज्यालो अनुहार बनाउँदै हामीसामु आएर केस सल्टिएको खबर सुनाए । हामी कार्यालयको पहिलो तल्लामा रहेको कोठामा पुग्यौं, जहाँ ती पाँच संदिग्धमध्ये एकजना भूइँमा सुतेको पायौं । उसको गालामा नीलडाम थियो । एउटा बेतको लट्ठी नजिकै कुर्सीमा ढल्किरहेको थियो जहाँ प्रहरी निरीक्षक जिसी बसेका थिए । उसले सबै कुरा खोलेको मैले थाहा पाएँ । बौद्धस्थित गलैँचा उद्योगमा सँगै काम गर्ने दुईजनाले उनीहरूलाई रौतहटबाट लाटोकोसेरो लिएर आए प्रतिव्यक्ति पाँच हजार रूपैयाँ दिने प्रलोभन दिएको उसले सुनायो । डरले नै होला, यस्तो काम जीवनमा पहिलोपटक गरेको पनि उसले भन्यो । हामीसँग खेर फाल्ने समय पटक्कै थिएन, खासगरि उनीहरूमध्ये एकजनाले पहिले नै फोनमा कुरा गरेको हुनाले । हामी बौद्ध हिँड्न तम्सियौं । प्रहरी निरीक्षक जिसीले हामीलाई कुनै पनि गाडी लैजान नदिए पनि ती पाँच संदिग्धमध्ये एक जनालाई भने सँगै पठाइदिए ।

भ्यानमा बौद्ध प्रहरी कार्यालय पुगेका हामीले प्रहरी निरीक्षकको नेतृत्वमा एउटा टोली बनायौं र, शान्ति टाउन कोलोनी पुग्यौं । त्यहाँ सानो भीडमाझ ती संदिग्धहरूका दुई साथीहरू थिए । ती दुईले बिना कुनै सोधपुछ लाटोकोसेरो ल्याउन जिम्मा दिने मान्छेको नाम भने । उनीहरूका अनुसार त्यो मानिस, जसको नाम हरि लामा (नाम परिवर्तन) थियो, उ केही वर्षदेखि नै यस्तो काममा संलग्न थियो र सिधै विदेशीहरूसँग कारोबार गर्दथ्यो । हामीले ती दुई संदिग्धहरूलाई लामासँग फोनमा कुरा गरेर भेट्न बोलाउन भन्यौं । उसले ती दुईलाई जमलस्थित राष्ट्रिय नाचघर बोलायो । सादा पोशाकका प्रहरीसँग जमल पुग्यौं र, टाढाबाट ती दुईमाथि दृष्टि बनाइराख्यौं । ती दुईले लामालाई पटकपटक फोन गरे तर, उनले फोन उठाएनन् । एकछिन पछिदेखि भने उनको फोन बन्द भयो । हामीले त्यसपछि त्यो केस काठमाडौंको जिल्ला वन कार्यालय बुझायौं । जिल्ला वनले पाँच जनालाई जनही २८ हजार रूपैयाँ जरिवाना गराएर धरौटीमा छाड्यो । संदिग्धमध्ये दुईजनालाई (एकजना नाबालक र अर्को जसले बौद्धका दुई आरोपी पत्राउन सहयोग गरेका थिए) भने त्यत्तिकै छाडियो र, अनुसन्धान तत्काल बन्द गरियो । मुख्य अभियुक्त उम्किए । तर, खुशीको कुरो समातिएका चराहरू भने कैदबाट छोडिए र, लाटोकोसेरोलाई सदर चिडियाखाना लगियो । साथै यो समाचारले लाटोकोसेरोको अवैध व्यापारमा लाग्ने केही मानिसलाई भने पक्कै पनि हतोत्साही बनायो होला भन्ने आशा छ ।

**(संरक्षणकर्मी गौतम जेन गुडल इन्टरनेशनलका कार्यकारी निर्देशक हुन्)**

# हाप्सिलो वनतिर हामी घरतिर

चिरञ्जीवी खनाल

२०७२ साउन ९ गते । दाङ देउखुरीबाट ६५ किलोमिटर परको क्षेत्रमा म र सुमन घिमिरे सारस हेर्न आएका थियौं । तुल्सीपुरको मोतीनगरहुँदै हामी शान्तिनगर-९ जुम्लेकुला पुगेको थियौं । दिनभरिको घुमघामले लखतरान भएपछि खाजा खान नजिकैको चियापसलमा छिर्दा हाम्रो दुरबिन देखेर साउजी कुरा गर्न हौसिए । उनले भने 'चरा त होइन तर, हुचील हेर्ने हो भने परको अर्को रेष्टुरेन्टमा छ ।'

हामी हतपत्त खाजा छाडेर पल्लो रेष्टुरेन्टतिर लाग्यौं । काठले बारेको हावा छिर्ने बाकस जस्तोमा हाप्सिलो प्रजातिको लाटोकोसेरोलाई राखिएको थियो । हामीले फोटो खिचेपछि साहुजीसँग कुरा गर्ने निर्णय गऱ्यौं । हामीले कुरा गर्नु अगाडि नै साउजीले भारतबाट केही समय अगाडि लिन आउँदा भाउ नमिलेर नदिएको बताए । हामीले यो प्रजाति तथा कुनै पनि चराहरू पाल्न पाइँदैन भन्यौं । उनी केही बोलेनन् । यसलाई छोड्न पर्छ भनेर मसँगै गएका सुमन घिमिरेले भन्दा उनले मानेनन् । हामी पनि डेग चलेनौ, पाल्न पाइँदैन भनिरह्यौं । उनले आर्थिक लोभ देखाए । तैपनि मानेनौं । उनले पनि मानेनन् । ती साहुजीका समर्थक केही स्थानीय युवाहरू आएर हामीलाई घेरे । अब झगडा पर्दा हामी कसरी प्रतिरक्षा गर्ने वा के गर्ने भन्ने लागिरहेको थियो । यहीबेला प्रहरीका एकजना हवल्दार आइपुगे । उनलाई पनि चरा पाल्न पाइँदैन भन्ने थाहा रहेनछ । तर, जे भए पनि उनी आउँदा हाम्रो हिम्मत भने बढ्यो ।

साँझ परिसकेको थियो । साउजीले हामीलाई अलमल्याइ रहे । कुरा गर्दै गलफती पर्दै जाँदा प्रहरीले साहुजीलाई 'गैर कानुनी काममा सहयोग गर्न नसक्ने' भनिदिंदा उनी केही गले । कुरो तार्किक निश्कर्षमा पुगेन । त्यस दिन हामीले त्यो हाप्सिलोलाई मुक्त गराउन सकेनौं । 'भोलि फेरि आउँछौं' भनेर प्रहरीको रोहबरमा राखेर घर फर्कियौं । भोलि भेटिन्छ कि भेटिन्न भन्ने चिन्ताले रातभर निद्रा परेन ।

२०७२ साउन १० गते । गर्मी असाध्यै थियो । मनिसहरूले हामीलाई घेरिरहेका थिए । प्रहरी र पत्रकारसँगै हुँदा पनि हामीलाई डर लागिरहेको थियो । पैसा नदिइ दिन्नौं भनेर साुहजीले पहिलो दिन जस्तै अड्डी कस्न छाडेनन् । हामीले फेरि पनि पाल्न पाइँदैन भनिरह्यौं । केही युवाहरूले प्रहरी आउनुअघि हामीलाई पहिलो दिन जस्तै गलाउन/तर्साउन खोजे । त्यो बेला पेट्रोलियम पदार्थको अभावको बेला थियो । बजारमा सजिलै पाइँदैनथ्यो । सामाजिक सञ्जालको मद्दतले इन्धन व्यवस्था गरेर आएका थियौं । हिजै गर्नुपर्ने काम एक दिन पछि सरेको थियो ।

उक्त दिन वनका कर्मचारीहरू जानकारी गराउँदा पनि आइदिएनन् । हामीसँगै आएका पत्रकार तुलसीराम ओली र संरक्षणकर्मी डिल्लीबहादुर रावतले सम्झाएपछि युवाको हुल पछि सऱ्यो । प्रहरीले पनि कुरा बुझिसकेको थियो । लामो वादविवाद र बहसपछि अन्ततः साहुजी हाप्सिलोलाई मुक्त गर्न राजी भए । उनी मनले खुसी थिएनन् तर, पाल्न नपाइने, जबर्जस्ती गरे कानुनअनुसार सजाय वा जरिवानामा परिने सुनेपछि उनी हच्किएका थिए ।

पिंजडाबाट छुट्ने भएको हाप्सिलो उड्छ/उड्दैन भन्ने कुराले हामीलाई चिन्ता लागेको थियो । यदि उडेन भने के गर्ने ? किनकी यो एक वर्षदेखि कैदी झैं थुनिएको थियो । कानूनले पालेर राख्न दिंदैन, उपचार लगाउनु पर्ने अवस्था हो भने उपचार केन्द्र छैन, जिम्मा लगाउन पुनर्स्थापना केन्द्र छैन । प्रकृतिकै भरोसामा जंगलमा छोड्नुपर्ने बाध्यता थियो । बाकसबाट निस्केपछि त्यो हाप्सिलो एकछिन टोलायो । बिस्तारै एकछिन हिँड्यो । अनि केहीबेरमै उडेर सालघारीतिर पस्यो । हेर्दाहेर्दै हाम्रा आँखा अगाडिबाट उ जंगलमा विलय भयो । हाम्रो खुशीको सीमा थिएन । बाटोभरि एकजना स्थानीयको प्रश्नले सम्झँदै हँसाइरह्यो । उनले भनेका थिए, 'तपाइले वनमै लगेर छाड्नुहुन्छ भन्ने के ग्यारेन्टी छ ? आफूले पालेका कुराको माया लाग्छ । हामीलाई हेर्न मन लाग्यो भने देखाउन सक्नुहुन्छ ?'

(वनविज्ञानका शोधमा संलग्न सरक्षणकर्मी खनाल दाङमा सक्रिय छन् )

# नेपालमा लाटोकोसेरो सम्बन्धि कानूनी व्यवस्था




अवोध आँखाहरुले केही नबोलेपनि कानुनी सहायताको आश त यिनले पनि गर्दा हुन् ।

लाटोकोसेरोकै लागि भनेर नामै उल्लेख गरिएको कुनै पनि ऐनकानुन छैन । तर, वन्यजन्तु, पशुपंछीको संरक्षणसम्बन्धी ऐननियमले यो निशाचरको हितमा काम भने गर्न सकिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले २६ प्रजातिका स्तनधरी, नौ प्रजातिका चराहरू र तीन प्रजातिका घस्रने जीवहरूलाई संरक्षित सूचिमा राखेको छ । लाटोकोसेरो संरक्षितको सूचिमा पर्दैन । उक्त ऐनअनुसार राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्रमा कुनै पनि पशुपंछीलाई मार्न, दुःख दिन, बेचविखन गर्न नपाइने उल्लेख गरिएको छ । यही ऐनलाई आधार बनाइ नेपालभर कानुनले निषेध गरेका कामहरू गर्नेविरूद्ध कार्वाही हुँदै आएको छ ।

उक्त ऐनअनुसार राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्रमा कसैले कुनै पनि पंछी (लाटोकोसेरो तथा हुचीलसमेत) लाई मारेमा, दुःख दिएमा, बेचबिखन गरेमा वा सो गर्न सघाएमा दफा २६ (५) अनुसार २० हजार देखि ५० हजार रूपैयाँसम्म जरिवाना र छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुने प्रावधान छ । संरक्षित क्षेत्र बाहिर कसैले अनुज्ञापत्र नलिई लाटोकोसेरो मारेमा कति सजाय हुने भनी ऐनले प्रष्ट ब्यबस्था गरेको नदेखिएता पनि दफा ११ ले अनुज्ञापत्र नलिइ नेपालभर लाटोकोसेरोलगायत अन्य वन्यजन्तुको शिकार गर्न नपाइने भनी सुरक्षाको प्रत्याभूति गरेको छ । लाटोकोसेरो मार्न प्रयोग भएको हातहतियार, ओसारपसार गर्न प्रयोग भएको सवारीसाधन सोही ऐनको दफा २८ बमोजिम जफत हुने व्यवस्था गरिएको छ ।

यो ऐनले संरक्षित क्षेत्रभित्र लाटाकोसेरोसहित सबै वन्यजन्तु बस्ने बासस्थानमा कुनै अध्ययन-अनुसन्धान लगायतको काम गर्नुपरे पूर्व स्वीकृती लिनुपर्ने व्यवस्था पनि गरेको छ ।



# लाटोकोसेरो सम्बन्धि रमाइला जानकारीहरू

आवाज ननिकाली उड्न सक्छन् ।

बिहान उठ्नेबित्तिकै चुच्चोले प्वाँखहरू मिलाउने गर्दछ जुन घण्टौंसम्म गरिरहन्छन् ।

नेपालमा पाइने २३ प्रजातिहरूमध्ये लघुकर्ण लाटोकोसेरो मात्र बसाइँसराइ गर्दछन् ।

लाटोकोसेरोको समुहलाई 'संसद' भनिन्छ ।

आँखा चलाउन सक्दैनन् यसैले टाउको नै हल्लाएर सबैतिर हेर्ने गर्दछ ।

गोठेलाटोकोसेरोको औसत आयु १० वर्ष मानिन्छ ।

टाढाको सजिलै देख्न सक्छन् तर, नजिकको गाह्रो पर्छ ।

ठूला लाटोकोसेरोहरूले सानो लाटोकोराहरूलाई समेत मारेर खाने गर्दछन् ।

संसारको सबभन्दा सानो लाटोकोसेरो 'एल्फ' ले पात र फलफूलसमेत खान्छ ।

सबै चराहरूलाई विहानै उठाउने हुनाले यसलाई सबै चराको नोकर जस्तो मानिन्छ ।

इटालीमा गुफो, रूसमा कोबा र चाइनिज भाषामा फुकुरो भनिन्छ ।

सबैचराले दिउँसो हेप्ने भएकाले रातीमात्र निस्कने कैलालीको माघी गाउँमा विश्वास गर्छन् ।

Northern Hawk Owl करिब ८०० मिटर परबाटै छुचुन्द्रा (Vole) लाई देखेर शिकार गर्न सक्छ ।

अमेरिका र क्यानाडामा पाउने लाटोकोसेरोहरूको प्रजाति (१९) भन्दा बढि नेपालमा पाइन्छन् ।

गोठे लाटोकोसेरोको प्रजातिले जीवनभर एकै जनासँग समय बिताउँछन्, भाले वा पोथी मर्‍यो भने तनावमा रहन्छन् र कहिले काहीं मर्छन् पनि ।

यिनीहरू कराएर वा अनुहार परिवर्तन गरेर एक अर्कामा सञ्चार गर्छन् ।

पोथीहरू भालेको तुलनामा ठूलो, बढि तौल तथा आक्रामक हुन्छन् ।

प्रजनन्को बेला यिनको आवाज १ (१.६ किलोमिटर) माइल परसम्म सुनिन्छ ।

यिनको अवशेष ५८ मिलियन वर्ष अगाडिको भेटिएको थियो। जसअनुसार तीन फिट अग्लासम्म लाटोकोसेराको प्रजाति (orinmegalonyx oteroi) पाइन्थ्यो।

बरोइङ प्रजातिका (Burrowing owls) लाटोकोसेरो भूँइमा रहेको प्वालहरूमा बस्ने भएपनि आफैँले नबनाइ अरू साना स्तनधारीहरूले बनाएका प्वालहरू प्रयोग गर्छन्।

अमेरिकाको जोन एफकेनेडी एयरपोर्टमा जहाजसँग लाटोकोसेरो ठोक्किएर दुर्घटना हुने सम्भावना देखेर सेता रङका लाटोकोसेरो (Snowy owl) मार्ने अनुमति दिइएको थियो। सञ्चारकर्मीहरूको विरोधपछि तिनलाई समातेर अन्य ठाउँमा छाड्न सम्बन्धित निकाय सहमत भएका थिए।

यसले खानेबेलामा चुच्चो नजिकै रहेको रौ/सानो भुत्लो (filoplumes) ले समातिएको आहाराको बारेमा अनुभव गर्दछन्।

The Cuban giant owl or giant cursorial owl (Ornimegalonyx) नामक प्रजातिको लाटोकोसेरो उड्न नसक्ने र कम्तिमा पनि नौ किलो तौलको थियो। यसका तीनवटा अवशेषहरू क्युबाका गुफाहरूमा भेटिएका थिए जसको आधारमा यसको उचाई कम्तिमा १.१ मिटर अनुमान गरिएको थियो।

ब्रायन हडसनले (सन् १८२४-१८४४) अभिलेख गरेको Oriental Bay Owl नेपालमा हालसम्म भेटिएको छैन्। यो प्रजाति नेपालबाट लोप भएको अनुमान गरिएको छ।

बच्चाहरू हुर्काउने समय तथा हिउँदका लागि भनेर खाना सञ्चय गर्ने अनौठो बानी समेत हुन्छ।

मृत भाषाको रूपमा चिनिने ल्याटिन भाषामा लाटोकोसेरोको लागि सातवटा नाम दिइएको छ। उलुला त्यसमध्ये एक हो।

भारतमा ३०, भुटानमा १९, पाकिस्तानमा १९, मालदिभ्समा १, बंगलादेशमा १५, श्रीलंकामा ८ प्रजातिका लाटोकोसेराहरू पाइन्छन्।

नेपालमा पाइने लाटोकोसेराहरूमध्ये भासोलुक प्रजातिले मात्रै गुँड बनाउने गर्दछन्।

भासोलुक प्रजातिको लाटोकोसेरोले दुम्सीको समेत शिकार गर्दछ।

यिनीहरूले १ देखि १४ वटासम्म फुल पारेको अभिलेख गरिएको छ तर, बढि मात्रामा २ देखि ५ वटासम्म फुल पार्दछन्। यिनीहरूको तौल ३५ ग्रामदेखि लिएर ४ किलोसम्म हुने गर्दछ। सबैभन्दा सानो लाटोकोसेरोको नाम 'एल्फ' हो जुन नेपालमा पाइँदैन। सबैभन्दा ठूलो प्रजाति हप्सिलो भने नेपालमा पनि पाइन्छन्।

संसार भरका लाटोकोसेरोहरूको जानकारीका लागि
www.owlpages.com

आवाजहरूका लागि
http://www.xeno-canto.org/

वैज्ञानिक अध्ययन र अनुसन्धानका लागि
www.globalowlproject.com

विश्वभर सञ्चालित अध्ययन र संरक्षणका परियोजनाको लागि
http://www.owls.org/

अन्तर्राष्ट्रिय लाटोकोसेरो केन्द्र (लाटोकोसेरो महोत्सव आयोजना, संरक्षणकर्मी र विज्ञहरूलाई सम्मान)
http://www.internationalowlcenter.org/

इटालीमा हुने लाटोकोसेरो महोत्सवको लागि
http://www.festivaldeigufi.it/

लाटोकोसेरोसहित संसारभरका शिकारी चराहरूका लागि
http://www.raptors-international.de/

नेपालमा लाटोकोसेरोको अध्ययन तथा संरक्षणका लागि
www.fonnepal.org
https://www.facebook.com/fonnepal2005/

मलेसियामा रहेको लाटोकोसेरोको संग्रहालय
https://www.youtube.com/watch?v=VL7U7ps4XY0

लाटोकोसेरो सम्बन्धि विविध जानकारी
http://www.owlworlds.com/

नेपालमा संरक्षित क्षेत्रभित्र लाटाकोसेरोसहित अन्य वन्यजन्तु अध्ययन तथा संरक्षणका लागि
http://dnpwc.gov.np/

नेपालमा संरक्षण क्षेत्र बाहिर लाटाकोसेरो सहित अन्य वन्यजन्तु अध्ययन तथा संरक्षणका लागि
http://dof.gov.np/

भारतमा अवैध चोरी शिकार तथा व्यापार सम्बन्धि अध्ययनको प्रतिवेदनका लागि
http://www.traffic.org/publications/imperilled-custodians-of-the-night-a-study-on-illegal-trade.html

# नेपालमा पाइने लाटोकोसेरोका चित्रहरू





गोठे लाटोकोसेरो
Common Barn Owl



घाँसे लाटोकोसेरो
Eastern Grass Owl



मलाहा हुचील
Brown Fish Owl



कैलो मलाहा हुचील
Tawny Fish Owl



चश्मे उलूक
Brown Wood Owl



कालपेचक
Brown Hawk Owl



चित्री उलूक
Collared Scops Owl



ठूलो डुन्डुल
Asian Barred Owlet



भासोलूक
Dusky Eagle Owl



महाकौशिक
Spot-bellied Eagle Owl



सानो डुन्डुल
Collared Owlet



लेकाली उलूक
Mountain Scops Owl



हिमाली हाप्सिलो
Eurasian Eagle Owl



हाप्सिलो
Rock Eagle Owl



कैलो पहाडी उलूक
Himalayan Wood Owl



कबरार उलूक
Mottled Wood Owl



डुन्डुल
Jungle Owlet



हिमाली कोचलगाँडे
Little Owl



कोचलगाँडे लाटोकोसेरो
Spotted Owlet



लोखर्के उलूक
Oriental Scops Owl



लघुकर्ण लाटोकोसेरो
Short-eared Owl



**लघुकर्ण लाटोकोसेरो**
Short-eared Owl - in flight



**लामकाने लाटोकोसेरो**
Long-eared Owl
(कहिलेकाहिं फिरन्तेको रूपमा देखा पर्ने)



**पिंगल लाटोकोसेरो**
Oriental Bay Owl
(नेपालमा १९ औं शताब्दिपछि देखा नपरेको)





म बिहान उठ्दा मानिसहरू सुतिरहेका हुन्छन् । बेलुकीपनि मानिसहरू सुतेपछि म बाहिरतिर निस्कन्छु । दिउँसो बाहिर निस्कन त मन लाग्छ तर, धेरै उज्यालोको कारणले राम्रोसँग देख्न सक्दिन । मलाई अलि शीतल र अरूले सहजै नदेख्ने ठाउँहरू मन पर्छ । फेरि दिँउसो काग, डाङ्ग्रे लगायतका चराहरूले अति दुःख दिन्छन् । कागले भन्दापनि गुलेली बोकेका भाइबहिनीले साह्रै हैरान पार्छन् । पोहर साल मेरो उड्ने बेलाको बच्चालाई खसाली पो हाले । असतीहरू ।

मैले मानिसलाई केही बिगार्दिन । बिहान उठाउँछु । मुसा, किरा खाएर अन्न जोगाइदिन्छु । तैपनि कुनले कताबाट समाएर अर्को देशमा बेच्ने हुन् पत्तै नहुने । गएको सालमात्र पाँचजना छिमेकीहरूलाई चीनतिर पुऱ्याएछन् । तिनीहरू फर्कने त अब त्यतिकै होला ।

उठ्नेबित्तिकै प्वाँखहरू मिलाउन अलि समय लाग्छ । मुसा मलाई असाध्यै मन पर्छ । मार्छु र केहीलाई त गुँडमा ल्याएर राख्छु पनि । मान्छेहरूले पोहर साल मेरो छिमेकीको गन्हायो भनेर गुँडको ढोका थुनिदिए । विवेक नभएका दुइ खुट्टेहरू ।

आजभोलि त मुसा खाँदा पनि विचार गर्नुपर्ने । विषादी हालेछन् कि क्या हो ? पेट दुखेर हैरान पार्छ । यसपाली दाइ पनि पेट दुख्यो भन्दै बित्नु भो । त्यति मात्रै हो र यसपालि मेरो पल्ला गाउँका आफन्तको घरमा आगो पो लाएछन् । सबै स्वाहा भयो । अर्काको जीवन त जीवन नै होइन भन्नेहरू छन् ।

असाध्यै चिसो हुँदा ठाउँ हेरेर बसाइँसराइ पनि गर्छु तर, धेरै टाढा भने जान्न । चैत-वैशाखतिर जोडी खोज्न तनावै हुन्छ । पहिला जस्तो सहजै प्रियतमाहरू कहाँ पाइन्छ र । हाम्रो संख्या पनि घटेको-घटेकै छ । बस्नलाई अर्काको प्वाल प्रयोग गऱ्यो, फुलपाऱ्यो, बच्चा हुर्कायो, यसरी नै बित्छ हाम्रो जिन्दगी । यो क्रममा सर्प, गोहोरो, अन्य चराहरूले कहिले फुलै खाइदिन्छन् भने कहिले बच्चाहरू नै सिकार गर्छन् ।

मैले मान्छेलाई केही नबिगार्दा पनि मानिसले मलाई देखि नसहने किन होला ? मेरो दैनिकी त तनावमा मात्रै बित्छ साथीहरू । मानिसहरू पनि हामी जसरी बाँच्नुपर्ने भए के गर्थे होलान् ?











# लाटोकोसेरोको निवेदन

मितिः २०७०। ०७। २१

श्रीमान् नाम जुराउने पुरेत बाजे
नेपाल पुरेत संघ
काठमाडौं

विषयः नाम नमिलेको बारे ।

महोदय,

सेवामा निवेदन के छ भने तपाइँले मलाई राख्नुभएको नाम पटक्कै सुहाउँदैन । त्यसैले तल उल्लेखित कारणहरूका आधारमा मेरो नाम परिवर्तन गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

पहिलो कुरा त म बोल्न सक्छु । राति राति तपाइँको घरमाथि आकाशमा मैले हु-हु गरी कराएको तपाइँले सुनेकै हुनुपर्छ । यसरी तपाइँको निन्द्रा समेत बिथोल्ने गरि जोडले बोल्न, कराउन सक्नेलाई 'लाटो' भन्न मिल्छ ?

अर्को कुरा म सिकारी चरो हुँ । साँझ परेपछि म सिकार खेल्न निस्कन्छु र रातभरि नै सिकार खेल्छु । यसरी रातभरि सिकार खेलेकाले दिउँसो मलाई थकाइ लाग्छ । म आराम गर्छु । चुप लागेर बस्छु । सायद तपाइँले मलाई यसरी आराम गरेर धुम्धुम्ती बसेको बेलामा देख्नुभयो होला । मलाई चल्नु, चटपटाउनु नगरी चुप लागेर बसेको देखेर 'लाटो' भन्नुभएको होला । तर, त्यो तपाइँको भूल हो । म लाटो भएको भए सिकार गर्न सक्थेँ र ?

थाहा छ? म तपाइँहरू भन्दा बढी सुन्न सक्छु । मेरो सिकारको हिस्साको सानो आवाज पनि म सुन्छु र उसलाई झम्टिन्छु अनि आफ्नो सिकार बनाइहाल्छु । मेरो पखेटा साह्रै नरमप्वाँखले बनेका हुन्छन् । त्यसैले अरू चरा झैं म उड्दा ठूलो आवाज आउँदैन । मेरो मुखबाट डरलाग्दो आवाज सुन्नेबित्तिकै मुसा, भ्यागुता डराएर भाग्न खोज्छन् । म यही मौकामा उनीहरूमाथि झम्टिन्छु । म उनीहरूमाथि झम्टिन लागेको थाहै पाउँदैनन् । म आफ्ना घुमेका तीखा चुच्चाले ठुङ्छु । बलिया पञ्जाले तिनलाई समातेपछि फुत्कन सक्ने कसको तागत ? थाहा पाउनुभयो मेरो सिकार गर्ने तरिका । म जस्तो तेजिलो दिमाग भएको फुर्तिलो र बाठो चराको नाम 'लाटोकोसेरो' रे । सुहाउँछ ? अहँ । पटक्कै सुहाउँदैन ।

अँ, अर्को कुरा तपाइँहरू मलाई लक्ष्मीको वाहन भनेर सम्मान पनि गर्नुहुन्छ । साथै 'उल्लु' भनेर गाली पनि गर्नुहुन्छ । के म मुर्ख छु ? मैले तपाइँहरूको बाली नष्ट गर्ने, किताब, कपी, कपडा काटेर धुरूक्क पार्ने मुसा मारेर कत्रो उपकार गरेको छु । प्लेग रोग फैलाउने मुसा समाप्त गर्न मद्दत गरेको छु । संसारबाटै प्लेग निर्मुल पार्न पनि मैले सहयोग पुऱ्याएको छु । थाहा छ ? एउटा पोथी मुसा वर्षमा छ/सात पल्ट सुत्केरी हुन्छे । यसले एक बेतमा छ सातवटा बच्चा पाउँछे । रातभरि सिकार खेलेर यदि मैले यी मुसा नमारिदिने हो भने संसारभरि मुसैमुसा मात्रै पनि हुन सक्थ्यो । मानवजातिकै कल्याणमा जीवनभरि लागिरहने तर, तपाइँहरू भने नाम उल्लु राख्ने ? साँच्चिकै छातीमा हात राखेर भन्नुहोस् तपाइँहरू उल्लु कि म उल्लु ?

श्रीमान् । तपाइँहरूले हामी चराको आवाजका आधारमा राखेका केही नाम ठिकै छन् । 'काका' गर्नेलाई 'काग', 'कुहुकुहु' गर्नेलाई' कोइली', 'काफल पाक्यो' भन्नेलाई 'काफल पाक्यो चरा' भन्नु ठिकै छ । यस आधारमा शेर्पा भाषामा मेरो नाम 'कुलढुव' राखिएको मेरो चित्त बुझेको छ । यसैगरि मेरो आवाजको आधारमा तामाङहरू मलाई 'मारकुभुलु' र थकालीहरू 'हङगुलु' भन्छन् । यी नामहरू चित्त बुझ्दा नै छन् तर, नेपालीमा भने मेरो नाम ठ्याम्मै मिलेको छैन ।

श्रीमान् ! तपाइँ मानिसहरू आफ्नो समाजमा लुत्रे कायरलाई 'वीरबहादुर' भन्नुहुन्छ । साह्रै गरिब मानिसको नाम 'धनपति' राख्नु हुन्छ । पढ्न नजान्नेको नाम 'विद्याकुमारी' हुन्छ । यस्तो झुटो कुरा तपाइँको समाजमा चले पनि हामी चराको समाजमा चल्दैन । न मेरो आवाजमा 'लाटोकोसेरो' सुनिन्छ न म 'लाटो' नै छु । न म 'मूर्ख' नै देखिन्छु । त्यसैले मेरो नाम 'लाटोकोसेरो' वा 'उल्लु' राखेकोमा मेरो चित्त बुझेको छैन । मेरो आवाज, स्वभाव, वर्ण, रूप, खुबी केहीका आधारमा पनि मलाई राखिएको नाम मिलेको छैन । त्यसैले मेरो आवाज, स्वभाव, क्षमतासँग मिल्ने नाम जुराई मेरो नयाँ नामाकरण गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

निवेदक
लाटोकोसेरो 'उल्लु'
विरानबस्ती, नेपाल

**(साभार : ध्रुव घिमिरेका बालकथाहरू)**

## राजु आचार्य



कास्कीको पोखरा-लेखनाथ महानगरपालिका-१३ का आचार्य २७ वर्षदेखि जैविक विविधता संरक्षण र शोधको काममा संलग्न रहि आएका छन् । वातावरण व्यवस्थापन, वन व्यवस्थापन र कृषि वनमा स्नातकोत्तर यिनले ब्वाँसो, जंगली चौरी, चिर कालीज, हिमाली गिद्ध, मानिस वन्यजन्तु सम्बन्ध, वन्यजन्तुको अवैध चोरीशिकारी आदिका बारेमा अध्ययन गरेका छन् । लोप भएको अनुमान गरिएको सुनौलो बिरालो, जंगली चौरीगाई, घोवा तथा वनगधा सम्बन्धी खोजीमा समेत उनको संलग्नता थियो । विगत नौ वर्षदेखि लाटाकोसेरोको शोध, अध्ययन, अनुसन्धान र संरक्षणमा संलग्न छन् । सोही कामका लागि यिनले अमेरिकाबाट सन् २०११ मा स्पेसल एचिभमेन्ट अवार्ड पाएका थिए । हाल 'प्रकृतिका साथीहरू' संस्थाका कार्यकारी निर्देशकको रूपमा कार्यरत यिनी विश्व लाटाकोसेरो कोष, बेलायतका नेपाल प्रतिनिधि समेत हुन् । उनका चरा सम्बन्धि दुइवटा पुस्तिकाहरू र छवटा वैज्ञानिक शोधपत्र, दर्जनौ अन्य लेखहरू प्रकाशित छन् ।

## यादव घिमिरे



दोलखाको गौरीशंकर गाउँपालिकाका घिमिरे हाल भक्तपुर बस्छन् । भौतिक शास्त्रमा स्नातक, वातावरण व्यवस्थापनमा स्नातकोत्तर र अक्सफोर्ड विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय वन्यजन्तु संरक्षण अभ्यास विषयमा पोस्ट ग्र्याजुएट डिप्लोमा गरेका यिनी वन बिरालाहरू (विशेषगरि ध्वाँसे चितुवा अनुसन्धान र संरक्षण), साना मांसाहारी, वनचौरी, ब्वाँसो, गिद्ध र मानव वन्यजन्तु द्वन्द विषयमा गहिरो रूचि राख्छन् । हाल अन्तर्राष्ट्रिय संरक्षण संघअन्तर्गत बिरालो तथा साना मांसाहारी विशेषज्ञ समूहमा सदस्य छन् । लोप भएको अनुमान गरिएको सुनौलो बिरालो र जंगली चौरीगाई शोध/खोजीमा उनको नेतृत्वदायी भूमिका थियो । विगत नौ वर्ष देखि लाटोकोसेरो तथा हुचीलको अध्ययन, अनुसन्धान र संरक्षणमा संलग्न उनी हाल 'प्रकृतिका साथीहरू' संस्थामा निर्देशकको (वन्यजन्तु अध्ययन र संरक्षण इकाई) रूपमा कार्यरत छन् । उनका तीनवटा वैज्ञानिक लेख र दर्जनौ अन्य लेखहरू राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा प्रकाशित छन् ।

# References (सन्दर्भ सामाग्री)


Acharya, R. (2016). Owl conservation in western hills of Nepal. Report submitted to Rufford Small Grants, UK.
Acharya, R. (2014).Conservation of owls in Nepal. Report submitted to Rufford Small Grants, UK.
Acharya, R. (2011). Owl conservation in Tanahun, Dhading and Kaski districts. Unpublished report submitted to Friends of Nature. Kathmandu, 13pp.
Acharya, R. and Ghimirey, Y. (2009). Assessment of status, threats and the ethno-ornithological relationship and its extension for the conservation of Owl in Nepal. Report submitted to Friends of Nature. Kathmandu,Nepal.
Ahmad, A. (2010). Imperiled custodians of the night: A study on the illegal trade, trapping and use of owls in India. TRAFFIC India/WWF India. New Delhi, India.
BCN & DNPWC (2017) Important Bird and Biodiversity Areas of Nepal. BCN and DNPWC, Kathmandu.
Blus, L.J. (1996). Effects of Pesticides in Owls of North America. Journal of Raptor Research, 30: 198-206.
De, A., Bose, R., Kumar, A. and Mozumdar, S. (2014). Targeted delivery of pesticides using biodegradable polymeric nanoparticles. Springer.
Dobremez, J .F, Vigny. F. & Williams, L.H .J. (1972). Bibliographie du Nepal, 3 (2), Sciences Naturelles, (Botanique) . Cah . Nepal . 5: 1-126 .
Duncan, J.R. (2003). Owls of the world. Firefly books.
FON (2016) Wildlife Hunting and Trade in Darchula and Mugu Districts. Report submitted to Friends of Nature, Kathmandu, Nepal 36pp.
Gosai, K. R., Koju, N. P. and Karmacharya, D. K. (2012). Local Perceptions about owls in Nepal- A case study of Bhaktapur District, Bhaktapur, Nepal. Report submitted to Friends of Nature, Kathmandu, Nepal. 26pp.
Kang T.H., Kim D.-H., Lee H., Cho H.-J., Hur W.- H., Han S.-H., Kim Y.-J., Paek W.-K., Jin S.-D. & Paik I.-H. (2013). Analysis of Home Range of Eurasian Eagle Owl (Bubo bubo) by WT-100. Journal of Asia-Pacific Biodiversity, 6: 369–373.
Khadka, M. (2016). Ethno-ornithological Study of Owls in Hemja of Kaski District, Nepal. Unpublished B.Sc thesis, Institute of Forestry, Hetauda.
Morris, D. (2009). Owls. University of Chicago Press, USA.
MoUD (2015) National Urban Development Strategy 2015. Kathmandu: Ministry of Urban Development, Government of Nepal. http://www.moud.gov.np/pdf/NUDS-2015-final-draft.pdf
Potter, L. (2004). Raptors for rodent control: Is the barn owl a viable control agent for pest rodents on South African farmlands? Unpublished M.Sc thesis. University of Cape Town, South Africa.
Puri, R. (2016). Wildlife Crime in Nepal: Analysis of Cases Reported in National Print Media. Unpublished B.Sc thesis, Institute of Forestry, Pokhara.
Sharma, D.R., Thapa, R.B., Manandhar, H.K., Shrestha, S.M. and Pradhan, S.B. (2012). Use of Pestcides in Nepal and Impacts on Human Health and Environment. The Journal of Agriculture and Environment, 13: 67-74.
Stainton, JDA. (1972) Forests of Nepal. John Murray, London.
UN DESA. (2014). World Urbanization Prospects: 2014 Revision. New York: United Nations Department of Economic and Social Affairs. http://esa.un.org/unpd/wup/FinalReport/WUP2014-Report.pdf
Wagle, S. (2011). Local perceptions about owls in Pokhara. Report submitted to Friends of Nature, Kathmandu, Nepal. 20 pp.


## Web links


http://turntoislam.com/community/threads/what-do-owls-symbolize.92522/
http://www.shiachat.com/forum/topic/235033150-are-owls-significant-birds-in-islam/
http://edb.kulib.kyoto-u.ac.jp/exhibit-e/otogi/fuku/fuku.html
http://www.macrameowl.com/owl_feng_shui.html
http://www.jatakkatha.com/buddhist-tales/buddhist-tale-owl-coronation.php
http://www.spiritanimal.info/owl-spirit-animal/
https://www.warpaths2peacepipes.com/native-american-symbols/owl-symbol.htm
https://www.scientificamerican.com/article/super-toxic-rat-poision-kills-owls/
http://www.environmentalhealthnews.org/ehs/newscience/owls-poisoned-with-pesticides-that-kill-rodents
http://www.owlrescue.supanet.com/First_Steps.htm
http://www.owlpages.com/owls/articles.php?a=81
http://www.hawk-conservancy.org/conservation-research/hospital/
http://www.internationalowlcenter.org/owls-humans/sickinjuredowls
http://www.barnowltrust.org.uk/picking-up-a-live-owl/how-to-check-barn-owls-for-injuries/
http://www.traffic.org/home/2008/11/12/huge-haul-of-dead-owls-and-live-lizards-in-peninsular-malays.html
http://www.independent.co.uk/arts-entertainment/films/harry-potter-blamed-for-indias-owl-crisis-2125708.html
http://www.dailymail.co.uk/news/peoplesdaily/article-3390159/Horrifying-images-owls-stuffed-plastic-jars-DROWNED-alcohol-heartless-vendors-make-traditional-Chinese-medicine.html
https://www.scientificamerican.com/article/super-toxic-rat-poision-kills-owls/



नाबु आचार्य / यादव घिमिरे

लाटोकोसेरो की बाठोकोसेरो ?

The Rufford Foundation
www.rufford.org

Friends of Nature FON 2005

ISBN 978-99937-0-2928-5